# वर्गदृष्टि

Bargadristi Weekly साप्ताहिक

वर्ष ६ अङ्क २२ पूर्णाङ्क २६० | २०७८ मंसिर १३ गते सोमबार | Monday, 29 Nov., 2021 | पृष्ठ ८ | मूल्य रू. १०।-


## एमसीसीको खारेजी, कालापानी क्षेत्रको जनगणना र मुल्यवृद्धि फिर्ताको माग गर्दै क्रान्तिकारी माओवादीको विरोधसभा सम्पन्न

काठमाडौं । "एमसीसी सम्झौता खारेज गर, लिम्पियाधुरा-कालापानी-लिपुलेक क्षेत्रमा जनगणना गर, पेट्रोलियम पदार्थ लगायतमा भएको मुल्यवृद्धि फिर्ता गर" भन्ने मूल नाराका साथ नेकपा (क्रान्तिकारी माओवादी)ले काठमाडौंको रत्नपार्क शान्तिबाटिकामा विरोधसभा सम्पन्न गरेको छ ।

विरोधसभामा नेकपा (क्रान्तिकारी माओवादी)का स्थायी समिति सदस्य तथा देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपालका महासचिव परि थापा, नेकपा (क्रान्तिकारी माओवादी)का पिविएम तथा प्रदेश ३ का इन्चार्ज दिनेश शर्मा सागर, अखिल नेपाल आदिवासी जनजाति महासंघका अध्यक्ष प्रा.डा. ओम गुरुङ र नेपाल राष्ट्रिय प्राध्यापक संगठनका अध्यक्ष प्रा.डा. जगदीशचन्द्र भण्डारीले विरोध मन्तव्य राख्नु भएको थियो ।

विरोध सभाको सञ्चालन इन्दिरा अधिकारीले गर्नु भएको थियो ।

विरोधसभाका बाँकी ७ पेजमा

# चुनावमा पैसाको खोलो, महँगीको मारमा जनता

काठमाडौं । प्रत्येक ५ बर्षमा हुने संसदीय व्यवस्था अन्तर्गतका तीनवटै तहको निर्वाचन फेरि आउँदैछ । संसदवादी राजनीतिक पार्टीलाई चुनावमा पैसा लगानी गर्ने उद्योगी, व्यवसायी र व्यापारीहरूले अहिले महँगी तीव्र रूपमा बढाएका छन् । विगतमा भएको चुनाव, राजनीतिक पार्टीहरूका महाधिवेशन र आगामी चुनाव उद्योगी, व्यापारी र व्यवसायीहरूले नै धान्नुपर्ने भएकोले पेट्रोलियम पदार्थ लगायत दैनिक उपभोग्य वस्तुहरूको मूल्य आकाशिएको विश्लेषण व्यवसायीहरूको छ । आफ्नो नाम नबताउने शर्तमा एकजना उद्योगपतिले भने, "हामीले प्रधानमन्त्री, मन्त्री देखि सांसद हुने सम्भावनाका व्यक्तिहरूलाई सर्तसहित लगानी गर्छौं । मन्त्री बनेपछि उनीहरूबाट हाम्रो उद्योग व्यवसायको अनुकूलको निमय कानुन बनाउन लगाउँछौं । अब फेरि चुनाव आउँदैछ । दलहरूका महाधिवेशन पनि चलिरहेकै छन् । सबै धान्ने हामीले नै हो । हाम्रो उद्योग व्यवसाय प्रमोसन त गर्नै पर्‍यो नि ।"

संसदवादी दलहरूले पैसाको खोलो बगाएर चुनाव जित्ने गरेका छन् । पार्टीको आन्तरिक अधिवेशनमा समेत पैसाको खासो बगाउन थालिएको छ । देश र जनतालाई दाउमा राखेर संसदवादी पार्टीका नेताहरूले दलाल पुँजीपतिसँग साँठगाँठ गरेर चुनावमा पैसाको खोलो बगाउने गरेका छन् । जसको चर्को मूल्य जनसर्वसाधारणले तिर्नु परेको छ ।

अहिले महंगी आकासिनुमा दलहरूका महाधिवेशन र आसन्न तीनवटै तहको चुनाव नै मुख्य रूपले जिम्मेवार रहेको राजनीतिक विश्लेषकहरूको पनि भनाइ छ । मंसिर ७ गते शान्तिबाटिकामा एक विरोध कार्यक्रमलाई सम्बोधन गर्दै नेकपा (क्रान्तिकारी माओवादी)का नेता दिनेश शर्मा सागर भन्दै हुनुहुन्थ्यो- अहिले महंगी बढ्नुको मुख्य कारण अहिलेको दलाल संसदीय व्यवस्था हो, संसदवादी राजनीतिक पार्टीहरू हुन् र उनीहरूले गर्ने चुनाव हो । उनीहरूले दलाल पुँजीपतिसँग मिलेर जनता लुट्ने गर्छन् ।

प्रत्येक चुनावअघि र चुनावपछि किन महंगी बढ्छ ? संसदवादी दलहरूतर्फ प्रश्न तेर्स्याउँदै उहाँ भन्दै हुनुहुन्थ्यो- चुनावमा बगाउने पैसाको खोलोको स्रोत के हो ? कर छली, तस्करी, माफियागिरी, भ्रष्टाचार, कमिसन मात्रै होइन चुनावमा दलाली पुँजीपतिहरूले गरेको लगानीका कारण पनि महंगी बढ्ने गरेको छ ।

महंगीले जनताको ढाड भाँचिदै गर्दा किन सत्तारुढ पार्टीहरू, प्रतिपक्षमा रहेका दलहरू चुँसम्म बोल्दैनन् ? जवाफ स्पष्ट छ- महंगी र कालोबजारीका लागि उनीहरूले पहिले नै अनुमति सहमति दिइसकेका छन् ।

२०७७ असोजका तुलनामा २०७८ असोजमा घ्यू तथा तेलमा ३१.६८ प्रतिशत, माछा तथा मासुमा ११.९३ प्रतिशत, दाल तथा गेडागुडीमा १०.१२ प्रतिशत, सुर्तीजन्य वस्तु र गैरमदिराजन्य पेय पदार्थमा ९.६३ प्रतिशत मूल्यवृद्धि भएको छ ।

पोहोरका तुलनामा सबै मुख्य खाद्य सामग्रीको भाउ औसत २० प्रतिशतभन्दा बढी भएको सहजै अनुमान लगाउन सकिन्छ ।

कोरोना महामारीका नाममा लकडाउन गरेयता अकासिएको तरकारीको भाउ तल ओर्लिंदै ओर्लिएन । एलपी ग्यास र पेट्रोलियमको भाउ एक वर्षदेखि बढेको बढ्यै छ । अन्तर्राष्ट्रिय बजारमा कच्चा तेलको मूल्यवृद्धिका कारण मात्र होइन, इन्डियन आयल निगमलाई एकल साहूका रूपमा स्थापित गरेपछि भारतमा महँगिँदा स्वाभाविक रूपमा त्यसको चाप पनि नेपालले ग्राहकका हिसाबले बेहोर्नुपर्ने हुन्छ । त्यसमाथि आन्तरिक रूपमा करमाथि कर थोपरेपछि मूल्य नबढ्ने कुरै भएन । पेट्रोलियम पदार्थको भाउ बढ्नुको अर्थ हो– सामान ढुवानी खर्च स्वतः बढ्नु । त्यसै पनि सार्वजनिक यातायातमा २८ प्रतिशतले भाडावृद्धि भइसकेकै छ । यसर्थ आगामी दिनहरूमा उपभोग्य सामग्रीको भाउ अझै अकासिने देखिन्छ ।

महामारीबारे कहालीलाग्दो तस्बिर उजागर गरेर तत्कालीन सरकार र सम्बन्धित बिचौलियाहरूले स्वास्थ्य क्षेत्रमा बृहत् परिमाणको कृत्रिम अभाव सृजना गरे । भनिरहनुपर्दैन, खाद्यान्न र स्वास्थ्य क्षेत्रमा विस्तार हुन पुगेको मुद्रास्फीतिको प्रभाव प्रत्यक्ष रूपमा आम नेपालीको जीवन पद्धतिमा पर्‍यो । यसले आम जनजीवनमा स्वास्थ्यसम्बन्धी विकराल समस्या पैदा भयो । मानिसहरू सडकपेटीमा भोकले मरेका भेटिए । कसैले बालबच्चासहित आत्महत्या पनि गरे । आम परिवारका लागि दुई छाकको के कुरा, एक छाक खानसम्म धौ-धौ पर्‍यो ।

नेपालमा प्रत्येक पटक गरिने आम निर्वाचन होस् या प्रदेश र स्थानीय निर्वाचन, ती सम्पन्न भइरहँदा महँगी अचाक्ली बढ्छ । लाग्छ, निर्वाचन मुद्रास्फीति बढाउनलाई गरिन्छ । अब त पार्टीहरूले सम्पन्न गर्ने बाँकी ५ पेजमा

## अमर गिरीले एमाले छोडे



काठमाडौं । नेकपा एमालेको केन्द्रीय अनुशासन आयोगका सदस्य तथा महाधिवेशन प्रतिनिधिसमेत रहेका प्रगतिशील लेखक सङ्घका पूर्व अध्यक्ष अमर गिरीले एमाले पार्टी परित्याग गरेको घोषणा गरेका छन् । एमालेको दशौँ महाधिवेशनको पूर्वसन्ध्यामा आजै एक प्रेस विज्ञप्ति जारी गर्दै गिरीले पार्टी परित्याग गरेको जनाएका हुन् ।

वक्तव्यमा उनले एमालेमा नवौं महाधिवेशनदेखि दक्षिणपन्थी चिन्तन बढेको, महाधिवेशनबाट पारित विचार, नीति, कार्यक्रम, कार्यदिशा विपरीत हिँड्न सुरु गरिएको र केपी ओली यस चिन्तनको केन्द्रमा रहेको आरोप लगाउँदै दक्षिणपन्थी विचलनको आफूले सदैव आलोचना गर्दै आएको बताएका छन् । उनले पार्टीमा यथास्थितिवादी चिन्तन, चरम व्यक्तिवाद, नेतृत्वको देवत्वकरण, नैतिक मूल्यको गम्भीर क्षय भएको पनि आरोप लगाएका छन् ।

'एमाले विभाजनपछि भएको विधान महाधिवेशनमा कमजोरीहरूको गम्भीर समीक्षा र त्यसलाई सच्याएर अघि बढ्ने प्रतिबद्धताको महाधिवेशन हुनुपर्थ्यो तर त्यसो भएन' वक्तव्यमा भनिएको छ । यही मङ्सिर १०-१२ मा हुन गइरहेको दसौं महाधिवेशनमा पनि गम्भीर राजनीतिक, वैचारिक छलफल, विगतका कार्यहरूको सिंहावलोकन, कमजोरीहरूको समीक्षा नभई नेतृत्व चयनमा केन्द्रीत रहेर सकिने भएकाले आफूले दक्षिणपन्थी विचलनका विरुद्ध विद्रोह गरेको गिरीले बताएका छन् ।

## क्रान्तिकारी पत्रकार महासंघको बैठक सम्पन्न

# पुस ४ गते राष्ट्रिय भेला गर्ने



काठमाडौं । क्रान्तिकारी पत्रकार महासंघको केन्द्रीय समितिको बैठक २०७८ मंसिर १०-११ मा काठमाडौंको घट्टेकुलोस्थित इच्छुक साँस्कृतिक प्रतिष्ठानमा सम्पन्न भएको छ । महासंघका अध्यक्ष इन्द्र राउतको अध्यक्षता र संगठनका सल्लाहकार समितिका संयोजक हिरामणि दुःखीको विशेष उपस्थितिमा सम्पन्न बैठकले लिएका महत्वपूर्ण निर्णयहरू प्रेस वक्तव्यमार्फत् सार्वजनिक गरिएको छ । महासंघका अध्यक्ष इन्द्र राउतले आइतबार जारी गरेको प्रेस वक्तव्यमा विभिन्न ८ बुँदामा बैठकले लिएका निर्णयहरू सार्वजनिक गरिएको छ ।

सम्पन्न बैठकले पौष ४ गते लुम्बिनी बाँकी ५ पेजमा

## क्रान्तिकारी माओवादीलगायत ७ वटा राजनीतिक संगठनको चितवनमा संयुक्त विरोध प्रदर्शन सम्पन्न

काठमाडौं । नेकपा (क्रान्तिकारी माओवादी), देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपाल, नेकपा (मसाल), राष्ट्रिय जनमोर्चा, नेकपा (माले), ऋषि कट्टेल नेतृत्वको नेकपा र राष्ट्रिय जनसरोकार मञ्चको संयुक्त आयोजनामा आज जुलुससहितको विरोध प्रदर्शन सम्पन्न भएको नेकपा (क्रान्तिकारी माओवादी)का केन्द्रीय सदस्य तथा चिवतन इन्चार्ज विकासले जानकारी दिनुभयो ।

उहाँका अनुसार १२ बजे चितवनको नारायणघाटबाट निस्किएको नाराजुलुससहितको विरोध प्रर्दशन पुलचोकको लाइन्स चोकमा पुगेर विरोधसभामा परिणत भएको थियो । विरोधसभालाई आयोजक पार्टी तथा संगठनका नेताहरूले सम्बोधन गरेका थिए ।

वक्ताहरूले राष्ट्रघाती एमसीसी सम्झौता खारेज गर्न, कालापानी क्षेत्रको जनगणना गर्न र पेट्रोलियम



पदार्थमा गरिएको मूल्यवृद्धि फिर्ता गर्न जोडदार माग गरेका थिए ।

कार्यक्रममा नेकपा (क्रान्तिकारी माओवादी)का जिल्ला सेक्रेटरी अशोक शार्मा, नेकपा (माले)का केस भगवती बाँकी ५ पेजमा

## क्रान्तिकारी पत्रकार महासंघले माइतीघर मण्डलामा गर्‍यो विरोध प्रदर्शन




काठमाडौं । क्रान्तिकारी पत्रकार महासंघले आइतबार विहान ९ बजेदेखि १० बजेसम्म एक घण्टा माइतीघर मण्डलामा विरोध प्रदर्शन गरेको छ । महासंघको शनिबार सम्पन्न केन्द्रीय समितिको बैठकले नेपाली मिडियामा प्रत्यक्ष र परोक्ष रूपमा बढिरहेको विदेशी लगानीको विरोधमा आइतबार विरोध प्रदर्शन गर्ने निर्णय गरेको थियो ।

'सञ्चारमाध्यममा वैदेशिक लगानी र सञ्चालन अनुमति बन्द गर' लेखिएको कालो ब्यानर र विभिन्न नाराहरू लेखिएका प्ले कार्डसहित विरोध प्रदर्शन गरेको हो ।

विरोध प्रदर्शनमा महासंघका पदाधिकारी, केन्द्रीय सदस्य र सल्लाहकारहरूको सहभागिता रहेको थियो ।

विरोध प्रदर्शनलाई सम्बोधन गर्दै क्रान्तिकारी पत्रकार महासंघका अध्यक्ष इन्द्र राउतले नेपालका सञ्चारमाध्यममा बढ्दो वैदेशिक लगानीले नेपालको स्वाधीनता र सार्वभौमिकतामा गम्भिर संकट उत्पन्न हुन सक्ने स्थिति बन्दै गएको बताउनु भयो । नेपालको कानुनको समेत धज्जी उडाउँदै भारतीय योग गुरु रामदेव यादवको लगानीमा 'आस्था नेपाल' र 'पतञ्जली नेपाल' नामका दुईवटा टेलिभिजन प्रधानमन्त्रीले नै उद्धाटन गर्नु गम्भिर आपत्तिको विषय भएको पनि अध्यक्ष राउतले बताउनु भयो ।

उहाँले भन्नुभयो, 'नेपालको स्वाधीनतामाथि विदेशी हस्तक्षेप बढेर गइरहेको अवस्थामा यसरी कानुनको समेत धज्जी उडाउँदै विदेशी लगानीका टेलिभिजन त्यो पनि प्रधानमन्त्री स्वयम्ले उद्धाटन गर्नु भनेको घोर आपत्तिको विषय हो ।'

उहाँले संसदवादी राजनीतिक पार्टी र नेताहरूको दलालीकरणसँग मिडिया र पत्रकारहरूको समेत दलालीकरण बढेको भन्दै नेपाली स्वाधीनताको लागि यो गम्भिर चुनौतीको रूपमा बाँकी ५ पेजमा

# वर्ग, राज्यसत्ता र क्रान्ति

*वर्गविभाजित समाजमा राज्यसत्ता भनेको वर्गीय स्वार्थको रक्षा गर्ने साधन हो । यसरी राज्यसत्ताले कि त शोषक तथा उत्पीडक वर्गको हितको संरक्षण गर्दछ या त शोषित तथा उत्पीडित वर्गको । शोषक र शोषित अथवा उत्पीडक र उत्पीडित दुवै थरी वर्गको स्वार्थको रक्षा गर्ने एउटै राज्यसत्ता हुनै सक्दैन । वर्ग निरपेक्ष राज्यसत्ता असंभव कुरा हो । यो राजनीति शास्त्रको आधारभूत प्रश्न हो र राजनीतिबारे थोरै मात्र चासो राख्ने जो कोही व्यक्तिले पनि यति कुरा बुझ्नै पर्छ*



● इन्द्रमोहन सिग्देल ●

आदिम साम्यवादलाई छाडेर मानव जातिको इतिहास भनेको वर्ग सङ्घर्षको इतिहास हो । दास-मालिक समाज, सामन्ती समाज, पुँजीवादी समाज सबै वर्गीय समाज हुन् । यी समाज क्रमशः दास-मालिक र दास, सामन्ती जमिन्दार र किसान, पुँजीपति र सर्वहारा वर्गबाट बनेका हुन्छन् । यी वर्गीय समाजमा दुई भिन्न वर्गका स्वार्थ विपरीत हुन्छन् र ती वर्गका बीचमा वर्ग सङ्घर्ष चलिरहन्छ । वर्गहरूको उत्पत्ति भएदेखि नै समाजमा वर्ग सङ्घर्ष चल्दै आएको छ र ती समाजमा एउटा वर्ग उत्पीडक र अर्को वर्ग उत्पीडित रहँदै आएका छन् । दास समाजमा दास-मालिकहरू, सामन्ती समाजमा जमिन्दार तथा राजा महाराजाहरू र पुँजीवादी समाजमा पुँजीपतिहरू राज्यको नेतृत्वदायी स्थानमा रहेका हुन्छन् । अर्थात् ती समाजमा क्रमशः दास-मालिकहरू, सामन्तहरू र पुँजीपतिहरूको स्वार्थको प्रतिनिधित्व हुने गर्दछ । दास-मालिक, सामन्त एवम् पुँजीपति वर्ग सम्बन्धित समाजका उत्पीडक वर्ग हुन् र दास, किसान तथा सर्वहारा वर्ग उत्पीडित हुन्छन् ।

उपरोक्त तीन प्रकारका वर्गीय समाज बाहेक मानव जातिले यहाँसम्म आउँदा समाजवादी समाजको पनि अनुभव गरेको छ । समाजवादी समाजमा पनि वर्गहरू हुन्छन् र वर्ग सङ्घर्ष चल्छ, तर त्यहाँ समाजको नेतृत्व सर्वहारा वर्गले गरेको हुन्छ । समाजवाद साम्यवाद भन्दा अगाडिको एउटा सङ्क्रमणकालीन चरण हो । यो चरणमा कम्युनिस्ट पार्टीको नेतृत्वमा सर्वहारावर्गले साम्यवादी समाजको आर्थिक आधार निर्माण गर्न र वर्ग तथा सत्ताको विलोपीकरणका लागि अर्थ-राजनीतिक भूमिका खेल्दछ । यसरी आदिम साम्यवादलाई छाडेर माजव जातिले अहिलेसम्म वर्गविहीन समाजको अनुभूति गर्न पाएको छैन ।

आदिम साम्यवादको गर्भबाट मानव समाजमा विपरीत स्वार्थ भएका वर्गहरूको उत्पत्ति कसरी भयो र राज्यसत्ता कसरी जन्मियो भन्ने पश्न निकै महत्वपूर्ण बाँकी ७ पेजमा

## सम्पादकीय

# सञ्चारमाध्यममा बढ्दो वैदेशिक लगानी

विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन २०७५ ले आमसञ्चारका माध्यमहरू (पत्रपत्रिका, रेडियो, टेलिभिजन र अनलाइन समाचार)का व्यवसायमा वैदेशिक लगानीलाई निषेध गरेको छ। तर हालै नेपाल सरकारका प्रधानमन्त्री शेरबहादुर देउवाले पूर्व प्रधानमन्त्रीद्वय माधवकुमार नेपाल र पुष्पकमल दाहाल प्रचण्डलाई समेत साँक्षी राखेर भारतीय योगगुरु रामदेव यादवका दुईवटा टेलिभिजन उद्घाटन गर्नुभयो। आफैले बनाएका कानुन र संविधानको ठाडो उलंघन गर्दै प्रधानमन्त्री देउवाले गरेको विदेशी टेलिभिजन उद्घाटन गरेपछि नेपालमा विदेशी लगानीका मिडियाहरू र नेपाली मिडियामा विदेशी लगानी ह्वात्तै बढेको अनुमान लगाउन गाह्रो छैन। रामदेवका टेलिभिजन उद्घाटन गरेपछि प्रधानमन्त्रीको व्यापक रूपमा आलोचना भएको छ तर प्रधानमन्त्री र उनको पार्टीले यस विषयमा केही बोलेको छैन।

सञ्चारमाध्यममले विचार निर्माण, जनमत निर्माण र आन्दोलन निर्माण गर्ने काम गर्छ। भूराजनीतिक हिसाबले निकै नै संवेदनशील अवस्थामा रहेको नेपालमा अहिले शक्तिराष्ट्रहरूको प्रत्यक्ष र परोक्ष रूपमा उपस्थिति बढेर गएको छ। उनीहरू नेपालमा आफ्नो स्वार्थको व्यवस्थापन गर्न भित्रभित्रै निकै नै सक्रिय भएर लागिरहेका छन्।

नेपाल चीन र भारत दुई विशाल राष्ट्रहरू, जो विश्व महाशक्ति राष्ट्र बन्ने होडमा रहेका छन्, को बीचमा रहेको छ। त्यसमा अहिलेको विश्व महाशक्तिको रूपमा रहेको अमेरिका चीनको बढ्दो प्रभावलाई रोक्न र सके अहिलेको चीनलाई छिन्नभिन्न पार्ने रणनीतिक योजनाका साथ नेपालमा उपस्थिति बढाइरहेको छ। अमेरिकाले आफ्नो रणनीति पूरा गर्न भारतको साथ लिएर नेपाली भूमि प्रयोग गर्न खोजिरहेको छ। त्यसका लागि बतावरण बनाउन उसले नेपालको सदनबाट एमसीसी सम्झौता पास गराउनलाई विशेष दबाब दिइरहेको छ। शक्तिराष्ट्रको दलाली गरेर नेपालको सत्तामा पुग्न र टिक्न अभ्यस्त भइसकेका यहाँका संसदवादी दलहरू एमसीसी सम्झौता सदनबाट पास गराउन तम्तयार देखिन्छन्।

यता भारतले आफ्नो विस्तारवादी नीतिको शिकार नेपाललाई बनाउँदै आएको छ। उसले नेपालको लिम्पियाधुरा, लिपुलेक, कालापानीलगायतको भूमिमा बर्षौंदेखि कब्जा जमाउँदै आएको छ। उक्त भूमिलाई उसले आफ्नो राजनीतिक तथा प्रशासनिक नक्सामा समेत समावेश गरिसकेको छ र चीनसँग लिपुलेक सम्झौता समेत गरिसकेको छ।

सिक्किम, भुटान तथा फिजीको मोडलबाट भारत नेपालमा आफ्नो प्रभुत्व स्थापित गर्न प्रयासरत छ। उसले नेपालको 'माइक्रो लेवल'मा समेत उपस्थिति जनाउँदै आएको छ। रामदेवका दुईवटा टेलिभिजन धर्म र योगको आवरणमा भारतको यही प्रभुत्ववादी मानसिकताबाट निर्देशित 'सप्ट पावर' हुन्। यी टेलिभिजन कालापानी क्षेत्र कब्जा गरेर बसेका भारतीय सेनाभन्दा खतरनाक हुन सक्छन्- नेपालको राष्ट्रिय स्वाधीनता र सार्वभौमिकताका लागि।

भारत र अमेरिकाको उपस्थिति नेपालमा बढ्दै गएपछि चीन पनि नेपालमा आफ्नो स्वार्थको व्यवस्थापन गर्न आफै अग्रसर भइरहेको छ। उसले पनि राज्य र जनस्तरमा सम्बन्ध विस्तार गर्ने अनेकन प्रयास गरिरहेको छ। र, पछिल्ला दिनमा नेपालमा अमेरिकी, भारतीय र चिनियाँ स्वार्थहरू टकराइरहेका छन्। नेपाल शक्तिराष्ट्रहरूको चेपुवामा पर्दै गएको छ र नेपालको स्वाधीनता र सार्वभौमिकतामाथि काला बादल मडारिइरहेका छन्। नेपाली जनमतलाई आफ्नो स्वार्थ अनुकूल बनाउन उनीहरूले नेपालको मिडिया र पत्रकारहरूलाई समेत 'सफ्ट पावर'को रूपमा प्रयोग गर्न खोजिरहेका छन्।

उल्लेखित पृष्ठभूमिमा त्यसमा पनि नेपालको कानुन र संविधानले नै निषेध गरेको नेपाली सञ्चारमाध्यममा विदेशी लगानी भित्रिनु र विदेशी मिडियाहरूले खुलमखुल्ला सञ्चालन हुने बातावरण बनाइनु घोर आपत्तिजनक मात्रै छैन यो अझ गम्भिर राष्ट्रघाती पनि छ। यस्तो राष्ट्रघातको मतियार बन्न पुगेका प्रधानमन्त्री देउवा र पूर्वप्रधानमन्त्रीहरूले कम्तिमा आम स्वाभिमानी नेपाली जनतासँग माफी माग्न जरुरी छ। साथै, नेपाली मिडियाहरूमा बढ्दो अपारदर्शी लगानी र बैदेशिक लगानीको छानबिन गरी नेपाली मिडियाभित्रको यथार्थ चित्र सार्वजनिक गर्न जरुरी छ।

देशको स्वाधीनता र सार्वभौमिकतामाथि खेलाची र खेलबाड गर्ने अधिकार कसैलाई छैन। देशको स्वाधीनता बचाउनु हरेक मिडिया र पत्रकारको आधारभूत दायित्व र कर्तव्य हो। यो दायित्व र कर्तव्यबाट नेपाली मिडिया र पत्रकारहरू कहिल्यै पनि विमुख हुनुहुँदैन।

परिवर्तनको सम्वाहक




सत्यतथ्य निष्पक्ष खबर तथा

विचारका लागि सधैं हेर्नें र पढ्ने गरौं।

www.moolbato.com

# सत्ता लिप्सामा रूमलिँदै वर्तमान सरकार



● पुष्प गोपाल श्रेष्ठ ●

***वर्ग–संघर्ष, सामाजिक क्रान्ति पुँजीवादबाट समाजवादमा रूपान्तरण आदिको सबै देशहरूमा समान आधारभूत सिद्धान्त हुन्छ। तर जतिबेला केही गौण तथा प्रधान सिद्धान्तमाथि आधारित भएर तिनको प्रयोगको कुरा आउँछ, त्यतिबेला प्रत्येक राष्ट्रमा भिन्नता दृष्टिगोचर हुन्छ। रुसमा भएको अक्टोबर क्रान्ति र चीनमा भएको नयाँ–जनवादी क्रान्ति त्यस्तै उदाहरण हुन्। आधारभूत सिद्धान्तको सन्दर्भमा यी दुबै क्रान्तिका थुप्रै भिन्नता छन्। उदाहरणका लागि रुसमा भए गरेको अक्टोबर क्रान्ति सहरबाट गाउँतिर विस्तारित भयो भने चीनमा भएको नयाँ जनवादी क्रान्ति गाउँबाट सहरतिर विस्तारित भयो। यी दुई क्रान्तिका थुप्रै भिन्नता मध्ये एक हो यो।***

आखिर सही बिचार कहाँबाट आउँछ ? के आकाशबाट फुत्त झर्छ ? अहँ त्यस्तो हुँदैन। के त्यो धर्तिबाट सुटुक्क पलाउँछ ? त्यसरी पनि पलाउँदैन। के त्यो हाम्रो दिमागमा आफसेआफ पैदा हुन्छ ? त्यस्तो पनि हुँदैन। सही बिचार त सामाजिक व्यवहारबाट पैदा हुन्छ। सामाजिक व्यवहार नै सही बिचारको निर्बिकल्प मुहान हो।

मान्छेको सामाजिक अस्तित्वले नै उसका बिचारको निर्धारण गर्छ। अर्थात् यसो भनुँ, जब आमजनताले अग्रगामी वर्गको सही बिचार आत्मसात गर्छ, तब त्यो बिचार समाज र संसारलाई बदल्ने भौतिक शक्तिमा बदलिन्छ। सामाजिक व्यवहारका क्रममा मान्छेले बिभिन्न प्रकारका सङ्घर्ष गरिरहेको हुन्छ। उसका सफलता र असफलताद्वारा प्राप्त अनुभवका आधारमा समृद्ध हुन्छ। ज्ञान सुरुमा इन्द्रीयग्राह्य हुन्छ। अर्थात्, मान्छेका पाँच ज्ञानेन्द्रीय - आँखा, कान, नाक, जिब्रो र छालाद्वारा वस्तुगत बाह्य संसारका असङ्ख्य घटनाको प्रतिबिम्ब मष्तिष्कमा ग्रहण गर्छ। अब धारणाका रूपमा रहेको ज्ञान अर्थात् बिचारले त्यही बेला छलाङ मार्छ, जब इन्द्रीयग्राह्य ज्ञान ठूलो परिमाणमा सङ्गहित हुन्छ। यो ज्ञान प्राप्तिको एउटा प्रक्रिया हो।

कुनै व्यक्तिको चेतना या बिचार (जसमा सिद्धान्त, नीति, योजना, उपाय पर्छ) ले वस्तुगत बाह्य संसारको नियमलाई सही रूपमा प्रतिबिम्बन गर्छ कि गर्दैन, यस चरणमा टुङ्गो लाग्दैन। यस चरणमा व्यक्तिको चेतना या बिचार सही छ या गलत भनेर खुट्याउन सकिंदैन। यस्को निम्ति ज्ञानप्राप्तिको दोश्रो चरण, जुन चरणमा हामी चेतनाबाट पदार्थतर्फ फिर्ता हुन्छौं, बिचारबाट अस्तित्व तर्फ फर्कन्छौं र पहिलो चरणमा प्राप्त ज्ञान सामाजिक व्यवहारमा उतार्छौं। जसबाट हामी हाम्रो सिद्धान्त, नीति, योजना र उपायले सफलता प्राप्त गर्न सक्छ कि सक्दैन भन्ने हेर्छौं। सामान्यतः जसमा जो सफल हुन्छ, ऊ सही ठहरिन्छ, जो असफल हुन्छ ऊ गलत हुन्छ। यो कुरा प्रकृतिसँग मनुष्यको सङ्घर्षका सन्दर्भमा विशेष रूपमा सत्य ठहरिन्छ।

हाम्रा कतिपय साथीहरू छन्, जो यो ज्ञान सिद्धान्त बुझ्दैनन्। उनीहरूको बिचार, अभिमत, नीति, तरिका, योजना र निष्कर्ष, त्यस्तै गरेर उनीहरूले गर्ने धाराप्रवाह भाषण र लामालामा लेखको मूल आधार वाक्य के हो भनेर सोधियो भने उनीहरूलाई यो प्रश्न नै अनौठो लाग्छ, उनीहरू नाजवाफ हुनपुग्छन्। न त उनीहरू पदार्थको चेतनामा रूपान्तरण र चेतनाको पदार्थमा रूपान्तरण हुन्छ भन्ने कुरा नै बुझ्न सक्छन्। जब कि यस प्रकारको छलाङ हाम्रो दैनन्दिनको जिन्दगीमा विद्यमान रहेको हुन्छ। खास उनीहरूमा यस प्रकारको कमी-कमजोरी रही आउनुको कारण के हो त भने द्वन्द्वात्मक भौतिकवादको गहिराइलाई बुझ्न नसक्नु हो।

वर्ग-सङ्घर्ष, सामाजिक क्रान्ति पुँजीवादबाट समाजवादमा रूपान्तरण आदिको सबै देशहरूमा समान आधारभूत सिद्धान्त हुन्छ। तर जतिबेला केही गौण तथा प्रधान सिद्धान्त माथि आधारित भएर तिनको प्रयोगको कुरा आउँछ, त्यतिबेला प्रत्येक राष्ट्रमा भिन्नता दृष्टिगोचर हुन्छ। रुसमा भएको अक्टोबर क्रान्ति र चीनमा भएको नयाँ-जनवादी क्रान्ति त्यस्तै उदाहरण हुन्। आधारभूत सिद्धान्तको सन्दर्भमा यी दुबै क्रान्तिका थुप्रै भिन्नता छन्। उदाहरणका लागि रुसमा भए गरेको अक्टोबर क्रान्ति सहरबाट गाउँतिर विस्तारित भयो भने चीनमा भएको नयाँ जनवादी क्रान्ति गाउँबाट सहरतिर विस्तारित भयो। यी दुई क्रान्तिका थुप्रै भिन्नता मध्ये एक हो यो।

नेपालमा पनि देशभक्त स्वाभिमानि नेपाली जनसमूदाय पटक पटक मुक्ति र स्वतन्त्रताको निम्ति जन-सङ्घर्ष र सशस्त्र सङ्घर्षमा दिलोज्यानले नउत्रेका होइनन्, उत्रेकै हुन्। तर हर सङ्घर्षका नेतृत्वदायी भूमिकामा रही आएकाहरू क्रान्तिकारी सिद्धान्तबाट बिचलित भई, आफ्नो व्यक्तिगत स्वार्थमा लिप्तभई पुँजीवादी सोचमा परिणत हुनु पुगेका छन्। जसको परिणाम, जुन वर्ग र व्यवस्थाको विरुद्ध सङ्घर्ष गर्‍यो अन्ततः उनै वर्ग र व्यवस्थासँगको सम्झौतामा क्रान्तिकारी सङ्घर्षहरू टुङ्ग्याउने क्रम निरन्तर भयो। यसको निम्ति हाम्रो सामू ज्वलन्त उदाहरणको लागि २००७ साल देखि २०६२-०६३ सालसम्म भए गरेका जन सङ्घर्ष र सशस्त्र सङ्घर्षलाई धोकाधडी दिँदै, देशमा प्रजातन्त्र र गणतन्त्र प्रादुर्भाव भयो भनि भ्रमपूर्ण घोषणा गरी ब्रह्मलुट गर्दै आइरहेको स्थिति छ।

नेपालमा त्यति बेलाको स्थिति, दुई तिहाई बहुमतीय सरकारको नेतृत्वकारी डबल नेकपाका अध्यक्ष कार्यकारी प्रमुख केपी शर्मा ओली (हाल एमाले) ले पुरै असंवैधानिक तौरतरिका अपनाउँदै आफ्ना आसेपासे (दास, दासिहरू) हरूलाई आफु वरिपरी एकतृत गरी देशको राज्यसत्तामा कब्जा जमाउँदै, देशको राष्ट्रिय स्वाधीनतामाथि साम्राज्यवाद, विस्तारवाद र विदेशी प्रतिक्रियावादीहरूको अत्यधिक चलखेलको आफु तमासे बनी गैरराजनीतिक हरकत भित्र गौरवान्वित हुँदै आइरहेको प्रष्ट देख्नमा आएको थियो। खासमा भन्नै पर्दा, यसैको परिणाम स्वरूप नेपालका आम जनसमूदायको स्थिति आजसम्म पनि चौतर्फी रूपमा जीवन मरणको जटिल समस्यामा जेलिएर जीवन यापन गर्न वाध्य हुन परिहेको छ।

देशमा बितिरहेको वर्तमान स्थितिलाई लिएर भन्ने हो भने संसद र संसदीय समितिका बैठकहरूमा देशको आवश्यक्ता अनुरूप सशक्त र प्रभावकारी भूमिका बिना जनताले तिरेको कर आँखा चिम्लेर हसुर्न यिनीहरूलाई लाज लाग्नु पर्ने हो। कामै नगरी राज्यकोषबाट सेवा सुविधा लिन नैतिक रूपले मिल्ने कुरो होइन र मिल्दैन। सत्तारुढ दलका विगतदेखिको क्रियाकलाप हेर्ने हो भने, जनताका काम होइन, भाषण र अहङ्कारी स्वरूप प्रदर्शन व्यतित भइरहेको छ। उनीहरूको आक्रोस, गालि-गलौजले पुरै समाजलाई प्रदुषित तुल्याएको छ।

मान्छे सामाजिक प्राणि हुनुको सँगै प्रकृतिकै उपज र सदस्य भएकाले, प्रकृतिसँग शत्रुता कायम गर्‍यो भने मान्छे पनि डढेलो लागेको बनको बाघ जस्तै असुरक्षित हुन्छ। कोरोना जिवाणु महामारीले त्यो पाठ सिकाएकै छ। वायु प्रदुषण गराउने मुख्य कारणमा, देशका गैरजिम्मेवार सरकारहरूको कार्यविधि बढ्दो अव्यवस्थित शहरिकरण, मापदण्ड बिपरितका कलकारखाना सञ्चालन, दिनानुदिन बन बिनाश अवैज्ञानिक एवम् अविवेकशील विकासका गतिविधि संचालन हुनु हो। त्यस बाहेक डिजलबाट सञ्चालित हुने गाडिको सङ्ख्या दिन प्रतिदिन बढिरहनु, आम जनतामा वातावरण संरक्षण र संवर्द्धनप्रति न्यून चासो हुनुले पनि काठमाडौं लगायत तराई र पहाडि क्षेत्रमा प्रदुषण बढिरहेको छ। वायु प्रदुषणले गर्दा काठमाडौंको परिचय 'विश्वकै सबैभन्दा प्रदुषित शहर' बन्नु भनेको चानचुने कुरा होइन। नेपालको वर्तमान संविधानको धारा ३० मा मौलिक हकको रूपमा स्वच्छ वातावरणको हकको व्यवस्था गरिएको छ। तर, देश र जनताप्रतिको गैरजिम्मेवार वर्तमान सरकारको क्रियाकलापले गर्दा यो देशका नागरिकहरू स्वच्छ र स्वस्थ वातावरणमा बाँच्न पाउने हक केवल कागजमा मात्र सिमित हुन पुगिरहेको छ।

देशमा परिवर्तनको नाउँमा संसदीय मूल्य र मान्यता भित्रका कम्युनिस्ट काङ्ग्रेस जोसुकै दलका नेता सत्तासिन हुन आइपुगे पनि जनतालाई यसो गर्नु, त्यसो नगर्नु भन्ने आदेश दिँदै गर्ने, तर आफुचाहिँ गतिछाडा तालले हिँड्ने तौरतरिकाले देशका आम जनतामा देशमा सरकार मौजुद रहेको आभाससम्म दिन सकिरहेका छैनन्। विगत कालमा देशभर दोस्रो कोरोना सङ्क्रमण देखा पर्नुसँग काठमाडौं उपत्यकामा सङ्क्रमितको दर बढ्दै जाँदा, सरकारले नै २५ जनाभन्दा बढी भेला हुन रोक लगाएको थियो। तर, सरकारी पक्षबाट नै आफ्नो आदेश, निर्देशन पालना गरिएन। भन्नुको मतलव प्रधानमन्त्री स्वयम् आफै उपस्थित भई निर्माण कार्य अधुरो छँदै धरहरा उद्घाटन गर्दैगर्दा कार्यक्रम स्थलभित्र भिड त थियो नै कार्यक्रम स्थल बाहिर पनि उद्घाटन हेर्न आउनेको उतिकै घुइँचो थियो। यो त भयो बाहिरको कार्यक्रम। यो भन्दा पनि सुन्दासम्म पनि दिक्क लाग्दो कुरा के हो भने, सरकारी प्रधानमन्त्री क्वाटर बालुवाटार भित्रबाटै स्वास्थ्य मापदण्ड उलङ्घन गर्दै बिभिन्न बैठक र भेला सञ्चालन गर्दै आएका थिए।

गर्नेलाई भन्दा देख्नेलाई लाज भने जस्तै हाम्रोमा प्रधानमन्त्री तथा मन्त्रीहरू नै यस्ता नियम उलङ्घन गरिरहेका छन्। विगत मन्त्रिपरिषद्को बैठकले मठमन्दिर, मस्जिद, चर्च लगायतका धार्मिक स्थलमा नित्यपूजा मात्रै गर्ने भिडभाड नगर्ने निर्णय गर्‍यो, तर प्रधानमन्त्री तथा मन्त्रीहरूले रामसीताको मन्दिर हस्तान्तरण सम्बन्धी धार्मिक अनुष्ठान गर्ने नाममा हजारौंको भिड गरे र हजारौंको लावालस्कर सहित प्रदर्शन देखाए। के यही हो जनताले सरकारसँग गरेको अपेक्षा ? जनताको अपेक्षा यस्तै बेमौसमी कामबाट परिपूर्ति हुन्छ ?

देशमा बितिरहेको वर्तमान स्थितिलाई लिएर भन्नुपर्दा यो सरकार नेपाल जनप्रतिनिधि अर्थात् नेपाली जनताले निर्माण गरेको नभै सर्वोच्च अदालतबाट निर्मित गरेको सरकारलाई नेपालको संप्रभुता र सार्वभौम सत्ता सम्पन्न राष्ट्रको नेतृत्व गर्ने यो शेरबहादुर देउवालाई कुनै अधिकार छैन। खासमा भन्ने नै हो भने सर्वोच्चको प्रधान न्यायाधिसलाई देशको प्रधानमन्त्री नियुक्त गर्ने अधिकार कसले दियो ? प्रधानमन्त्री नियुक्त गर्नुको सँगै मन्त्रीमण्डलमा भागबन्डा खोज्नु र नेपाल बार एशोसिएशनले भ्रष्ट र असक्षम भन्दै प्रधान न्यायाधिसको राजिनामा माग्दै जबसम्म राजिनामा दिँदैनन् तबसम्म अदालतको सम्पूर्ण कामकुरो ठप्प गर्ने निधो गरेको समेत सुन्नमा आएको छ।

शासनसत्तामा हाबी बन्दै आइरहेका कार्यकारी प्रमुख शेरबहादुर देउवाको सोच र कार्यविधि हेर्दा जनताको पिडालाई बुझ्न नचाहने र बुझेर आत्मसात गर्न नचाहने मानवता बिहीन शासकका कारण, अहिले दिनदिनै कोरोना सङ्क्रमण बढ्दै आइरहेको र संक्रमितहरूको मृत्युदर पनि बढ्दै गइरहेको छ। खासमा भन्नुपर्दा, यो कोरोनाले मारेको होइन। यो त शासकले गरेको नागरिक (जनता) हत्या गर्ने जस्तो जघन्य अपराध गर्न समेत पछि नपर्ने यी मानवता बिहीन भस्मासुर नै हो। जबसम्म जनताको पिडालाई आत्मसात गर्ने शासक र त्यसै अनुसारको शासन प्रणाली विकास हुन र गर्न सक्दैन, तबसम्म यसैगरी हामी मध्येका कैयौं असामायिक मृत्यु हुने निश्चित छ। यस्ता देश र जनविरोधीलाई शासनसत्तामा टिकाई राख्ने सत्तारुढ दल र प्रतिपक्ष दलहरू पनि कम जिम्मेवार छैनन्।

ध्वाँसे वर्तमान सरकारसँग विभिन्न खाले विकासका योजनाहरू त छ, योजना बनाउनु र जनतालाई सुनाउनु कुनै नौलो कुरा होइन। विकासका भाषण त पञ्चायती व्यवस्थामा पनि हुने गर्दथे। विकासको मूल फुटाउने नारा राजाको पालामा पनि सुनिने गर्थ्यो। अहिले देश र जनविरोधी देउवा भस्मासुर सरकार देशको राष्ट्रिय स्वाधीनता समुल नष्ट ध्वस्त पार्ने साम्राज्यवाद र विस्तारवादको दलाली गर्दै एमसीसी परियोजना सङ्घीय संसदबाट पास गर्न गराउन कम्मर कसेर लागि पर्दैछन् भने प्रचण्ड र ओलीका पिछलग्गुहरू बाहिर देखावटी रूपमा विरोधी भित्रभित्रै हातेमालो गर्दै यसै कार्यमा सङ्लग्न हुन दिलोज्यानले तत्परता देखाइरहेका छन्। देश र जनताको अपेक्षा यस्तै हावादारी कामकुरोमा निहीत रहेको छ।

दश वर्षे जनयुद्धको दौरानमा सत्र हजार युवा युवतीहरूको रगतको भेलमा डुबुल्की मार्दै शान्ति सम्झौताको नाममा देश र जनतालाई नाङ्गेझार पार्दै दुनिया सामू ती प्रतिक्रियावादीहरूले चुसेर फालेको हड्डीमा रुमलिंदै गर्दा बालुवाटारको एक कुनामा बसी कोसी पार गरी कुन माइकालालले गणतन्त्रीय व्यवस्था ल्याउला हेरौंन भनि खिशिटिउरी गरी बसेका लोकतन्त्र तथा गणतन्त्र विरोधी के.पी. शर्मा ओलीसँग मितेरी गाँसी आनन्दित मनले रमाउन पुगेका दुनिया मारा पुष्पकमल दाहाल प्रचण्डका मितेरी के.पी.शर्मा ओली अहिले गणतन्त्रलाई तोडेर नेपालमा राजतन्त्रलाई फर्काउने जमर्कोमा लागेर पुर्व राजा ज्ञानेन्द्रसँग मितेरी गाँस्न पुगेका छन्। खासमा भन्ने हो भने संसदीय दलका नेताहरू भरपर्दा छैनन्। किनभने नेपालका प्रगतिशील आम जनताको चासो राजतन्त्र होइन, जनगणतन्त्रीय राज्य व्यवस्थाको निम्ति सङ्घर्षशील रही आएका छन्।

सचेत स्वाभिमानी देशभक्त क्रान्तिकारी नेपाली जनसमूदायको चाहना भनेको देशमा सर्वहारा वर्गीय अधिनायकत्वमा आधारित जनवादी व्यवस्था कायम गरी सङ्घीय जनगणतन्त्रीय राज्यव्यवस्था मार्फत् देशमा आजसम्म पनि चौतर्फि रूपमा जीवन-मरणको जटिल समस्यामा जेलिएर जीवन यापन गर्न वाध्य नेपाली जनसमूदायलाई स्वतन्त्र र सौहार्दपूर्ण तौरतरिका अपनाई, प्रत्येक जनको आ-आफ्नो क्षमता अनुरूपको बिना भेदभाव काम र मामको व्यवस्था मिलाई सुख-सयल जीवन ज्युन पाउने स्थिति सृजना गर्न देशका तमाम क्रान्तिकारी कम्युनिस्ट, वाम्पन्थी एवम् सम्पूर्ण व्यक्ति समूह र पार्टीहरू एकजुट भई अग्रगामी क्रान्तिकारी छलाङ मारी अगाडि बढ्नु नै आजको राष्ट्रिय आवश्यक्ता हो। यो नै सबै क्रान्तिकारीहरूको मूल उद्देश्य रही आएको छ।०७८/८/३

*ताहाचल, काठमाडौं*

# सांसदहरुलाई ध्यानाकर्षण पत्र : केही अनुभव र केही अनुभूति



● खगेन्द्र छन्त्याल ●

ठुला र बलिया भनिने विस्तारवादी र साम्राज्यवादी रास्ट्रहरूले आफ्ना दलालहरू मार्फत् साना र कमजोर तर स्वतन्त्र र सार्वभौम सम्पन्न रास्ट्रको चिरहरण गर्नको निम्ति प्राय संसदलाई प्रयोग गर्ने गरेको देखिन्छ । त्यसबारे धेरै टाढा गैरहनुपर्दैन नजिकैको सिक्किमलाई हेरे पुग्छ । भारतीय विस्तारवादले आफ्नो दलाल काजी लेन्डुप दोर्जेमार्फत् संसदमा बहुमतको नौटंकी गरेर एउटा स्वतन्त्र सार्वभौम सम्पन्न रास्ट्र सिक्किमलाई सरलक्कै निल्यो ।

रास्ट्रघाती एमसीसी सम्झौताका पक्षधरहरूले आफ्नो स्थिति थप मजबुत बनाउनका निम्ति उक्त सम्झौतालाई संसदमा लगेर नेपालको कानुन सरह नै हुनेगरी संसदबाट अनुमोदन गर्ने तयारी गरिरहेको कसैसंग छिपेको कुरा होईन । यो अवस्थामा सांसदहरूको भूमिका अवस्य पनि अत्यन्तै महत्वपूर्ण हुन्छ । ठिक यहि परिस्थितिमा नै जनताका प्रतिनिधि भनिने सांसदहरूलाई आम जनताले देश र जनताको पक्षमा बिद्रोह गर्न खबरदारी गर्नु स्वभाविक हो ।

यद्यपि देश र जनताको मुक्तिको सवालमा हामीले संसदीय ब्यबस्था, त्यस अन्तर्गतको संसद र सांसदलाई बिस्वास गर्दैनौ । तथापि सांसदहरूलाई देश र जनताको पक्षमा बिद्रोह गर्नको निम्ति दवाव दिने तथा खरदारी गर्ने जनताका आन्दोलनको नेतृत्व गर्न पनि हामी क्रान्तिकारीहरू पछाडी पर्दैनौ । यहि पृष्ठभूमिमा हाम्रो गौरवशाली पार्टी नेपाल कम्युनिस्ट पार्टी (क्रान्तिकारी माओवादी) काठमाडौँ जिल्ला समितिले काठमाडौँ जिल्लाका दश वटै निर्वाचन क्षेत्र वाट प्रतिनिधि सभामा प्रत्यक्ष निर्वाचित तथा समानुपातिक प्रक्रिया वाट प्रतिनिधि सभामा निर्वाचित सबै सांसदहरू तथा रास्ट्रियसभा र प्रदेशसभामा काठमाडौँ जिल्ला वाट प्रतिनिधित्व गर्ने सबै सांसदहरूलाई एमसिसीको बिरुद्धमा बोल्न, ब्यापक जनमत तयार गर्न र त्यसको बिपक्षमा मतदान गर्नका निम्ति ध्यानाकर्षण पत्र बुझाउने कार्यक्रम सुनिस्चित गरेको थियो ।

पार्टीको निर्णय अनुसार कार्तिक १० गतेदेखि हामीले हाम्रो कार्यक्रम सुरु गर्नुपर्ने थियो । त्यसको निम्ति आवस्यक तयारीको निम्ति केहिदिन अघि देखिनै जुटियो । अभियानको निम्ति हामीले दुई प्रकारको तयारी गर्नु पर्दथ्यो जसअनुसार पहिलो आन्तरिक तयारी र दोस्रो बाहिरी तयारी । आन्तरिक तयारी अन्तर्गत हामीले पहिलो : एमसीसी सम्बन्धि हाम्रा ज्ञानलाई बढाउनु पर्दथ्यो । दोस्रो : अभियानको निम्ति निश्चित टिम निर्माण गर्नुपर्दथ्यो । तेस्रो : टिमलाई दैनिक खाना,खाजाको निम्ति आर्थिक ब्यबस्थापन गर्नु पर्दथ्यो । चौथो : सांसदहरूको विवरण संकलन गर्नुपर्दथ्यो । पाचौ : ध्यानाकर्षण पत्र तयार गर्नुपर्दथ्यो । त्यसको निम्ति हामीले स्वअध्यन द्वारा एमसीसी सम्बन्धि हाम्रा ज्ञानको भण्डारलाई ठुलो बनाउन प्रयत्न ग-यौ । त्यसपछि जिल्लामा कार्यरत प्रदेश सदस्य /सल्लाहकारहरू, नगर, ईलाका र बिशेष कमिटीका ईन्चार्ज/सेक्रेटरीहरू,जिल्ला जवस/मोर्चाका प्रमुखहरू रहेको २० जनाको एउटा पूर्णकालीन मुख्य टिम र त्यो मुख्य टिमलाई सपोर्ट गर्ने सहायक टिम को निर्माण गऱ्यौ । जुन ईलाकामा अभियान पुग्छ त्यो ईलाकामा कार्यरत जिल्ला सदस्यहरूको टिमले मुख्य टिमलाई सपोर्ट गर्ने गरि सहायक टिमहरू तयार गऱ्यौ । त्यसैगरी हामीले आवस्यक आर्थिक तयारी पनि पुरा गऱ्यौ । काठमाडौँ जिल्लाबाट तीन वटै संसद (रास्ट्रियसभा, प्रतिनिधिसभा र प्रदेशसभा) मा प्रतिनिधित्व गर्ने सबै ६१ जना सांसदहरूको विवरण संकलन गऱ्यौ । साथै सांसदहरूलाई बुझाउने ध्यानाकर्षण पत्र पनि तयार गऱ्यौ ।

आन्तरिक तयारी पुरा गरे पश्चात हामी बाहिरी तयारी पुरा गर्न तिर लाग्यौ । अभियानको निम्ति हाम्रो बाहिरी तयारी थियो सांसदहरूसंग सम्पर्क गरेर उहाहरूसंग भेट्ने मिति, समय र स्थान ठोस गर्नु र ती स्थानहरूको लोकेशन अध्यन गर्नु । आन्तरिक तयारी अत्यन्तै सहज ढंगले पुरा गरेका हामीलाई बाहिरि तयारी पुरा गर्न निक्कै गाऱ्हो भयो । पहिलो : सांसदहरूको फोन न उठ्ने, दोस्रो : सांसदहरूले समय नदिने अनेक बहाना गर्ने, तेस्रो : सांसदहरू आतंकित हुने, चौथो : सांसदहरूले निर्लज्ज ढंगले ढाट्ने । यी कारणहरूले गर्दा हामीलाई अभियानको बाहिरी तयारी पुरा गर्न फलामको च्युरा चपाउनु जस्तै भयो ।

हामीले सोचेका थियौ सांसदहरूलाई भेट्न गाह्रो हुनेछैन । ४ दिनमा काठमाडौँका सबै सांसदहरूलाई भेटेर ध्यानाकर्षण पत्र बुझाउन सकिन्छ । सोहीअनुसार नै हामीले कार्तिक १० गते देखि १३ गते सम्मलाई यो कामको निम्ति समय छुट्याएका थियौ । तर तयारीको क्रममा अर्थात सांसदहरू संग सम्पर्कको क्रममा हामीले बुझ्यौ सांसदहरूलाई भेट्न त्यति सहज छैन रहेछ । देशको एउटा जिम्मेवार राजनैतिक पार्टीको संस्थागत निर्णय अनुसार उक्त पार्टीका जिम्मेवार र सचेत नेता कार्यकर्ताहरूको टिम ले एउटा महत्वपूर्ण रास्ट्रिय एजेन्डामा आफ्नो जिल्लाका सांसदहरूलाई भेट्न यति मुस्किल हुदोरहेछ भने सहजै अनुमान गर्न सकिन्छ दुर दराजका गाउ बस्तीका अशिक्षित र अचेत भोका,नाङ्गा जनताले आफ्नै प्रतिनिधि भनिएका सांसदहरूलाई कसरी भेटिरहेका छन होला ? सायद नेपालमै होला जनताले चुनेर पठाएको भनिएका सांसद ( कथित जनप्रतिनिधि ) हरूलाई जनताले केवल १५ मिनेट भेट्नलाई यति मुस्किल हुने । तथापि हामि अभियानमा निक्लियौ ।

कार्तिक १० गते देखिको अभियानको निम्ति सांसदहरूको समय ब्यबस्थापनको लागि हामीले उहाहरू संग कार्तिक ७ गते देखि नै सम्पर्क गरेका थियौ । पहिलो दिन कार्तिक १० गतेको निम्ति निक्कै गाह्रो गरि हामीले ६ जना सांसदहरू भीमसेनदास प्रधान, दिव्यमणि राज भण्डारी, रामबिर मानान्धर, मुकुन्द न्यौपाने, मायादेवी न्यौपाने र बिना कुमारी श्रेष्ठ संग समय मिलायौ । उक्त दिन बिहान ८ बजे सांसद रामबिर मानान्धरले बालाजु बाईपास स्थित आफ्नै निवासमा हामीसंग भेटघाट गर्नुभयो । अत्यन्तै सहज ढंगले समय दिनुभएका सांसद मानान्धरले आफ्नो निजि कार्यालयमा हामीलाई न्यानो स्वागत गर्नुभयो । बिहानीको चिसोमा सांसद मानान्धरको तातो चियाले शरीर तताउदै हामीले हाम्रा कुराकानी सुरु गऱ्यौ । सुरुदेखिनै निरन्तर आफ्ना कुरा राख्या राख्यै गर्नुभएका सांसद मानान्धरलाई हामीसंग समय एकदमै थोरै भएको जानाकारी ग-यौ र बिषय प्रवेश गर्न अनुमति माग्यौ । किनकि हामी ८ बजे उहाको कार्यालयमा छिरेका थियौ । उता होटेल यल्लो प्यागोडा जमलमा ८ :३० मा सांसद भीमसेनदास प्रधान संग भेट्ने समय मिलाइएको थियो । सुरुमा उहाको माग अनुसार हामीले हाम्रो टिम को परिचय दियौ । त्यसपछि सामान्य भूमिका सहित हामीले ध्यानाकर्षण पत्र उहालाई बुझायौ । निक्कै सरल र सहज देखिने सांसद मानान्धरले ध्यानाकर्षण पत्र बुझ्दै हाम्रो अभियान प्रति एक्यबद्दता जनाउनुभयो । उहाँले एमसीसीको प्रसंगमा सधै देश र जनताको पक्षमा रहने प्रतिवद्धता जनाउनुभयो । देश र जनता प्रतिको आफ्नो जिम्मेवारीमा सचेत देखिनुभएकोमा खुशी प्रकट गर्दै सहज ढंगले समय दिनुभएकोमा सांसद रामबिर मानान्धर लाई हार्दिक धन्यवाद ब्यक्त गर्दै हाम्रो टिम उहाको कार्यालय बात निस्कियो ।

हामी हतार हतारमा होटेल यल्लो प्यागोडा, जमल पुग्यौ । त्याहाँ पुग्दा ८:४५ भएको रहेछ । हामीले हाम्रा साधनहरूलाई होटेल यल्लो प्यागोडाको भूमिगत पार्किंग स्थलमा राखेर सांसद भीमसेनदास प्रधानलाई फोन ग-यौ । सांसद प्रधानले मेरो अर्को काम प-यो त्यसकारण आज म आउन सकेन भोलि ८ :३० मा त्यही ठाउमा भेटौ तपाईलाई मैले म्यासेज गरेको थिए नि ? भन्नु भयो । हुन्छ भन्दै फोन काटेर मैले मेरो म्यासेज बक्स हेरें । आज समय मिलेन भोलि ८:३० मा सोहि ठाउमा भेटौ भनेर ८:२७ मा उहाको म्यासेज आएको रहेछ म मोटर साईकलमा भएकोले थाहा भएन । भेट्ने निर्धारित समय भन्दा ३ मिनेट अघि मात्र एकपक्षिय ढंगले कार्यक्रम रद्ध गर्दा अर्को पक्षलाई त्यसको असर त पर्नेनै भयो । तर ठिकैछ कहिलेकाही त्यस्तो भैहाल्छ भनेर हामीले सांसद भीमसेनदास प्रधानलाई भोलि नै भेट्ने सल्लाह ग-यौ र हामी मंडीखाटार तिर लाग्यौ ।

९ :३० मा मंडीखाटार स्थित आफ्नै निवासमा सांसद दिव्यमणि राजभण्डारीलाई भेट्ने हाम्रो योजना बनेकोथियो । सांसद राजभण्डारीले सुरुमा त भेट्न हिच्किचाउनु भएको थियो र उहा भन्दै हुनुहुन्थ्यो भीमसेनदास प्रधान या गगन थापा मध्य कुनै एकजना सहित भेटौ । तर पछि उहाले आफ्नै निवासमा एकल भेट गर्न सकिने जानाकारी गर्नुभयो र सोहि अनुसार योजना निर्माण भएको थियो । सांसद राजभण्डारीले दिनुभएको लोकेशन अनुसारनै हामी मंडीखाटार स्थित सुजाता कोईरालाको घर अगाडी पुगेर उहालाई फोन गरियो । सुजाता कोईरालाको घर संगै जोडीयर निक्कै फराकिलो कम्पाउण्ड सहित बनेको आलिशान महल नै उहाको निवास रहेछ । गेट खोल्न र बन्द गर्न कै निम्ति चौकीदार राखिएको रहेछ । गेट निर नै चौकीदार घर (पालेघर ) पनि बनेको रहेछ । करिव २० मिनेटको पर्खाई पश्चात गेट खोलेर पाले दाईले हामीलाई कम्पाउण्ड भित्र प्रवेश गर्ने अनुमति दिए ।

हामी गेट भित्र प्रवेश गरेर तिन कदम मात्र हिडेका थियौ सांसद राजभण्डारी हामीलाई भेट्न त्यही आईपुग्नुभयो । हामीले शोचेका थियौ कतै बसेर कुराकानी गरिनेछ तर सांसद ज्युले त्यही उभिएर नै कुरा सुरु गर्नुभयो । हाम्रो टिमलाई उहाले ठट्यौलीमा भन्नुभयो यति ठुलो टिम किन ? यति धेरै युवाहरू कहिँ कतै रोजगारीमा लागेमा देशलाई राम्रो हुनेथियो । हामीले ठ्ट्यौलिमै जवाफ दियौ हामी देश र जनता कै काममा लागिरहेका छौ माननीय ज्यु । हामीले ध्यानाकर्षण पत्र बुझायौ तत्पश्चात सांसद राजभण्डारीले भन्नुभयो एमसिसीमा केहि त्यस्ता खतरनाक बुंदाहरू छन जसले राष्ट्र र जनताको हित गर्दैन त्यसलाई सच्याउनुपर्दछ । फोनमा कुरा हुदा उहाले हाम्रो पार्टीका नेता स्थाई कमिटिका सदस्य कमरेड गौरव संग एमसीसीको सवल र दुर्वल पक्षको वारेमा कुराकानी भैरहेको बताउनु भएकोथियो सोहिकुरा भेटघाटमा पनि दोहो-याउनुभयो । राष्ट्रहितको निम्ति कामगर्ने तपाईहरूको स्प्रिट सह्रानीय छ उहाले थप्नुभयो । हामीले उहासंग बिबाद गर्नु आवस्यक ठानेनौ एमसीसी सच्याउने भन्दापनि खारेजीको निम्ति तपाईले संसद भित्र लड्नु प-यो हामी सडक बात तपाईलाई साथ् दिन्छौ भन्यौ उहाँ खिस्स हास्नु भयो मात्र, बोल्नुभएन । अन्त्यमा हामीले ध्यानाकर्षण पत्र बुझेको हस्ताक्षर गर्न आग्रह ग-यौ ,उहाले मान्नुभएन । उहाले हास्दै भन्नुभयो ध्यानाकर्षण पत्र बुझेको फोटो खिच्नुस त्यही हुन्छ प्रमाण । हामीले फोटो खिच्यौ र समय दिएकोमा धेरै धेरै धन्यवाद भन्दै उहासंग बिदा भयौ । सांसद राजभण्डारी संग बिदा हुदा करिव ११ बजेको थियो त्यसकारण हाम्रो टिम ले खाना खाने निधो ग-यो । सुकेधारामा खाना खादै उक्त दिनको निम्ति समय लिएका सांसदहरू संग सम्पर्क गर्ने प्रयास गरियो । तर दुख्खको कुरा कुनै सांसदहरूले हाम्रो फोन उठाउनु भएन । सांसदहरू मुकुन्द न्यौपाने ,मायादेवी न्यौपाने,बिना कुमारी श्रेष्ठ कसैको फोन उठेन । अर्को दिन पनि हामीले फोन ग-यौ तर उहाहरूको फोन उठेन ।

अभियानको दोस्रोदिन ११ गतेका निम्ति हामीले ५ जना सांसदहरू भीमसेनदास प्रधान,कृष्ण गोपाल श्रेष्ठ, कृष्ण कुमार राई ,अञ्जना विशंखे,सरिता न्यौपाने संग समय मिलायका थियौ । अघिल्लो दिन सांसद भीमसेनदास प्रधानले अचानक भेटघाट कार्यक्रम रद्ध गरेको कारण आज हाम्रो तर्फबाट भएको कमजोरीको कारण फेरि कार्यक्रम रद्ध नहोस भनेर हामी सचेत थियौ । त्यसैले हाम्रो टिम बिहान ७:३० बजे नै जमल चोकमा केन्द्रित भयो । ८: ३० मा होटेल यल्लो प्यागोडामा भेटघाटको समय निर्धारण गरिएकोहुदा हाम्रो टिम ८:१५ मा होटेल यल्लो प्यागोडा पुग्यो । निर्धारित समय ८:३० मा सांसद प्रधान आउनु भएन । ८: ४० सम्म पनि उहा नआउनुभय पश्चात हामीले उहालाई फोन ग-यौ तर उहाले फोन उठाउनु भएन । ९ बजे सम्म हामीले फेरिपनि फोन ग-यौ फेरिपनि उहाको फोन उठेन ।

बरु एउटा रमाईलो प्रसंग थपियो त्याहा । साधा पोशाकका प्रहरीहरूले हाम्रो निगरानी गरिरहेको हामीले संकेत पायौ । शंका लागे पश्चात एकजनालाई किन याहा आएको भनेर सोध्यौ उसले केहि कुरा बतायो । उसले भन्यो तपाईहरूले सांसद भीमसेनदास प्रधानलाई एमसीसी सम्बन्धि ध्यानाकर्षण पत्र बुझाउदै हुनुहुन्छ भन्नेकुराको जानाकारी भएको कारण मलाई अफिसले पठाएको । हामीले फेरि सोध्यौ तपाइको अफिसले कसरी जानाकारी पायो ? उसले भन्यो त्यो त मलाई थाहा हुदैन । उसले थप भन्यो तपाई हरू त चिनेकै मान्छे हो नि । हामीले पनि काठमाडौँमा कार्यरत केहि साधा पोशाक वालाहरू लाई त चिनेकै थियौ तर उनि नचिनेका परेछन ।

सांसद प्रधानले फेरि घात गरेको अनुभूति गर्दै हामी ९:१५ मा थानकोट तिर लाग्यौ । थानकोटमा हामीले सांसद अञ्जना विशंखेलाई भेट्यौ । उहाले हामीलाई अत्यन्तै सहज ढंगले समय उपलव्ध गराउनुभयो । सांसद प्रधानको कारण हामीलाई उहाले १ घण्टा कुर्नु प-यो र पनि उहाले कुनै अप्ठ्यारो महसुश गरेको देखिएन । हामीसंग उहाले अत्यन्तै हार्दिकता र आत्मियता प्रदर्शन गर्नुभयो । हाम्रो अभियानलाई अत्यन्तै सकारात्मक काम भन्दै संसद् वाट हामी कुनैपनि हालतमा एमसीसी पारित हुन् दिदैनौ भनेर हामीलाई थप उत्साहित बनाउनुभयो । हामीले एमसिसीको बिरुद्ध तपाईहरू सदनमा लड्नुस हामी सडकमा लड्छौ यो लडाई तपाई हामी मिलेर जित्नुपर्दछ भन्यौ । उहा संग बिदा भएर हाम्रो टिमले कुपन्डोल पुगेर खाना खायो । खाना खाएर हाम्रो टिम बानेस्वर चोक तिर लाग्यो । बानेस्वर चोकको एउटा क्याफेमा हामीले पहिले सांसद सरिता न्यौपाने र त्यसपछि सांसद कृष्ण राईलाई अलग अलग भेट्यौ । उहाहरू दुवै जनाले हाम्रो अभियानको सह्राना गर्दै संसद् वाट एमसीसी पारित नहुने कुराको ठोकुवा गर्नुभयो । हामीले भन्यौ तपाईहरूले एउटा सांसद मात्र होईन देश भक्त सांसदको परिचय दिनुपर्ने वेला आएकोछ । हामीलाई पूर्ण रूपमा आशाछ तपाईहरूले आफुलाई एउटा देशभक्त सांसदको रूपमा देश र जनताका बिच उभ्याउनुहुनेछ ।

सांसद कृष्ण राई संग छलफल चलिरहेकै वेला सांसद जीवनराम श्रेष्ठले हामीलाई फोन गर्नुभयो । बिहान उहाले १:४५ मा बानेस्वर स्थित संसद भवनको गेट निर भेटौला भन्नु भएको थियो । उहाको शोच सायद गेटमा पर्चा लिनदिन जस्तो गरौ भन्ने थियो । हामीलाई त्यसोगर्नु राम्रो लागिरहेको थिएन । फोनमा हामीले हामि बसिरहेको क्याफेको नाम भन्यौ जो संसद भवनको गेटको ठिक अगाडी थियो । साथै सांसद कृष्ण राई पनि हाम्रै साथमा हुनुभएको जानाकारी ग-यौ । उहाले बिचमै फोन काट्नु भयो । सांसद राई संगको बसाई पछि अर्थात १५ मिनेट पछि हामीले उहालाई फोन ग-यौ तर उहाको फोन उठेन । बरु सांसद जीवनराम श्रेष्ठले हामीलाई भेट्न दिएको समय र स्थानमा एउटा पुलिस भ्यान र बर्दिधारी एक दर्जन प्रहरीहरू देख्यौ । ति प्रहरीहरू र पुलिस भ्यान हाम्रै निम्ति आएको भन्नेकुरा हामीले सजिलै बुझ्दथ्यौ । त्यसकारण हामीले हामि हाम्रो काममा ढुक्क संग लाग्ने दमन गर्न आए प्रतिरोध गर्ने सल्लाह ग-यौ । सांसद श्रेष्ठलाई पुनः फोन गरियो उठेन । त्यसपछि हामि क्याफे वाट निक्लियौ बर्दिधारी प्रहरीहरूको आमनेसामने हुदै हामि हाम्रो पार्टी कार्यालय कुपन्डोल तिर लाग्यौ । अर्कोदिन १२ गते बिहान सांसद श्रेष्ठलाइ पुन : फोन गरियो, उहाको फोन उठेन ।

त्यहि दिन साँझ ४ बजे हामीले एमाले जिल्ला कार्यालय चावहिलमा सांसद कृष्ण गोपाल श्रेष्ठलाई भेट्यौ । भव्य भवनको चौथो तल्लामा उहाहरूको ब्यबस्थित कार्यालय रहेछ । कार्यालयको एकजना स्टाफ रमाईलो स्वभावको हुनुहुदोरहेछ । उहालाई भेटेर हामीले आफ्नो कामवारे जानाकारी ग-यौ । हामिले 'नो एमसीसी' लेखेको रातो टिसर्ट लगाएका थियौ । हामीलाई बैठक कोठामा लिएर जाने क्रममा ठट्टा गर्दै उहाले भन्नुभयो यो एमसीसी भन्ने शव्द हामीलाई देख्न पनि मन लाग्दैन तपाईहरूले देखाई दिनुभयो खै के खै के ? हामीले पनि ठट्टा गर्दै जवाफमा लौ राम्रो भयो हामिलाई पनि त्यस्तै हुन्छ भन्यौ ,उहा मज्जाले हास्नुभयो । लगत्तै सांसद श्रेष्ठ आउनुभयो उहासंग अभिवादन साटासाट ग-यौ । हामीले हाम्रो टिमको परिचय दियौ । हाम्रो पार्टीका केन्द्रिय सदस्य तथा जिल्ला ईन्चार्ज कमरेड सरुले हाम्रो अभियानको उद्देस्य र ध्यानाकर्षण पत्र बुझाउनुको कारणवारे सम्क्षिप्तमा कुरा राख्नुभयो तत्पश्चात हामीले ध्यानाकर्षण पत्र बुझायौ । पत्र बुझ्दै सांसद श्रेष्ठले आफ्नो बिचार राख्नेक्रममा तपाईहरूको यो देशभक्तिपूर्ण स्प्रिटको अत्यन्तै सम्मान गर्दछु भन्नुभयो । साथै उहाले भन्नुभयो एमसीसी सम्बन्धि प्रस्ताव यो संसदमा आउदैन अब हुने चुनाव पछि बन्ने संसदमा मात्र एमसीसी सम्बन्धि प्रस्ताव आउन सक्दछ । त्यतिवेला मैले तपाईहरू जो याहा मलाई सचेत बनाउन आउनु भएकोछ सबैको अनुहार सम्झनेछु अनि तपाईहरूको सल्लाह बमोजिम नै देश र जनताको हितमा निर्णय गर्नेछु । माओवादी केन्द्र र मसाल नेतृत्व प्रति तिब्र असन्तुस्ति व्यक्त गर्दै हाम्रो पार्टीको सिद्दान्त र ब्यबहार बिचको तालमेल तथा नेतृत्वको कुशलता र ईमान्दारिताको लामो शब्दमा प्रसंशा गर्नुभयो । उहाले हाम्रो महासचिवको स्वास्थ्य स्थितिकोवारेमा चासो राख्नुभयो र उहाको उपचार खर्चको सम्बन्धमा हरतरहले सहयोगको निम्ति पहल गर्न चाहेको कुरा पनि व्यक्त गर्नुभयो । साथै तपाईहरू मार्फत उहालाई सिघ्र र पूर्ण स्वास्थ्यलाभको कामना सहितको संदेश पठाउन चाहन्छु भन्नुभयो ।

१३ गते बिहान हामीले सांसद राजन केसीलाई भेट्यौ । उहाले दिनुभएको लोकेशन अनुसार नै हामि उहाको निवासमै रहेको सोल्टीमोड स्थित कार्यकक्षमा पुगेर उहालाई भेट्यौ । अत्यन्तै हार्दिकता पुर्वक उहाले हामि संग भेटघाट र गफगाफ गर्नुभयो । हामीले उहालाई एमसीसी देश र जनताको पक्षमा नभएको कारण त्यसको बिरुद्धमा बिद्रोह गर्न आग्रह गर्दै ध्यानाकर्षण पत्र बुझायौ । उहाले हाम्रो एमसिसीको बिरुद्ध संचालित यो अभियानको प्रशंसा गर्दै देश र जनताको अहित हुनेकाममा आफु कहिल्यै सहभागी नहुनेकुरा गर्नुभयो । सम्क्षिप्त भेटघाट पश्चात सांसद राजन केसी संग छुट्टियौ र हामी हाम्रो पार्टी कार्यालय कुपन्डोल तिर लाग्यौ ।

सांसद ईस्वर पोख्रेल संग फोन सम्पर्क हुन् सकेन । उहाको स्वकीय सचिवले समय मिलायर हामीसंग सम्पर्क गर्ने बचन दिनुभयो तर आजसम्म सम्पर्क गर्नुभएकोछैन । सांसद गगन थापा संग पहिलो पटक सम्पर्क गर्दा उहा सिन्धुपाल्चोकमा हुनुहुदोरहेछ । उहाले काठमाडौँ फर्केर हामीसंग सम्पर्क गर्नेकुरा गर्नुभयो तर तिन दिन सम्म उहाले सम्पर्क नगरे पश्चात हामीले नै उहा संग सम्पर्क गर्न खोज्यौ तर सम्पर्क हुन् सकेन । अर्को दिन हामीले सम्पर्क ग-यौ उहा बिरामी हुनुहुदोरहेछ म बिरामी भएर लड़िरहेकोछु उठे पछि म आफै सम्पर्क गर्छु भन्नुभयो । हामीले उहाको सिघ्र स्वास्थलाभको कामना गर्दै उहाको फोनको प्रतिक्षा गर्ने कुरा ग-यौ । तर आज सम्म हामीलाई उहा वाट सम्पर्क भएकोछैन । सांसद प्रकाशमान शिंह संग पनि सिधा सम्पर्क हुनसकेन । उहाको स्वकीय सचिवले समय मिलाएर हामीलाई सम्पर्क गर्ने कुरा गर्नुभयो तर सम्पर्क गर्नुभएन । सांसद माधव नेपालको पनि त्यस्तै भयो उहाको स्वकीय सचिवले पनि हामीलाई सम्पर्क गर्ने उधारो बचन दिनुभयो । सांसद मायादेवी न्यौपानेले सम्पर्कको क्रममा आफ्नो पार्टी एमालेले एमसिसीको वारेमा कुनैपनि गतिबिधि नगर्न निर्देशन दिएकोकारण हामीसंग भेट्न नसक्ने जानाकारी गर्नुभयो । सांसद मुकुन्द न्यौपानेले भेट्ने समय र स्थान ठोस गर्नको निम्ति उहा आफैले दिएको समयमा फोन गर्दा फोन उठाउनु भएन । त्यसपछि पनि कैयौ पटक फोन गरियो तर उहाको फोन उठेन । सांसद रेनुका गुरुङ संग पहिलो पटक सम्पर्क भयो र बिषय बस्तु राखियो त्यसपछि पटक पटक सम्पर्क गर्ने प्रयास गरियो तर सम्पर्क हुनसकेन । सांसद बिना कुमारी श्रेष्ठ संग पनि त्यस्तै भयो । सांसद बिन्दा पाण्डे संग फोन संवाद भएन । उहा संग म्यासेजमा कुराकानी भयो । हामीले ध्यानाकर्षण पत्रको वारेमा जानाकारी गरायौ । उहाले आफु बिरामी भएकोकारण भेटघाट गर्न नसक्ने कुरा गर्नुभयो । सांसद सुजिता शाक्य संग सम्पर्क हुनसकेन । त्यस्तै काठमाडौँ वाट संसदमा प्रतिनिधित्व गर्दै सरकारमा पुग्नुभएका माननीय मन्त्रीहरू राजेन्द्र श्रेष्ठ,शशि श्रेष्ठ र राम कुमारी झाक्रीलाई भेटेर ध्यानाकर्षण पत्र बुझाउने हाम्रो योजना पनि अधुरो नै रहयो ।

रास्ट्रियसभा,प्रतिनिधिसभा र प्रदेशसभा गरि तिनवटै संसदमा काठमाडौँ वाट प्रतिनिधित्व गर्ने सवै ६१ जना सांसदहरूलाई भेटेर ध्यानाकर्षण पत्र दिने हाम्रो अभियान हामीले निश्चित गरेको चार दिनमा असम्भव देखियो । कमसेकम प्रतिनिधिसभामा काठमाडौँ वाट प्रतिनिधित्व गर्ने २२ जना सांसदलाई मात्र ध्यानाकर्षण पत्र दिन सकिन्छ कि भनेर कोशिश ग-यौ त्यो पनि सम्भव भएन । यसको कारक माथि उल्लेख गरेका सांसदहरूका चार कारण नै रहे ।

निश्चित गरेको ४ दिनको समयावधिमा हामीले जम्मा ७ जना सांसदहरूलाई मात्र भेट्न सक्यौ । संख्याको प्रश्नमा थोरै देखियतापनि बिचार दृष्टिकोणको प्रश्नमा संसदमा प्रतिनिधित्वगर्ने सवै पार्टी हरू र तिनका सवै सांसदहरूको बिचार दृष्टिकोणको प्रतिनिधित्व ति ७ सांसदहरूले गर्दथे भन्ने हामीले अनुभूति गरेकाछौ । तथापि हामीले हाम्रो अभियानको समयावधिलाई सच्यायकाछौ र अभियानलाई समापन होईन स्थगन गर्ने निर्णय गरेकाछौ । अत : सांसदहरूलाई ध्यानाकर्षण पत्र बुझाउने हाम्रो अभियान आवस्यकता अनुसार निरन्तर चलिरहनेछ ।

# कांग्रेस-कम्युनिस्ट बद्नाम बनाउने चर्चित काण्डहरू

❑ उज्वल प्रकाश

नेपालको संसदीय व्यवस्था भ्रष्टाचारको पर्याय बनेको छ। यो व्यवस्थामा पटक पटक सत्तासीन हुन पुगेका काग्रेस र कम्युनिस्टका नेताहरूले पार्टी र व्यवस्थाकै बद्नाम गरेका छन्। २०७४ फागुन ४ गते दुईतिहाई जनमतसहित सत्तासिन भएका एमाले अध्यक्ष केपी शर्मा ओलीको बहिर्गमन भएको छ। केपी ओलीले एकातिर कम्युनिस्ट, अर्कोतिर लोकतन्त्र अनि सिंगो नेपालको समेत बद्नाम गरे। ट्रान्सपरेन्सी इन्टरनेश्नलले उनलाई भ्रष्टाचारीहरूको नाइके भएको घोषणा गर्‍यो। ४० महिनासम्म देशको तालाचाबी आफ्नो हातमा लिएका ओलीको पालामा ३० वटा चर्चित भ्रष्टाचारका काण्डहरू मच्चिए। जुन निम्नअनुसार रहेका छन् :

*१. ३३ किलो सुन काण्ड*

३३ किलो सुन तस्करीमा संलग्न वास्तविक अपराधी नजिक पुग्न लागेको समयमा अनुसन्धान अधिकारीहरूलाई बालुवाटारमै बोलाएर पहिले सुन पत्ता लगाउन प्रधानमन्त्री ओलीले निर्देशन दिएका थिए। उनले अनुसन्धानलाई नै प्रभाबित बनाउने गरी सुन पत्ता नलगाएसम्म ब्यक्तिलाई अनुसन्धानको लागि भन्दै पक्राउ गरेर अनावश्यक दुःख दिएको भन्दै रोष प्रकट गरेका थिए। यसपछि अनुसन्धान अधिकारीहरू उक्त कार्यबाट पछि हटेका थिए। लगत्तै उनले अनुसन्धानको नेत्तृत्व गरेका गृहका सहसचिबलाई अध्यागमन बिभागको महानिर्देशकमा सरुवा गरिदिएपछि उक्त अनुसन्धान बिचैमा तुहिन पुगेको थियो। त्यसपछि पक्राऊ परेकाहरू पनि क्रमशः छुटाउँदै लगियो।

*२ निर्मला हत्या काण्ड*

कन्चनपुर उल्टाखामकी १३ वर्षिया बालिका निर्मला पन्तको बलात्कारपछि हत्या भएको घटनालाई ढाकछोप गर्न प्रहरी संयन्त्रले ठूलो भूमिका निर्बाह गर्दा पनि ओली सरकारले त्यसको यथोचित छानबिन गरेन। कतिपयले अपराधीलाई सरकारकै संरक्षणका रूपमा आजसम्म पनि बुझेका छन्। यो काण्डमा भिआइपी वा उनीहरूका आफन्त वा छोराहरूको संलग्नता भएको आशंका छ। वास्तविक अपराधी पक्राउन गर्नतिरभन्दा घटनालाई ढाकछोप गर्नतिर राज्य संयन्त्रले बढी जोड गर्दा अपराधी अहिलेसम्म पत्ता लागेको छैन भने निर्मलाका परिवारले अहिलेसमम न्याय पाएका छैनन्।

*३. एनसेल कर काण्ड*

ओली एनसेलको कर छुट काण्डमा पनि नराम्रोसँग मुछिएका छन्। सञ्चार सेवा प्रदायक कम्पनी एनसेलबाट असुल गर्नुपर्ने ७२ अर्व कर ओलीले ठूलो कमिशन लिएर मिलाई दिएको आरोप छ। कमिशनको भागबण्डामा कर छुट गरेर नेपाली जनताले तिरेको पैसामा ब्रम्हलुट गरेको र सार्बजनिक कोषलाई ठूलो नोक्सान पुर्‍याएको उनीमाथि आरोप छ। एनसेलले चुनावमा नेतालाई २० अर्वभन्दा बढी चन्दा दिएकोले चन्दा रकम फिर्ता नभए कर तिर्न नसक्ने भनी चुनौति दिंदासमेत ओली सरकार रहस्यमयढंगले मौन रहन गएको छ। त्यत्रो चन्दा लिने ब्यक्ति वा पार्टीको बारेमा सोधनी र सार्वजनिक गर्न नसक्नुले अर्बौं चन्दा असुलीमा उनैको संलग्नतालाई बल पुर्‍याएको छ।

*४. पप्पु कन्सट्रक्सन काण्ड*

ओलीका अति बिस्वास पात्र नेकपा एमालेका नेता तथा तत्कालीन भौतिक योजना मन्त्री रघुबीर महासेठका नातेदारको पप्पु कन्स्ट्रक्सनले खर्बौंको ठेक्का पाएर सयौं बिकासका आयोजनाहरू अलपत्र पारेपछि त्यसको देशब्यापी बिरोध भयो। ओली सरकारमाथि पप्पु कम्ट्रक्सनलाई कानुनी दायरामा ल्याएर अलपत्र योजना सम्पन्न गराउन दबाब पर्‍यो। उक्त ठेकेदार कम्पनीले मोबिलाइजेशन वापत राज्य कोषबाट लिएको अबौं रकम फिर्ता गर्न माग गरियो। त्यो रकम पप्पुले अन्यत्र लगानी गरेको सार्बजनिक हुदासमेत ओली सरकारले त्यसप्रति बेवास्ता मात्र होइन, बालुवाटारमा दिनहुँको आथित्यता गराइरह्यो। फलतः राज्यले खर्बौं नोक्सानी पुग्न गयो। रहस्यमय कुरा त के देखियो भने मिलेमतोमा उसैलाई पुनः अर्बौंको ठेक्का दिइयो। अहिले पनि ओलीको किचेन क्याबिनेटको ठेकेदारका रूपमा चिनिएको पप्पुले सार्बजनिक कोषलाई खर्बौं रकम नोक्सान पुर्‍याएको छ।

*५. टेलीकम फोरजी काण्ड*

ओली सरकारको अर्को ठूलो भ्रष्टाचारको काण्ड भनेको फोरजी ठेक्का प्रकरण हो। यो काण्डमा ओलीले ठूलो रकम हात पारेको आरोप लागेको छ। तथ्यले यसको पुष्टि पनि गर्छ। प्रकरणअनुसार टेलीकम सेवाप्रदायक निजी कम्पनी एनसेलले ६ अर्वमा गराएको फोरजी ठेक्कालाई सरकारी स्वामित्वको नेपाल टेलिकमले १८ अर्बमा चिनको हुवावे कम्पनीलाई ठेक्का लगाएको थियो। राज्यलाई १२ अर्ब नोक्सान गराएर गरिएको ठेक्काका लागि प्रधानमन्त्री ओलीका अति बिस्वास पात्र तथा तत्कालीन सन्चारमन्त्री गोकुल बास्कोटाको सक्रियता थियो। ओलीको निजी निबास बालकोटमा बसेर मन्त्री बास्कोटाले यो ठेक्काका बारेमा सम्झौता गरेको बताइएको छ।

*६. यती होल्डीङ्ग काण्ड*

तत्कालीन राजपरिवारको नाममा रहेको गोकर्णमा रिसोर्टसहित नेपाल ट्रष्टको नाममा आएको ३७ सय रोपनी सरकारी जग्गामध्ये सरकारले २७ सय ९२ रोपनी जग्गा आगामी ३० वर्षका लागि यति होल्डिङ कम्पनीलाई भाडामा दिने निर्णय गर्‍यो। प्रधानमन्त्री केपी ओली ठाडो आदेशमा मन्त्रिपरिषद्ले यसबारेम निर्णय गरेको थियो। यति ठूलो परिणामको सरकारी जग्गा बिना टेन्डरमा कौडीको भाउमा भाडामा दिएर अर्बौं रकम भ्रष्टाचार गरेको आरोप लागेको छ। यति होल्डिङलाई बर्षको प्रतिरोपनी १५ हजारमा उक्त जग्गा भाडामा दिइएको हो। यो जग्गा त्यसअघि नै ट्रस्टले गोकर्णेश्वर नगरपालिकासँग बार्षिक प्रतिरोपनी ५ लाख १३ हजारमा भाडामा लगाएको थियो। यस हिसाबले ओली सरकारले यति कम्पनीलाई प्रतिरोपनी करिब ५ लाख कममा भाडा लगायो। जसबाट ट्रष्टले बार्षिक एक अर्ब ४० करोड नोक्सानी ब्यहोर्नु परेको छ।

*७. बालुवाटार जग्गा प्रकरण काण्ड*

प्रधानमन्त्री निवास बालुवाटारमा रहेका ललिता निवासको जग्गा हडप्न पार्टीका महासचिब बिष्णु पौडेलको भूमाफियासँग संलग्नता पुष्टि भयो। बिष्णु पौडेलले काम गरिदिएबापत कमिसनस्वरूप उनका छोरालाई जग्गा दिइएको देखियो। यसको सप्रमाण समाचार सार्वजनिक हुँदासमेत पौडेललाई संरक्षण मात्र गरिएन उनलाई मर्का परेको भन्दै अर्को ठाउँको सरकारी जग्गा दिने षडयन्त्र गरियो। यो खासमा भूमाफियाको बचाऊ गरिएको थियो। ओली सरकारकै कारण सरकारको २ खर्व बराबरको सम्पत्तिमा नोक्सानी पुर्‍याएका भूमाफियाहरू लामो समयसम्म कानुनी कठघरामा आएनन्।

*८. वाइडबढी घोटाला काण्ड*

वाइटबडी जहाज खरिद प्रकरणमा तत्कालीन नागरिक उड्यन तथा पर्यटनमन्त्री रविन्द्र अधिकारीसमेतको संलग्नता देखियो। मन्त्री अधिकारीसमेतको मिलेमतोमा भुक्तानी दिदा ६ अर्ब बढी भ्रष्टाचार गरेको संसदीय छानविन समितिले ठहर गर्‍यो। यही प्रतिवेदन बुझाएपछि ओलीले यसलाई अस्वीकार गरेर अर्को छानविन समिति बनाए। यसको कारण के रहेछ भने प्रधानमन्त्री ओलीकै दबाबमा मन्त्री अधिकारीले भुक्तानी गरेका रहेछन्। अर्को छानबिन समिति बनाएर यति ठूलो भ्रष्टाचार काण्ड नै ढिसमिस पारिएको छ।

*९. गुठी बिधेयक काण्ड*

गुठी बिधेयक काण्ड ओली सरकारको अर्को ठूलो नीतिगत भ्रष्टाचार गर्ने उद्देश्यको काण्डको रूपमा परिचित छ। परम्परादेखि साँस्कृतिक, धार्मिक संरक्षणका दृष्टिले चल्दै आएका गुठीहरूको हजारौं रोपनी जग्गा खोसेर भूमाफिया, तस्कर र आफ्ना अन्धसमर्थकलाई बाँड्ने योजासहित ओली सरकारले यो बिधेयक ल्याएको थियो। नेवार समुदायको संस्कृति समेत मास्ने उद्देश्यले आएको यो बिधेयकलाई नेवार समुदायले कडा प्रतिवाद गरेपछि ओली सरकार पछि हट्न बाध्य भयो।

*१०. यातायात सिण्डीकेट काण्ड*

नेपालको यातायात व्यवसायमा कायम रहेको गैरकानुनी सिण्डीकेट हटाउने भनेर ओली सरकारले सुरुवातीमा वाहवाही कमायो। कानुनीरूपमा बर्जित यातायात क्षेत्रको सिन्डीकेटकै कारण बस्तु तथा सेवाको मूल्य बृद्धि भएको र यात्रुलाई सवारी साधन छनोटको अधिकारबाट बन्चित गरिएको परिप्रेक्ष्यमा यसले जनताको समर्थन ह्वात्तै जुटायो। ठूलो प्रचारबाजी गरेर जनताको समर्थन लिए पनि ओली सरकार रहस्यमयढंगले यो निर्णयबाट पछि हट्यो। यति मात्र होइन, सिण्डीकेटलाई थप मजबुद र कडा बनाउने कार्यमा सरकारको सहमति रह्यो। यो क्षेत्रका ब्यबसायीहरूले ठूलो रकम दिएर सरकारलाई आफ्नो निर्णयबाट पछि हटाएको ब्यबसायीहरूले नै बताउने गरेका छन्। सिण्डीकेट गरे रुट परमिट खारेज गर्ने, दण्ड जरिवाना गर्ने, गाडी नविकरण नहुने जस्ता सूचना सार्बजनिक गरेर तत्कालीन यातायात व्यवस्था मन्त्री रघुबीर महासठले मन्त्रालयबाहिर ब्यबसायीसँग निरन्तर भेटघाट गरेका थिए। यसलाई निकै सन्देहपूर्णढंगले हेरिएको थियो। केही समयपछि सरकारले सिण्डीकेटको 'स' पनि उच्चारण गर्न छाड्यो

*११. मिडिया काउन्सिल बिधेयक काण्ड*

सत्तासिन भएपछि ओलीले सारा अंगलाई आफ्नो बसिभूतमा पार्ने र अधिनायबादी शासन सन्चालनको सपना देखेको जोकसैले अनुभब गरेको छ। यसका लागि उनले सबभन्दा पहिले प्रेस क्षेत्रको घाँटी निमोठ्ने योजना बनाए। प्रेस स्वतन्त्रता समाप्त नपारेसम्म एकदलीय अधिनायकवादी शासन लाद्न सम्भब थिएन। यसैले ओलीकै निर्देशनमा पत्रकारलाई समाचार लेखेकै कारण पाँचवर्ष जेल र पन्ध्रलाख रूपैयाँसम्म जरीवाना हुने बिधेयक तत्कालीन सञ्चारमन्त्री गोकुल बाँस्कोटाले प्रस्तुत गरे। यस्तो प्रेस बिरोधी निरंकुश कदमको नेपाल पत्रकार महासंघ, नेपाल प्रेस युनियन, मिडिया नेपाल, पत्रकारका संघ संगठन र देश बिदेशबाट यसको तीव्र बिरोध भएपछि सरकार पछि हट्न बाध्य भयो।

*१२. होली वाइन काण्ड*

दक्षिण कोरियाका बिवादास्पद क्रिश्चियन धर्म प्रचारक मुनकी धर्मपत्नी शिन ओकजुबाट वर्ल्ड पिस फेडेरेशन नामक क्रिश्चियन मिशनरीले काठमाण्डौमा बिश्व सम्मेलन गरायो। अनौठो के थियो भने यो धर्म प्रचारक अन्तर्राष्ट्रिय गैरसरकारी संस्थको सम्पूर्ण खर्च ओली सरकारले ब्यहोर्‍यो। अझ ओलीले मुनको बिर्य मिसाइएको होली वाइन खाएको चर्चाले देशको बदनाम भयो। यो कार्यक्रम सफल बनाउन प्रधानमन्त्री ओली दुई दिनसम्म कार्यक्रमस्थल सोल्टी होटलमा नै बसे। दक्षिण कोरियामा जसुसी अपराधमा पाँच वर्ष जेल सजाय काटेका र अमेरिकामा कर छलीको आरोपमा १८ महिना जेल बसेका मुनकी श्रीमतीलाई राज्यको उपल्लो तहको आतिथ्यता र सुबिधा प्रदान गर्दै आफै दुई दिनसम्म बस्नाले नेपालको अन्तर्राष्ट्रिय छबी माटोमा मिसियो।

*१३ न्यूज पोर्टल ह्याक काण्ड*

डेढ अर्बको स्वास्थ्य सामग्री खरिद प्रकरणमा प्रधनामन्त्रीका सल्लाहकार बिष्णु रिमाल र रक्षामन्त्री ईश्वर पोखरेलका छोराहरूको संलग्नता सम्बन्धी समाचार प्रकाशन गरेको भन्दै काठमाण्डौं प्रेस डटकमको न्यूज पोर्टल नै प्रधानमन्त्रीका आइटी सल्लाहाकार अख्तर अलीको संलग्नतामा ह्याक गरियो। अवैधरूपमा गरिएको यस अपराधपूर्ण काण्डले प्रेस स्वतन्त्रतालाई कुण्ठित पार्ने कार्य गरेको थियो। यस्तो निन्दनीय कार्यको नेपाल पत्रकार महासंघ, नेपाल प्रेस युनियन, प्रमुख प्रतिपक्षी दल र अन्तर्राष्ट्रिय मानाव अधिकार पत्रकार संघले समेत कडा आपत्ति प्रकट गरे। तर ओली सत्ताले यसलाई सुन्दै सुनेन।

*१४. राष्ट्रपतिको हेलिकोप्टर र गाडी काण्ड*

राष्ट्रपति बिद्यादेबी भण्डारीलाई पूर्बराजाको भन्दा बढी सुबिधाभोगी बनाउने ओली सरकारको निर्णय पनि मुलुकमा एउटा काण्डको रूपमा दर्ज भएको छ। भण्डारी गरीब देशको राष्ट्रपति मात्र नभई सर्वहारा बर्गको राजनीतिक प्रतिनिधिको रूपमा ब्याख्या गरिएको कम्युनिष्ट पार्टीको शीर्षस्थ नेताका रूपमा पनि लामो समय काम गरेकी नेता थिइन। उनी नेकपा एमालेको तर्फबाट राष्ट्रपतिको उम्मेद्वार बनी बिजय भएकी थिइन। उनको बिलासिता मोहले कम्युनिष्टहरूको सिद्धान्त र ब्यबहार कति असंगतिपूर्ण छ भन्ने दुनियाँ सामु उदाङ्गो बन्यो। राष्ट्रपति भण्डारीको सुख, सयल, आराम र मनोरञ्जनका लागि डेढ अर्बको हेलिकप्टर र १८ करोडको बुलेटफ्रुप कार खरिद प्रकरणले मुलुक नै त्रसित र दुखित बन्यो। त्यति मात्र होइन, नजिकै जनपथ प्रहरीको तालिम केन्द्रले उनलाई आरामसँग निद्रा नलागेको भन्दै उक्त तालिम केन्द्र नै सार्ने ओली सरकारले निर्णय गर्‍यो। यसअघिका राष्ट्रपति रामवरण यादवले सामान्य सुबिधामै बिना असन्तुष्टि कार्यकाल बिताएको देखेका नेपाली जनताको मन १८ करोडको गाडी र डेढ अर्बको हेलिकप्टर खरिदले धरधरी रुवाएको थियो।

*१५. लिम्पियाधुरा-लिपुलेक सौदाबाजी काण्ड*

नेपालको पश्चिमी सीमाना कालापानीको लिम्पियाधुरा-लिपुलेक क्षेत्रमा भारतले अतिक्रमण गरी १९ किलोमिटर क्षेत्रमा सडक निर्माण गर्‍यो। सडक निर्माण गरुन्जेल त्यसको सूचना पाएर पनि अनदेखा गरेर बसेको ओली सरकार सडक उद्घाटनपछि देशभित्र भएको बिरोधले ठूलो दबाबमा परे। उनको पार्टी नेकपाले पनि उक्त क्षेत्र आफ्नो नक्सामा समेट्नुपर्ने कुरा उठाएर संस्थागत निर्णय गर्‍यो। पार्टीको निर्णयले झन दबाबमा परेको ओलीले नक्सा जारी त गरे, तर त्यसको सम्पूर्ण जस आफूले लिने प्रयास गरे। सरकारको नेत्तृत्व गरेको हुदा आम जनताले त्यसको जस पनि दिए। तर नक्सा जारी गरेपछि उक्त भूमी फिर्ताका लागि कुनै पहल, प्रयत्न गरेनन्। नक्सा सार्वजनिक गरेको डेढ बर्षसम्म ओलीले उक्त भूमी फिर्ताको लागि एउटा पनि दुई पक्षीय बैठक गरेनन्। अझ गएको कार्तिक ५ गते उनले भारतीय खुफिया एजेन्सी 'र' का प्रमुखलाई बोलाएर घण्टौं राजनीतिक छलफल गरे। प्रोटोकलमा समानस्तर देखिने गरी भएको उक्त छलफलमा मिचिएको भूमी सौदाबाजी गरेको अनुमान गरिएको छ। त्यसयता उनले अतिक्रमित भूमीको नामसमेत लिएका छैनन् भने भारतीय संस्थापनलाई छहारी बनाएर यहाँको राजनीतिक प्रक्रियामा सक्रिय भएका छन्।

*१६. देशको नक्सा काटेको काण्ड*

प्रधानमन्त्री ओलीको ६९ औं जन्मदिनको अवसरमा नेपालको नक्सा आकारको केक बनाएर त्यसलाई काटेर खाएपछि त्यो एउटा ठूलो काण्डको रूपमा देखा पर्‍यो। आम राष्ट्रवादी, स्वाभिमानी, देशभक्त नागरिकले सामाजिक सञ्जालमार्फत ब्यापक बिरोध जनाए। आफ्नो जन्म घर तेह्रथुमको आठराईमा ठूलो भेला गरी उनले देशको नक्साकारको केक काटेर खाएका थिए। जन्म दिन मनाउनकै लागि त्यहाँ ६ ओटा हेलिकोप्टर प्रयोग भएको थियो। कतिसम्म भने केक बोक्नैका लागि एउटा हेलिकोप्टर चार्टर गरेर पुर्‍याइएको थियो। त्यहाँ भएको करिब साढे ४ करोड खर्च बिभिन्न शीर्षक बनाएर राज्य कोषबाट भुक्तानी गरिएको थियो।

*१७. भारतीय फौजको परेड काण्ड*

राष्ट्रवादी नाराको जगमा दोस्रो पटक प्रधानमन्त्री बनेका ओलीले भारतका प्रधानमन्त्री नरेन्द्र मोदीलाई निम्ता गरेर जनकपुर र मुक्तिनाथ क्षेत्रको भ्रमण गराए। झट्ट हेर्दा धार्मिक जस्तो देखिए पनि उक्त भ्रमणको भित्री उद्देश्य सामरिक र राजनीतिक थियो। यो भ्रमणका क्रममा भारतीय सेनाका बिशेष कार्यदलका सदस्यहरूले महत्वपूर्ण र संबेदनशील क्षेत्रको सूचना संकलन गरेका थिए। मोदीको जनकपुर भ्रमणका क्रममा कालो कम्ब्याक्टधारी ५०० बढी भारतीय सशस्त्र फौजले नेपाली धर्तीमाथि बुट बजार्दै परेड खेले। मोदी अफ्नो कुनै प्रान्तमा गए जस्तो, सिधै विशेष बिमानबाट जनकपुरमा उत्रिए। मयुर टोपी र पञ्जावी कुर्था पाइजामामा ओली र मोदी सजिएर हिडे। आफ्नै देशमा बिदेशी पाहुना आउँदा नेपाली पहिचान झल्कने पोषाक दौरा सुरुवाल लगाउनु पर्नेमा ओलीले नै भारतीय पोशाक धारण गरे। स्वर्गद्वारी र मुक्तिनाथसम्मको यात्रा गराउने नाममा ती भारतीय जासुसी सेनाको डफ्फालाई नै पठाएर संबेदनशील क्षेत्रको नक्सा लिने र अबलोकन गर्ने काममा ओलीको सक्रियता रह्यो।

*१८. आत्मसमर्पणवादी तरकारी काण्ड*

बिषक्त भारतीय तरकारीलाई नेपालमा आयात गर्दा क्वारेन्टाइन चेक जाँच गरेर बिषको मात्रा हेरेर, स्वस्थकर तरकारी मात्र नेपाल प्रवेश गर्न दिने भनी चारदिनसम्म भारतीय सीमा नाकाकमा चेक जाँच गरिएको थियो। यसबाट नेपाली जनता खुसी भएका थिए। तर भारतीय राजदुताबासबाट चारदिन पछि गएको एउटै चिठ्ठीको त्रासबाट ओली सरकारले यो निर्णय उल्टाएर बिना चेकजाँच बिषक्त भारतीय तरकारी नेपाली बजारमा बिना रोकटोक बिक्री बितारण गर्न दिएर नेपाली जनताको स्वास्थ्यमाथि गम्भीर खेलवाड गरी लम्पसारवादी, आत्मसपर्ण र जघन्य राष्ट्रघात गर्न पुग्यो।

*१९. भारतीय फिल्म फेस्टिबल काण्ड*

इण्डियन फिल्म फेस्टिबल नेपालको काठमाण्डौंमा आयोजना गर्ने र भारतीय सिने उद्योगमा बिशिष्ट योगदान पुर्‍याएवापत भारतीय सिने कलाकारहरूलाई सम्मान समेत गर्ने सो कार्यक्रमका लागि ओली सरकारले डेढ अर्ब रूपैयाँ छर्च छुट्याएको थियो। गरीब देशका जनताबाट असुलेको कर भारतीय कलाकारको फिल्म फेस्टिबलमा किन खर्च गर्नुपर्‍यो भनी जनस्तरबाट व्यापक बिरोध भएपछि ओली सरकार पछि हट्यो र जनताको रगत पसिनाबाट राष्ट्रिय ढुकुटीमा जम्मा भएको जनताको सम्पत्ति जोगियो। नेपाली सिने उद्योगको संरक्षण, संवर्द्धनमा एक पैसा खर्च नगर्ने सरकारले कस्को उक्साहटमा यो अनावश्यक कार्यक्रम गर्न लागेको भनेर यस कार्यको पनि नेकपा नेता भीम रावलले समेत चर्को बिरोध गर्नुभएको थियो।

*२०. सेक्युरिटी प्रेस खरीद काण्ड*

प्रधानमन्त्री ओलीका अति बिस्वास पात्र तथा तत्कालीन सन्चारमन्त्री गोकुल बास्कोटा सेक्युरिटी प्रेस खरिदमा ब्यापारी बिजय मिश्रसँग ७० करोड कमिशन मागेको अडियो सार्बजनिक भयो। यो कमिशन कण्डको प्रतिबाद गर्ने ठाउँ नभएपछि मन्त्री बाास्कोटा राजीनामा दिन बाध्य भए। लहरो तान्दै जाँदा बाँस्कोटाले ७० करोड कमिशन मागेको अडियो टेप प्रधानमन्त्रीलाई तीन महिनाअघि नै बुझाइएको बिषय बाहिर आयो। तीन महिनाअघि नै यो कुराको जानकारी पाएर पनि अभियुक्त मन्त्रीलाई कारबाही नगरिनुले यसमा प्रधानमन्त्रीको संलग्नतालाई पुष्टि गर्‍यो।

*२१. स्वास्थ्य सामग्री खरिद काण्ड*

ओली सरकारको ठूलो भ्रष्टाचार काण्डमध्ये स्वास्थ्य सामग्री खरिद प्रकरण पनि एक हो। कोरोना महामारीबाट आम जनताको जीबन रक्षाका लागि भनेर खरिद गर्ने भनिएको स्वास्थ्य सामग्रीमा ५४ करोड बराबरको आर्थिक अपचलन गरिएको पाइएपछि यसले मुलुक नै तरंगित बन्यो। यो कमिसनको लागि आकस्मिकरूपमा सामान खरिदको योजना बनाइएको थियो। एक अर्ब ३० करोडको सामान ल्याउन केही सप्लायर्सलाई सेटिङ गरेर सामान ल्याउन रातारात जहाज चीन पठाइयो। स्वास्थ्यमन्त्री भानुभक्त ढकालको संलग्नतामा बैठक बसी १० घण्टाभित्र सामान ल्याउनुले लामो समयदेखि कसरत गरेर निर्णय गराइएको खुल्न गयो। सामान ल्याउन प्रधानमन्त्री ओलीका बिस्वास पात्र ब्यबसायी युवराज शर्मा संलग्न भएको ओम्नी ग्रूपलाई जिम्मा दिइएको थियो। बजार मूल्यभन्दा कयौ गुणा महंगो र उपयोग गर्नै नमिल्ने कमसल गुणस्तरको सामान ल्याएपछि यसको पर्दाफास भएको थियो।

*२२. संबिधान संशोधन गर्ने अध्यादेश*

मन्त्रीपरिषदको सिफारिसमा राष्ट्रपति भण्डारीले ०७७ साल बैशाख ८ गते दुईओटा अध्यादेश जारी गरिन्। यि अध्यादेशमा राजनीतिक दल सम्बन्धी (दोस्रो संशोधन) अध्यादेश २०७७ र संवैधानिक परिषद (काम, कर्तव्य, अधिकार र कार्यबिधि) सम्बन्धी पहिलो संशोधन अध्यादेश, २०७७ थिए। यि अध्यादेशले संबिधान नै संशोधनको उद्देश्य राखेका थिए। राजनीतिक दलसम्बन्धी अध्यादेशमा पार्टी केन्द्रीय समिति वा संसदीय दलमध्ये एउटामा ४० प्रतिशत मत पुर्‍याएमा पार्टी बिभाजन गर्न सकिने व्यवस्था गरिएको थियो।

संवैधानिक परिषदसम्बन्धी अध्यादेशमा भने प्रमुख प्रतिपक्षी दलका नेताबिनै संवैधानिक परिषदको बैठक बस्न र निर्णय गर्न सकिने व्यवस्था गरिएको थियो। जब कि पार्टी बिभाजनको लागि केन्द्रीय कमिटि र संसदीय दल दुबैमा ४० प्रतिशत पुर्‍याउनु पर्ने संबैधानिक ब्यबस्था थियो भने संबैधानिक परिषदमा प्रमुख प्रतिपक्ष दलको नेताको अनिबार्य उपस्थितिको ब्यबस्था गरिएको थियो। संबिधानमा ब्यबस्था गरिएका यि दुबै प्राबधान संशोधनको उद्देश्यले बिधेयक आएको थियो।

*२३. सांसद अपहरण काण्ड*

समाजवादी पार्टी बिभाजनका लागि आवश्यक संख्या पुर्‍याउन सो पार्टीका सांसद डा. सुरेन्द्र यादवलाई प्रधानमन्त्री ओलीकै निर्देशनमा एमाले साँसद महेश बस्नेतको नेत्रत्वमा लकडाउनको अबस्थामा जनकपुरबाट उठाएर रातारात काठमाडौं ल्याइयो। साँसद यादबलाई भनेको माने मन्त्री बनाउने नत्र अख्तियार लगाएर ठीक पार्ने भन्दै पूर्व प्रहरी महानिरिक्षक सर्वेन्द्र खनाल र अर्का एमाले साँसद किसान श्रेष्ठको सहयोगमा काठमाडौं ल्याइएको थियो। साँसद यादबले म्यासेजबाट आफ्नो पार्टीलाई यसको जानकारी दिएपछि यसको पर्दाफास भयो र साँसद यादबलाई होटल म्यारिटमा उद्धार गरियो। साँसद यादबले आफूलाई अपहरण गरिएको भन्दै मुद्दा दर्ता गरेका छन्। त्यसलाई ओलीकै निर्देशनमा मुल्तबीमा राखिएको छ।

*२४. पहिलो पटक संसद् विघटन*

प्रधानमन्त्री ओलीको सिफारिसमा राष्ट्रपति भण्डारीले ०७७ पुस ५ गते पहिलो पटक प्रतिनिधिसभाको बिघटन गरिन। संबिधानको कुनै प्राबधानमा नटेकी राष्ट्रपति र प्रधानमन्त्रीले यो कदम चालेका थिए। यसलाई तत्काल सच्याउन राष्ट्रपति भण्डारीसमक्ष देशब्यापी दबाब सिर्जना भएको थियो। तर उनले ओलीले चालेको कदम भनेर संबिधानप्रति घात गर्दै त्यसलाई सदर गरिदिइन। यसका बिरुद्ध राष्ट्रपति एवं प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सभामुखलगायतलाई विपक्षी बनाई विघटित प्रतिनिधिसभाका सदस्य देवप्रसाद गुरुङ, कृष्णभक्त पोखरेल, शशि श्रेष्ठ र रामकुमारी झाँक्रीका तर्फबाट अधिवक्ता प्रवेश केसीले निवेदन दायर गरे। सर्बोच्चले फागुन ११ गते संसद विघटनको निर्णयलाई बदर गर्दै संसद पुनर्स्थापना गरिदियो।

बाँकी ६ पेजमा

*२५. नागरिकता अध्यादेशमा काण्ड*

आफ्नो सत्ता सुरक्षित गर्न राजपाका महन्थ ठाकुर र राजेन्द्र महतोलाई सरकारमा सामेल गराउन मार्गप्रशस्त गर्ने उद्देश्यले प्रधानमन्त्री ओलीले जेठ ९ गते नागरिकता अध्यादेश जारी गर्न राष्ट्रपति भण्डारीसमक्ष सिफारिस गरे। नागरिकताजस्तो अति संबेदनशील बिषयमा मुलुकको संबिधानसँगै बाझिने गरी ल्याएको उक्त अध्यादेश राष्ट्रपति भण्डारीले अध्ययन गर्न जरुरी ठानिनन्। तुरुन्तै अध्यादेश जारी भयो। प्रतिनिधिसभा विघटनको भोलिपल्ट यस्तो अध्यादेश जारी भएपछि सत्ता र नागरिकताको लेनदेन भयो भनेर देशब्यापी बिरोध भयो। यससम्बन्धमा सर्बोच्च रिट पर्न गयो र सुनुवाईका लागि संवैधानिक इजलास गठन भयो। यस ईजलासले उक्त अध्यादेश कार्यान्वयन नगर्न र यथास्थितीमा राख्न सरकारका नाममा जेठ २७ गते अन्तरिम आदेश दियो।

*२६. चुरे बेचबिखन काण्ड*

ओली सरकारले संसद विघटन गरेर ओली सरकारले आगामी आर्थिक बर्षको लागि अध्यादेश मार्फत बजेट ल्यायो। उक्त बजेटको बुँदा नम्बर १९९ ले ब्यापार घाटा कम गर्न भारततर्फ चुरे क्षेत्रको ढुंगा, गिट्टी र बालुवा बेच्ने ब्यबस्था गरेको थियो। यस राष्ट्रघाती ब्यबस्थाका बिरुद्ध सर्बोच्चमा रिट पर्‍यो र त्यसलाई कार्यान्वयनमा ल्याउन तत्काल रोक लाग्यो।

*२७. यती समूहलाई निकुन्ज दिने काण्ड*

प्रधानमन्त्री ओलीको ब्यापार साझेदार कम्पनीका रूपमा जनताबिच परिचित भएको यति समूहलाई लाङटाङ राष्ट्रिय निकुञ्जभित्र प्रबेश गरेर अकुत सम्पत्ति कमाउने दिने सरकारको योजनालाई सर्बोच्चले असार ६ गते रोक लगायो। उक्त निकुन्ज क्षेत्रभित्र जलविद्युत् आयोजना निर्माण गर्न सहज हुने गरी सरकारले गरेको नीतिगत निर्णयमा सर्वोच्च अदालतले रोक लगाएको हो। प्रधानमन्त्री ओलीको ठाडो निर्देशनमा यति समूहले लाभ लिने गरी निकुञ्जभित्र २५० मेगावाटसम्मको जलविद्युत् आयोजना निर्माण गर्न पाउने गरी मन्त्रिपरिषदले जेठ १३ गते नीतिगत व्यवस्था गरेको थियो।

*२८. दोस्रो पटक संसद बिघटन*

प्रधानमन्त्री ओलीको सिफारिसमा राष्ट्रपति भण्डारीले फेरि जेठ ७ गते दोस्रो पटक संसद भंग गरिन। यसपटक राष्ट्रपति भण्डारीले धारा ७६ को उपधारा ५ बमोजिम सरकार गठबनका लागि प्रधानमन्त्री ओली र नेपाली काँग्रेसका सभापति शेरबहादुर देउवाले गरेको दाबी पूर्ण नभएको भन्दै खारेज गरेलगत्तै ओलीले मन्त्रिपरिषद् बैठक बोलाएर संसद बिघटनको सिफारिस गरेका थिए। ओली र राष्ट्रपतिको यो जालसाजीपूर्ण कदमलाई सर्बोच्चले असार २८ गते खारेज गरिदिएको छ।

*२९. ३५ करोडको खोप कमिसन काण्ड*

ओली सरकारले ३५ करोड कमिसन नमिलेका कारण भारतबाट कोभिसिल्ड खोप नल्याएको रहस्य खुलेको छ। नेपाल सरकारका तर्फबाट स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले सम्झौता गरेर पैसा समेत बुझाइसकेको ५० लाख डोज खोप कमिसन नमिल्दा आउन नसकेपछि पहिलो डोज लगाएका १० नागरिक अहिलेसम्म खोपबाट बन्चित भएका छन्। सम्झौता गरिसकेर खोप आउन तयारी भएको अबस्थामा ओलीनिकट ब्यबसायीले अचानक आफू खोप उत्पादक कम्पनीको स्थानी एजेन्ट भएको दाबी गर्दै कमिसनको बार्गेनिङ गरेका थिए। सम्झौतापछि एक्कासी स्थानीय एजेन्ट देखा परेपछि स्वास्थ्यमन्त्री हृदयेश त्रिपाठीले प्रधानमन्त्री ओलीलाई यसबारेमा जानकारी गराएका थिए। तर ओलीले कमिसन दिएर मात्र खोप ल्याउन भनेपछि मन्त्री नै चकित परेर फर्केका थिए। सम्झौतामै उल्लेख गरेको बाहेक कमिसन दिन कानुनीरूपमा नमिल्ने भएकाले मन्त्रालयले खोप नै नल्याउने निर्णय गरको थियो।

*३०. नेपाल बायु सेवा निजीकरण काण्ड*

सरकारबाट हट्ने निश्चित भएपछि प्रधानमन्त्री ओलीले असारको दोस्रो साता नेपाल वायुसेवा निगमलाई निजीकरण गर्न गोप्यरूपले द्रुत गतिमा फाइल अघि बढाए। ओलीको ब्यापारी साझेदार कम्पनीको रूपमा चिनिएको यति समूहलाई नेबानि जिम्मा लगाउने उनको तयारी थियो। प्रधानमन्त्री ओलीले नै निगमका महाप्रबन्धक डिमप्रकाश पौडेललाई यसको चाँजोपाँचो मिलाउने जिम्मा दिएका थिए। सरकारले ८० अर्बको भन्दा बढिको चलअचल सम्पत्ति भएको निगमलाई ५० अर्बमात्र मूल्यांकन गरी यति होल्डिङ्स कम्पनीको हिमालयन एयरलाइन्सलाई बिक्री गर्न लागेका थिए। मन्त्रालय र निगमबाटै यसको सूचना चुहिएपछि कर्मचारी युनियनहरूले ठूलो आन्दोलन गरे। यो राष्ट्रिय मुद्दा बनेपछि ओली सरकार पछि हट्न बाध्य भयो। *क्रमशः...*

# क.माओत्सेतुङ र विश्व कम्युनिस्ट आन्दोलनमा उहाँका योगदानहरू



● कृष्णदास श्रेष्ठ ●

प्रत्येक महान पुरुष आफ्नो युगको उपज हो, आफ्नो समयको महान आन्दोलन र इतिहासको उपज हो। इतिहासको अध्ययनबाट हामी कुन कुरा थाहा पाउँछौ भने साँच्चिकै महान आन्दोलन तथा महान परिवर्तनहरूसँग सम्बन्धित आन्दोलन र परिवर्तनको एक उपज र अभिन्न अंगको रूपमा आफ्नो भूमिका खेल्छन् र आफ्नो तर्फबाट त्यसमा महत्त्वपूर्ण योगदान गर्छन्। यो कुरा क. माओत्सेतुङको सम्बन्धमा पनि साँचो रहेको छ।

माओत्सेतुङ आफ्नो समयका महानतम मार्क्सवादी-लेनिनवादी हुनुहुन्थ्यो। अन्य ऐतिहासिक व्यक्तित्वहरूझैं उहाँ पनि एक ऐतिहासिक उपज हुनुहुन्थ्यो। उहाँ आफू रहेको समयको त्यस्तो ऐतिहासिक अवधिको एक उपज तथा अभिन्न अङ्ग हुनुहुन्थ्यो, जुन अवधिमा विश्व ऐतिहासिक महत्त्वका केही घटनाहरू घटेका थिए।

ती घटनाहरूमा प्रमुख हुनः चिनियाँ जनताको महान मुक्ति आन्दोलन, आधुनिक संशोधनवाद तथा सामाजिक साम्राज्यवादको विरुद्ध चलेको महान संघर्ष आदि। उहाँको सम्पूर्ण व्यक्तित्व तथा कार्यहरू उक्त घटनाहरूसित अभिन्न रूपमा गाँसिएका छन् र त्यसमा उहाँको व्यक्तित्व र कार्यको प्रभाव र छाप स्पष्ट रूपमा परेको छ। सच्चा सर्वहारा क्रान्तिकारीको हैसियतले ती घटनाहरूमा प्रमुख भूमिका खेल्ने सिलसिलामा उहाँले मानव मुक्तिको महान लक्ष्यमा र कम्युनिस्ट लक्ष्यमा ठूला योगदानहरू गर्नुभयो।

माओत्सेतुङका योगदानहरू महान र महत्त्वपूर्ण छन् भन्ने कुरामा दुई मत पाइँदैन भन्न सकिन्छ किनभने उहाँको चिन्तन तरिका र कतिपय सैद्धान्तिक धारणालाई नमान्नेहरू समेत पनि उहाँका योगदानहरूलाई मान्छन्। तर योगदानको स्वरूपको सम्बन्धमा, योगदान कस्तो खालको र कुन स्तरको भन्ने सम्बन्धमा मुख्य रूपले दुई विपरित धारणा रहेको पाइन्छ।

तिनमा एउटा धारणा अनुसार माओत्सेतुङले जे-जति योगदानहरू गर्नुभयो, ती राष्ट्रिय चरित्रका छन् र तिनले राष्ट्रिय अर्थात चिनियाँ सीमाभन्दा बाहिर केही महत्त्व राख्दैनन्। उक्त धारणाका समर्थकहरूमा एकथरी यस्ता छन्, जो माओत्सेतुङका विचारलाई त मान्छन्। तर त्यसलाई विशुद्ध राष्ट्रिय चीज, विशुद्ध चिनियाँ परिघटना भन्छन्। यस्तो धारणा मार्क्सवादलाई विशुद्ध जर्मन वा युरोपेली परिघटना भन्ने र लेनिनवादलाई विशुद्ध रुसी परिघटना भन्ने पहिले देखिएका धारणाहरूको पुनरावृत्ति मात्र हो भन्न सकिन्छ। उक्त धारणलाई मान्नेहरू माओत्सेतुङका काम तथा विचारको महान तथा महान चिनियाँ सीमाभित्र सीमित रहेको रूपमा लिन्छन्।

यसको ठीक विपरीत अर्को धारणा छ जसले माओत्सेतुङलाई एक अन्तर्राष्ट्रिय व्यक्तित्वको रूपमा हेर्छ र कस्तो मान्यता राख्छ भने माओत्सेतुङका महान विचारहरू विशुद्ध राष्ट्रिय परिघटना होइनन्, तर साँगुरो र राष्ट्रिय सीमाभित्र मात्र महत्त्व राख्ने चीज होइन, बरु तत्कालीन अन्तर्राष्ट्रिय तथा राष्ट्रिय विकाससित घनिष्ट रूपले सम्बन्धित र त्यसमा आधारित अन्तर्राष्ट्रिय परिघटना हुन।

अन्य मुलुकहरूमाझैं हाम्रो मुलुकमा पनि माओत्सेतुङको देनलाई सानो पारेर देखाउने, त्यसलाई मामुली रूपमा प्रस्तुत गर्ने र विशुद्ध राष्ट्रिय महत्त्वको ठान्ने धारणा पाइन्छ। उक्त धारणा एकदमै अयथार्थवादी र गलत छ किनभने त्यसले माओत्सेतुङका देनहरूलाई उहाँका कार्य र विचारको महानतालाई व्यापक परिप्रेक्ष्यमा सम्पूर्ण अन्तर्राष्ट्रिय विकासको परिप्रेक्ष्यमा हेर्न सकेको छैन किनभने त्यसले त्यसलाई महान चिनियाँ जनक्रान्ति, आधुनिक संशोधनवाद विरोधी महान संघर्ष र महाशक्ति प्रभुत्ववाद विराधी संघर्षको विश्व ऐतिहासिक महत्त्वको परिप्रेक्ष्यमा हेर्न सकेको छैन। उक्त धारणाको पछिल्तिर कुन तथ्यप्रति अज्ञानता रहेको छ भन्ने प्रत्येक साँच्चिकै महान विचारमा अन्तर्राष्ट्रिय बन्ने स्वभाविक प्रवृत्ति रहेको हुन्छ।

मेरो विचारमा, माओत्सेतुङबाट विश्व कम्युनिस्ट आन्दोलनमा गरिएका योगदानहरू बहुपक्षीय र बहुआयामिक छन्। यही दृष्टिकोणबाट संक्षिप्त रूपमा त्यसबाट चर्चा गरिएको छ।

पहिलो कुरा के भने महान चिनियाँ जनक्रान्ति अर्थात बिसौं शताव्दीमा महान अक्टोबर समाजवादी क्रान्तिपछिको अधिकतम् विशाल, व्यापक तथा शक्तिशाली प्रतिक्रियावाद विरोधी तथा साम्राज्यवाद विरोधी क्रान्तिका संगठनकर्ता तथा नेताको हैसियतबाट माओत्सेतुङले विश्व जनक्रान्ति र विश्व कम्युनिस्ट आन्दोलनप्रति महत्त्वपूर्ण योगदान गर्नुभयो।

माओत्सेतुङ प्रमुख रहेको चिनियाँ कम्युनिस्ट पार्टीको नेतृत्वमा भएको चिनियाँ जनताको सामन्तवादविरोधी तथा साम्राज्यवादविराधी क्रान्तिको विजय बिसौं शताव्दीमा भएका अक्टोबर समाजवादी क्रान्ति र फासिवादमाथि मानवजातिको विजयपछिको विश्ववयापी महत्त्वको तेस्रो घटना थियो। विश्व सर्वहारा क्रान्तिको अभिन्न अङ्ग रहेको उक्त विजयी क्रान्तिले विश्व साम्राज्यवादी व्यवस्थालाई निकै कमजोर पाऱ्यो र जनवाद, समाजवाद र शक्तिको पक्षलाई अधिक शक्तिशाली तथा व्यापक बनायो। खास रूपमा उक्त विजयी क्रान्तिले औपनिवेशिक तथा अर्धऔपनिवेशिक मुलुकहरूका राष्ट्रिय मुक्ति आन्दोलनलाई ठूलो बल र प्रेरणा प्रदान गऱ्यो।

जनवादी क्रान्तिका अभिभाराहरूलाई पूरा गरिसकेपछि १९५६ मा चीन समाजवादी क्रान्तिको युगमा प्रवेश गऱ्यो र त्यहाँ समाजवादी निर्माणको काम थालियो। विशाल जनसंख्या भएको उक्त मुलुकमा समाजवादी समाजको निर्माण गर्न थालिनु कम महत्त्वपूर्णको कुरा थिएन, बरु वास्तवमा त्यो एक महान विश्व ऐतिहासिक महत्त्वको घटना थियो।

यसरी चीनमा नौलो जनवादी क्रान्तिको सम्पन्नता र त्यसपछि भएको समाजवादी क्रान्ति र समाजवादी निर्माण कार्यको थालनी हुनु निश्चय नै कम्युनिस्ट आन्दोलनकको ऐतिहासिक अग्रगतिमा अति महत्त्वपूर्ण पाइला थिए। तिनले उक्त आन्दोलनमा नयाँ अभिवृद्धि र विकासमा तिनको ठूलो योगदान रहेको छ।

माथि उल्लेखित सम्पूर्ण क्रान्ति र निर्माणको कामसित माओत्सेतुङको नाउँ अभिन्न रूपमा गासिएको छ। उहाँ उक्त क्रान्तिका प्रमुख संगठनकर्ता तथा नेता र समाजवादी निर्माणका प्रमुख इन्जिनियर हुनुहुन्थ्यो। जनवरी १९३५ मा चिनियाँ कम्युनिस्ट पार्टीमा उहाँको नेतृत्व स्थापित भएपछि उहाँले चिनियाँ क्रान्तिलाई पूर्ण विजयसम्म बढाउनु भई त्यसलाई समाजवादी चरणमा लैजानुभयो। उहाँले मार्क्सवाद-लेनिनवादका आधारभूत सिद्धान्तहरूलाई अर्धसामन्ती तथा अर्धऔपनिवेशिक चीनको क्रान्तिका विशिष्ट अवस्थाहरूमा बडो कुशल तथा सिर्जनात्मक ढंगबाट लागू गर्नुभयो।

चिनियाँ जनक्रान्तिको विजय मार्क्सवाद-लेनिनवादको एउटा ठूलो ऐतिहासिक विजय पनि थियो। मार्क्सवाद अविकसित मुलुकहरूमा लागू हुन सक्दैन भन्ने त्यसताका प्रतिक्रियावादीहरूद्वारा व्यापक रूपमा प्रचारित फट्याँईलाई व्यावहारिक रूपमा देखाएर त्यसले मार्क्सवादको सर्वव्यापी लागू योग्यतालाई अकाट्य रूपमा सावित गरिदियो। कुन कुरा एकदमै सत्य सावित भयो भने मार्क्सवाद विकसित,अल्पविकसित सबै मुलुकमा र सबै परिस्थितिहरूमा लागू हुन सक्छ।

उपरोक्त सारा कुरा विश्व कम्युनिस्ट आन्दोलनप्रति महत्त्वपूर्ण योगदान हुन् र त्यसमा माओत्सेतुङको प्रमुख भूमिका रहेको छ।

दोस्रो कुरा के हो भने तत्कालीन सोभियत संशोधनवाद्वारा नेतृत्व गरिएको आधुनिक संशोधनवादको विरुद्ध मार्क्सवाद-लेनिनवादका क्रान्तिकारी शिक्षाहरूको रक्षकहरूको हैसियतबाट उहाँले विश्व कम्युनिस्ट आन्दोलनप्रति ठूलो योगदान गर्नुभयो।

सन् १९५३ मा स्टालिनको निधनपछि पूर्व सोभियत संघको कम्युनिस्ट पार्टीको नेतृत्व खुश्चेव र त्यसको गुटद्वारा हत्याइयो। उक्त नेतृत्व-डफ्फाले महान स्टालिनको नाउँ र कामहरूलाई बदनाम गर्न भगिरथ प्रयत्न गऱ्यो। खुश्चेवपन्थी नेतृत्व-डफ्फाद्वारा प्रतिनिधित्व गरिएको आधुनिक संशोधनवादले साम्राज्यवाद र प्रतिक्रियावादको हितमा मार्क्सवाद-लेनिनवादका शिक्षाहरूलाई संशोधन र तोडमोड गरे। ती संशोधनवादीहरूले क्रान्तिकारी वर्गसंघर्ष, समाजवादी क्रान्ति, सर्वहारावर्गको अधिनायकतन्त्र, युद्ध र शान्ति आदि सम्बन्धी मार्क्सवादी-लेनिनवादी सिद्धान्तहरूप्रति विश्वासघात गरेर कक्युनिस्ट आन्दोलनलाई संशोधनवादी बाटोमा लैजान खोजे। त्यसैले संशोधनवाद विश्व कम्युनिस्ट आन्दोलनका लागि निकै ठूलो खतरा बन्न गयो।

विश्व कम्युनिस्ट आन्दोलन र विश्व जनताको मुक्ति आन्दोलनका लागि त्यो निकै संकटपूर्ण स्थिति थियो। विश्व कम्युनिस्टको आन्दोलन भित्र एकातिर मार्क्सवादी-लेनिनवादीहरू र अर्कोतिर आधुनिक संशोधनवादीहरूको माझमा ठूलो र भयानक संघर्ष चल्यो। यस संघर्षमा माओत्सेतुङ प्रधान रहेको चिनियाँ कम्युनिस्ट पार्टीले मार्क्सवाद-लेनिनवादका क्रान्तिकारी शिक्षाहरूको संरक्षणको पक्षमा अघिल्लो मोर्चामा रहेर प्रमुख भूमिका खेल्यो। त्यसताका आधुनिक संशोधनवादको विरुद्ध विश्वव्यापी रूपमा चलेको महान विवाद र संघर्षमा माओत्सेतुङले नेतृत्वकारी भूमिका खेल्नु भयो।

उहाँले 'व्यक्ति पूजा' को विरोधको आडमा गरिएको स्टालिनको निन्दालाई दुई रूपमा अस्वीकार गर्नुभयो र तत्कालीन सोभियत नेतृत्व डफ्फाद्वारा गरिएको विभिन्न खालका दबाब र धम्की सामु झुक्न ठाडो रूपमा इन्कार गर्दै चिनियाँ कम्युनिस्ट पार्टी र विश्वका मार्क्सवादी-लेनिनवादीलाई संशोधनवाद विरोधी संघर्षमा नेतृत्व दिएर अगाडि बढाउनुभयो।

उक्त कार्य विश्व कम्युनिस्ट आन्दोलनमा माओत्सेतुङको महत्त्वपूर्ण योगदान थियो।

तेस्रो कुरा के भने महाशक्ति प्रभुत्ववादको विरुद्ध अन्तर्राष्ट्रिय संघर्षका महान राजनीतिज्ञको रूपमा पनि उहाँले विश्व कम्युनिस्ट आन्दोलन र विश्व क्रान्तिप्रति महान योगदान गर्नुभयो।

पूर्व सोभियत संघ समाजवादीबाट सामाजिक-साम्राज्यवादी मुलुकमा, एक महाशक्तिमा फेरिएको र विश्व प्रभुत्वका लागि दुई महाशक्तिहरूमाझ होडबाजी चलेको तत्कालीन वस्तुसगत स्थितिको वैज्ञानिक विश्लेषणको आधारमा उहाँले तीन विश्वको सिद्धान्तको प्रतिपादन गर्नुभयो। सो सिद्धान्तलाई पहिलोपल्ट माओत्सेतुङले यसरी प्रस्तुत गर्नुभयो।'मेरो विचारमा पहिलो विश्वमा संयुक्त राज्य अमेरिका र सोभियत संघ पर्छन्। दोस्रो विश्वमा जापान, युरोप र क्यानाडा पर्छन्। हामी तेस्रो विश्व हौं। तेस्रो विश्वमा विशाल जनसंख्या छ। जापानलाई छाडेर एसिया तेस्रो विश्वमा पर्छ। सम्पूर्ण अफ्रिका तेस्रो विश्वमा पर्छ र लेटिन अमेरिका पनि यसमा नै पर्छ।'

मार्क्सवाद-लेनिनवादको सर्वव्यापी सत्यलाई विश्व क्रान्तिको ठोस व्यवहारसित मिलाएर प्रतिपादन गरिएको सो सिद्धान्त त्यसको विकासमा एक महत्त्वपूर्ण योगदान रह्यो। उक्त सिद्धान्तले विश्व प्रभुत्ववादको विरुद्ध संघर्षलाई बढाउन र त्यसको विरुद्ध व्यापकतामा अन्तराष्ट्रिय संयुक्त मोर्चाको निर्माणका लागि सही निर्देशन र विश्व क्रान्तिकारी आन्दोलनका लागि आधारभूत रणनैतिक कार्यदिशा प्रदान गऱ्यो। यहाँ माओत्सेतुङ एक महान अन्तर्राष्ट्रिय रणनीतिज्ञको रूपमा देखिनुभयो।

सर्वहारा अन्तर्राष्ट्रियवादलाई दृढ रूपमा समर्थन गर्दै माओत्सेतुङले युद्ध तथा आक्रमणका नीतिहरू, महाशक्ति तथा क्षेत्रीय प्रभुत्ववाद र ठूलो राष्ट्र अहंकारवादको दृढ रूपमा विरोध गर्नुभयो र चीनले अन्य देशहरूसितको सम्बन्धमा कहिल्यै पनि प्रभुत्व नखोज्ने कुराको घोषणा गर्नुभयो। विदेश मामिलाको सम्बन्धमा उहाँले एक पूरै क्रान्तिकारी कार्यदिशाको प्रतिपादन गर्नुभयो, र त्यो थियो विश्वका शोषित पीडित राष्ट्र तथा जनताहरूसितको एकतालाई जब्बर पार्न, प्रभुत्ववादी तथा बिस्तारवादी प्रयासहरूको विरोध गर्ने र शान्तिपूर्ण सहअस्तित्वका पाँच सिद्धान्तहरूको दृढ रूपमा अनुसरण गर्ने कार्यदिशा उहाँले नयाँ अन्तराष्ट्रिय राजनैतिक तथा आर्थिक सम्बन्धका लागि नीतिहरूको प्रतिपादन गर्नमा पनि ठूलो योगदान गर्नुभयो।

अन्तिम तर बढी महत्त्वपूर्ण कुरा के छ भने माओत्सेतुङ विचारधाराको रूपमा मार्क्सवाद-लेनिनवादको सैद्धान्तिक खाजानामा नयाँ विचार र प्रस्थापनाहरू थपी त्यसलाई अरु समृद्ध बनाएर माओत्सेतुङले विश्व कम्युनिस्ट आन्दोलनप्रति महत्त्वपूर्ण योगदान गर्नुभयो।

जनताको क्रान्तिकारी आन्दोलनको विकासक्रममा देखा परेका व्यवहारिक समस्याहरूको समाधानमा मार्क्सवाद-लेनिनवादलाई लागू गर्ने सिलसिलामा र त्यसबाट प्राप्त अनुभवहरूको विचारको रूपमा माओत्सेतुङले धेरै नयाँ विचार तथा प्रस्थापनाहरू मार्क्सवादको भण्डारमा थप्नु भएको छ। उक्त विचार तथा प्रस्थापनाहरूको समष्टि रूपनै माओत्सेतुङ विचारधारा हो र तिनले मार्क्सवाद-लेनिनवादलाई विश्व विकास अनुरूप विकसित गरेका छन्। केही पक्षहरूमा उहाँले मार्क्सवादलाई निकै समृद्ध पार्नुभएको छ। यसका केही उदाहरणहरूलाई हामी हेरौं।

दार्शानिक क्षेत्रमा, माओत्सेतुङद्वारा लिखित 'व्यवहारबारे', 'अन्तरविरोधबारे' र अन्य दार्शनिक लेखहरू निकै महत्त्वपूर्ण छन् र ती मार्क्सवादको दार्शनिक चिन्तनको क्षेत्रमा ठूला योगदान हुन्। 'चीनको क्रान्तिकारी युद्धमा रणनैतिक समस्याहरू', 'दीर्घकालीन युद्धबारे', 'जापान विरोधी छापामार युद्धमा रणनैतिक समस्या' जस्ता उहाँका सैनिक कृतिहरूले मार्क्सवादको सैनिक सिद्धान्तको भण्डारालाई निकै समृद्ध र विकसित गरेका छन्।

त्यस्तै नौलो जनवादी क्रान्तिका चालक शक्ति, अभिभारा, चरित्र नेतृत्व जस्ता महत्त्वपूर्ण सवालहरूबारे लेखिएका उहाँका कृतिहरू (उदाहरणार्थ, 'नौलो जनवादबारे') क्रान्तिसम्बन्धी मार्क्सवादी-लेनिनवादी सिद्धान्तको क्षेत्रमा ठूला योगदान हुन्। खास गरेर, चीनको जनक्रान्तिको अनुभवको निचोड निकालेर लेखिएका उहाँका कृतिहरूले उपनिवेशवाद विरोधी क्रान्तिसम्बन्धी मार्क्सवादी धारणालाई समृद्ध र फराकिलो पारेका हुन्।

आफ्नो महत्त्वपूर्ण कृति 'जनता बिचका अन्तरविरोधहरूको सही सञ्चालनबारे'मा उहाँले समाजमा हुने दुई प्रकारका अन्तरविरोध र तिनको समाधानका उपायहरूबारे जुन विचार प्रस्तुत गर्नुभयो, त्यो साािजक अन्तरवरोधहरूको समाधान गर्ने सम्बन्धमा मार्क्सवादी सिद्धान्तको क्षेत्रमा एउटा ठूलो उपलब्धि रहेको छ।

अन्य विभिन्न क्षेत्रहरूमा पनि, जस्तो कि पार्टी निर्माण, समाजवादी क्रान्ति र सामाजवादी निर्माण, विदेश सम्बन्ध आदिमा उहाँका सैद्धान्तिक योगदानहरू महत्त्वपूर्ण रहेका छन्।

माओत्सेतुङका सैद्धान्तिक योगदानहरूबारे चर्चा गर्दा आधारभूत महत्त्वको एउटा कुरा के छ भने उहाँले मार्क्सवादी चिन्तन तरिकालाई निकै विकसित गर्नुभएको छ। सिद्धान्तलाई व्यवहारसित गाँस्ने सँधैगरी विद्यमान यथार्थताको आधारबाट अघि बढ्ने र तथ्यहरूबाट सत्य पत्ता लगाउने सिद्धान्तमा उहाँ निकै जोड दिनुहुन्थ्यो र त्यसलाई उहाँले समृद्ध पार्नु भएको छ। खास रूपले 'तथ्यहरूबाट सत्य पत्ता लाउने' सिद्धान्तलाई माओत्सेतुङ विचारधाराको सारतत्त्व मानिएको छ।

माथि उल्लेखित विभिन्न क्षेत्रहरूमा माओत्सेतुङका सैद्धान्तिक योगदानहरू निकै महान् र महत्त्वपूर्ण छन् र ती योगदानहरू मार्क्सवादको सैद्धान्तिक भण्डारमा नयाँ विचार र स्थापनाहरूको रूपमा थपिएका उपलब्धि हुन्। हामी जसलाई माओत्सेतुङ विचारधारा भन्छौं, त्यो उक्त थपिएका नयाँ विचार र प्रस्थापनाहरूको समष्टि हो। उक्त थप र विकासले मार्क्सवाद-लेनिनवादलाई समृद्ध र विकसित बनाएको छ।

विश्व कम्युनिस्ट आन्दोलनको पक्षमा माओत्सेतुङबाट गरिएका जुन योगदानहरूबारे माथि चर्चा गरिएको छ, ती अवश्य पनि विशाल, महान र महत्त्वपूर्ण छन्। ती क्रान्तिका कुशल संगठनकर्ता, मार्क्सवादी विचारक तथा सिद्धान्तकार, महान रणनीतिज्ञ तथा कार्यनीतिज्ञ र महान सर्वहारा योद्धाको हैसियतबाट उहाँले गरेका योगदान हुन्।

उहाँ सच्चा सर्वहारा क्रान्तिकारीको एक सर्वोत्तम नमूना हुनुहुन्थ्यो र सिद्धान्त तथा व्यवहार बिचको एकता कम्युनिस्ट आन्दोलनप्रति गरिएका उहाँका महान् योगदानहरूको फलस्वरूपनै उहाँ ठीक रूपले मार्क्स, एन्जेल्स, लेनिन र स्टालिनको लाममा स्थापित हुनुभएको छ। उहाँको नाम विश्व श्रमजीवी जनगणले कहिल्यै बिर्सने छैनन्। उहाँका काम र विचारहरू प्रगतिशील मानवजातिका लागि निर्देशन र प्रेरणाको स्रोत बनेर सँधैभरि रहिरहने छन्।

---

## पुस ४...

प्रदेशको नवलपरासीमा राष्ट्रिय भेला गर्ने निर्णय गरेको छ।

बैठकले निर्णयहरू यसप्रकार रहेका छन्, १- बैठकको आरम्भमा जनमुक्ति तथा राष्ट्रिय मुक्ति संघर्षमा आफ्नो अमूल्य जीवनको बलिदान गर्नुहुने सहिद कृष्ण सेन इच्छुक लगायत सम्पूर्ण ज्ञात अज्ञात सहिदहरूप्रति मुष्ठि उठाएर १ मिनेट मौनधारणसहित श्रद्धाञ्जली अर्पण गरियो।

२- बैठकमा पदाधिकारी, प्रदेश संयोजक तथा केन्द्रीय सदस्यहरूबाट संक्षिप्त समीक्षात्मक रिपोर्ट प्रस्तुत भयो। भारतको विस्तारवादी नीति र अमेरिकाको साम्राज्यवादी नीतिसहितको बढ्दो उपस्थिति र हस्तक्षेपले नेपाली स्वाधीनता, सार्वभौमिकता जोखिममा पर्दै गएको ठहर गर्दै राष्ट्रिय स्वाधीनताको आन्दोलनमा नेपाली पत्रकारिताको दायित्व र संगठनको नेतृत्वदायी भूमिकालाई जोड्ने, संगठनलाई चुस्त र गतिशील रूपमा अगाडि बढाउन सबैले आ-आफ्नो ठाउँबाट गहिरो जिम्मेवारीबोधसहित चौतर्फी भूमिका बढाउनुपर्ने निष्कर्ष निकालियो।

३- बैठकले संगठनको राष्ट्रिय भेला पौष ४ गते लुम्बिनी प्रदेशको नवलपरासीमा गर्ने निर्णय गरेको छ। भेलालाई लक्षित गरी सम्भव भएसम्म प्रदेश र जिल्लाको भेला गर्ने र प्रतिनिधि चयनलाई तीव्रता दिने निर्णय गरेको छ। भेलाको व्यवस्थापनसँग सम्बन्धी आवश्यक निर्णयहरू पनि गरिएका छन्।

४- बैठकले नेपालका सञ्चारमाध्यममा बढ्दो वैदेशिक लगानीको घोर विरोध गरेको छ। नेपालको कानुनले समेत प्रतिबन्ध लगाएको सञ्चारमाध्यममा विदेशी लगानी बढ्नु र योगगुरु रामदेव यादवले सञ्चालनमा ल्याउन लागेका 'आस्था नेपाल' र 'पतञ्जली नेपाल' नामका टेलिभिजन स्वयम् प्रधानमन्त्रीबाट उद्घाटन गरिनु आपत्तिजनक र निन्दनीय भएको ठहर गर्दै बैठकले नेपालमा विदेशी लगानीका सञ्चारमाध्यममाथि प्रतिबन्ध लगाउन पनि सरकारसँग जोडदार माग गरेको छ। साथै, आम सञ्चारको क्षेत्रमा बढ्दो अपारदर्शी लगानीको समेत छानबिन गर्न सम्बन्धित निकायसँग जोडदार आग्रह गरेको छ।

५- मिडियामा बढ्दो बैदेशिक र अपारदर्शी लगानीले नेपालको स्वाधीनता र सार्वभौमिकतामाथि नै खतरा उत्पन्न गर्ने ठहर गर्दै बैठकले यसको विरोधमा सशक्त आवाज उठाउने निर्णय गरेको छ।

६- बैठकले संघीय र प्रदेश सरकारले ल्याएका प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताविरोधी कानुनहरूको खारेजीको माग गरेको छ। साथै, श्रमजीवी पत्रकार ऐनको पूर्ण रूपमा कार्यान्वयनका लागि राज्य, सम्बन्धित निकाय र पक्षसँग पनि पुनः जोडदार माग गरेको छ।

७- बैठकले वर्गीकरणमा परेको बर्षदेखि नै पत्रपत्रिकालाई सेवा सुविधा प्रदान गर्न र पूर्ण समानुपातिक रूपमा लोककल्याणकारी विज्ञापन उपलब्ध गराउन प्रेस काउन्सील नेपाल र विज्ञापन बोर्डलाई जोडदार आग्रह गरेको छ।

८. बैठकको अन्तमा संगठनले लिएका संगठन र संघर्ष सम्बन्धी निर्णयहरू कार्यान्वयनका लागि अध्यक्षसहित पदाधिकारी र केन्द्रीय सदस्यहरूबाट प्रतिबद्धतासहित बैठकको समापन गरियो।

## क्रान्तिकारी...

देखिएको पनि बताउनु भयो।

राष्ट्रिय स्वाधीनताका पक्षधर आम श्रमजीवी पत्रकारहरू एकढिक्का भएर मिडियामा वैदेशिक लगानीको विरोध गर्नुपर्नेमा पनि अध्यक्ष राउतले जोड दिनुभयो।

क्रान्तिकारी पत्रकार महासंघको सम्पन्न बैठकले पौष ४ गते राष्ट्रिय भेलाको आयोजना गर्ने समेत निर्णय गरेको छ। बैठकले लिएका निर्णयहरू आजै वक्तव्यमार्फत् सार्वजनिक गरिने पनि अध्यक्ष राउतले जानकारी दिनुभयो।

## क्रान्तिकारी माओवादी....

घिमिरे, राजमोका चितवन अध्यक्ष डम्बर पुरी, जनसरोकार मञ्चका फडिन्द्रराज आचार्य, नेकपा (ऋषि कट्टे) बद्री अधिकारी लगायतले विरोध मन्तव्य राख्नुभएको थियो।

विरोध सभाको सञ्चालन नेकपा (मसाल)का चितवन प्रवक्ता मेघराज ढकालले सञ्चालन गर्नुभएको थियो।

## एमसीसीको...

प्रमुख वक्ता थापा लगायत अतिथि वक्ताहरूले एमसीसी सम्झौता कसरी राष्ट्रघाती छ र यो किन खारेजी गर्नुपर्छ भन्ने विषयलाई तथ्य र तर्कसहित स्पष्ट पार्नु भएको थियो।

त्यसैगरी लिम्पियाधुरा-लिपुलेक-कालापानी क्षेत्रका नेपाली जनताको जनगणनामा देउवा सरकारले देखाएको उदासिनताको घोर विरोध गर्दै तत्काल जनगणनाको प्रक्रिया अगाडि बढाउन जोडदार माग गर्नुभयो।

त्यस्तै वक्ताहरूले पेट्रोलियम पदार्थ लगायत दैनिक उपभोग्य वस्तुमा गरिएको मुल्यवृद्धि अविलम्व घटाउन पनि माग गर्नुभएको थियो।

प्रा.डा. भण्डारीले भने दुईवटा कविता मार्फत् सत्ता, व्यवस्था र दलाल शासकहरूको विरोध गर्नुभएको थियो।

नेकपा (क्रान्तिकारी माओवादी) र देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपालको संयुक्त आयोजनमा गरिएको विरोध सभामा उल्लेख्य जनसहभागिता रहेको थियो।

## चुनावमा...

महाधिवेशनपछि पनि मुद्रास्फीती बढ्ने संकेतहरू देखा पर्न थालेका छन्।

लेखम हरि रोकाले लेखेका छन्, "महाधिवेशनहरूमा पर्याप्त मात्रामा फजुल खर्च बढ्छ र त्यसको स्रोत सार्वजनिक गरिन्न। यस्ता खर्चहरूको स्रोत भ्रष्टाचार, वैदेशिक सहयोगका नाममा गरिने सम्पत्ति शुद्धीकरण हो भनी अनुमान लगाउन कसैलाई पनि गाह्रो पर्दैन। सामान्य जनतालाई प्रभावित पार्न गरिने तडकभडकले जनताका पक्षमा सुधारका कार्यक्रम तय गर्न र महँगी घटाउन सघाउँदैनन्। दलहरूले गैरराजनीतिक, गैरसामाजिक र गैरसांस्कृतिक रबैया सुधारेनन् भने बढ्दो मुद्रास्फीतिका कारण निकट भविष्यमा देखा पर्ने आक्रोशको आगोमा उनीहरूको अस्तित्व पनि खतरामा पर्न सक्ने कटुसत्यलाई नकार्न सकिन्न।"

# अदालतमा भ्रष्टाचारका बहुआयाम

● विनोद सहयात्री ●

न्यायालयको विकृति विसंगतिबारे अध्ययन गर्न गठन भएको समितिले न्यायसँग सरोकार हुने विभिन्न ११ वटा क्षेत्रमा अनियमितता र भ्रष्टाचार हुने गरेको निष्कर्ष निकालेको छ। सर्वोच्च अदालतका न्यायाधीश हरिकृष्ण कार्कीको नेतृत्वमा गठन भएको समितिले दिएको प्रतिवेदनमा विभिन्न क्षेत्र पहिचान गरी तिनमा विकृति विसंगति रहेको औंल्याइएको छ।

'विभिन्न आधारमा न्यायपालिकामा देखिएका तथा हुनसक्ने विकृति, विसङ्गति, अनियमितता एवम् विचलनका क्षेत्रहरू पहिचान गरिएको छ' सर्वोच्च अदालत उच्च स्रोतले अनलाइनखबरलाई उपलब्ध गराएको प्रतिवेदनमा भनिएको छ, 'न्यायपालिकामा देखिएका तथा हुनसक्ने विकृति विसङ्गति एवम् अनियमितताको विषयलाई स्वतन्त्र न्यायपालिका सम्बन्धी अवधारणा तथा आचरणका नियमहरूको पालना सम्बन्धी मानकका आधारमा यी विषयमा विश्लेषण गरिएको हो।' समितिले ती क्षेत्रहरूका बारेमा विधागत रूपमा सुधार हुनुपर्ने सुझाव पनि दिएको छ। प्रतिवेदनले औंल्याएका क्षेत्रहरू निम्नानुसार छन् -

***एक : न्यायाधीश नियुक्ति***

अध्ययन समितिले न्यायाधीश नियुक्तिदेखि नै विकृतिको शुरुआत हुने औंल्याएको छ। भ्रष्टाचार, विकृति र अनियमितताको कारकतत्वको रूपमा न्यायाधीश नियुक्ति देखिएको अध्ययनको निष्कर्ष छ। प्रायः नियुक्तिमा निष्पक्षता हुन नसकेको भन्दै समितिले त्यसमा सुधार हुनुपर्ने औंल्याएको हो।

भ्रष्टाचार, विकृति र अनियमितताको कारकतत्वको रूपमा न्यायाधीश नियुक्ति देखिएको अध्ययनको निष्कर्ष छ। प्रायः नियुक्तिमा निष्पक्षता हुन नसकेको भन्दै समितिले त्यसमा सुधार हुनुपर्ने औंल्याएको हो।

नातावाद, कृपावाद, संरक्षणवाद, भागबण्डाका आधारमा नियुक्तिको सिफारिस गर्ने परिपाटी देखिएकाले वरिष्ठता, अनुभव, विषयवस्तुको ज्ञान, कार्यकुशलता, इमानदारी, निष्पक्षता, पेशागत आचरण भएकाहरू उपेक्षित भएको निष्कर्ष छ। प्रतिवेदनमा भनिएको छ, 'राजनीतिक हस्तक्षेपका आधारमा सिफारिस हुने गरेका र आर्थिक चलखेलले समेत प्रश्रय पाउने गरेको भन्ने विषयले स्थान पाएको देखिन आएको छ। यसको कारणबाट समग्र नियुक्ति नै विवादमा पर्ने गरेको पाइयो।'

***दुई : सरुवा तथा काज***

जिल्ला र उच्च अदालतका न्यायाधीशहरूको सरुवा र काज व्यवस्थापन गर्ने निकाय न्यायपरिषद हो। त्यहाँ पनि नातावाद, कृपावाद, संरक्षणवाद, भागबण्डा अनि बाह्य प्रभाव हुने भन्दै समितिले त्यही कारणले न्यायाधीशहरूमा काम गर्ने उत्साह र उत्प्रेरणामा कमी आई निराशा उत्पन्न भएको निचोडमा पुगेको हो। 'काज सरुवा निहित स्वार्थको रूपमा प्रयोग हुन थालेको भन्ने पनि व्यापक चर्चामा आएको छ' प्रतिवेदनका अनुसार, 'यतिसम्म कि कसै कसैले सरुवा भएको ठाउँमा जाँदै नगई अनुकूलको ठाउँमा गई कार्यरत रहने गरेको गुनासो पाइयो।'

***तीन : कारबाहीमा असमानता***

अध्ययन प्रतिवेदन अनुसार न्यायालयमा विकृति विसंगति मौलाउनुको अर्को कारण सजाय वा कारबाहीमा हुने असमानता पनि हो। न्यायपरिषद् ऐनमा न्यायाधीशको कामकारबाही र आचरणमा प्रश्न उठे जाँचबुझ गर्ने र त्रुटि देखिए कारबाही गर्न सक्ने आधार छ। तर न्यायपरिषदबाट भएका कतिपय कामकारबाही विवादित पनि बने। जिल्ला न्यायाधीश बाबुकाजी बानियाँ घुस लिएको आरोपमा छानबिन भएर पनि उम्किएका हुन् भने सिद्धबाबाको बलात्कार मुद्दामा फैसलामाथि नै प्रश्न उठेका न्यायाधीश अर्जुन कोइरालाको उच्च अदालतमा बढुवा भयो।

***'कतिपय न्यायाधीश नै बिचौलिया छन्'***

'शक्ति केन्द्र र जिम्मेवार पदाधिकारीसँग नजिक रहेका न्यायाधीशहरू कारबाहीको दायरामा नआउने तर असल, इमानदार, चरित्रवान् न्यायाधीशहरूले न्याय सम्पादनको काम गर्दा कारबाहीको भय र त्रासमा रहनुपर्ने अवस्था पाइन्छ' प्रतिवेदनमा भनिएको छ, 'उही र उस्तै प्रकारका गल्ती गर्ने न्यायाधीशमाथि समान कारबाही नगरी फरकफरक कारबाही गरेको कारण न्यायाधीशहरूले स्वतन्त्रतापूर्वक न्याय सम्पादन गर्न सक्ने अवस्था नरहेको महसूस गरेको पाइयो।' अध्ययन समितिले शक्तिको आडमा र जिम्मेवार पदाधिकारीको संरक्षणमा भ्रष्टाचारबाट सम्पत्ति आर्जन गरेर अस्वाभाविक जीवनशैली अपनाएका न्यायाधीशहरू देखिएको भन्दै तिनीहरूमाथि छानबिन र कारबाही हुनुपर्ने औंल्याएको छ।

***चार : भ्रष्टाचार र बिचौलिया***

एक सदस्यका अनुसार, अध्ययन समितिले प्रतिवेदन तयार गर्न सबैभन्दा बढी समय खपत गरेको विषय नै यही हो। प्रतिवेदनले पनि न्यायालयमा भ्रष्टाचार र बिचौलियाको प्रभावलाई प्रमुख समस्याको रूपमा औंल्याएको छ। कतिपय न्यायाधीशहरू भ्रष्टाचारमा संलग्न रहेका छन् भन्ने तथ्य सार्वजनिक भएको भन्दै समितिले विभिन्न माध्यमहरू अपनाएर उनीहरूले भ्रष्टाचार गरेको निष्कर्ष निकालेको हो।

'मुद्दाका पक्षले आफ्नो कानून व्यवसायीलाई पेशी सूची प्रकाशित हुनुपूर्व नै आफ्नो मुद्दा फलानो इजलासमा पर्छ र त्यसमा छोटो बहस गरिदिनुहोला वा मुद्दा नहटाइदिनुहोला भनी आग्रह गर्ने गरेको पाइयो' प्रतिवेदनमा भनिएको छ, 'मुद्दा सोही इजलासमा पर्ने र पहिले भनिए अनुसार नै मुद्दाको परिणाम आउने गरेको भन्ने कानून व्यवसायीहरूबाट गुनासो रहेको देखिन्छ।' जिल्ला अदालतहरूमा शुरूदेखि अन्त्यसम्म एउटै न्यायाधीशले मुद्दा हेर्ने प्रणालीले गर्दा कतिपय ठाउँमा यो विकृति झनै मौलाएको प्रतिवेदनमा उल्लेख छ।

***पाँच : न्यायिक कामकारबाहीमा ढिलाइ***

छिटोछरितो रूपमा न्यायसम्पादन हुनुपर्नेमा मुद्दा-मामिलामा हुने ढिलाइले पनि विकृति बढेको समितिको निष्कर्ष छ। हुन पनि देशभरका अदालतमा दुई वर्षभन्दा पुराना मुद्दा २३ हजारभन्दा बढी छन्। त्यसको आधाभन्दा बढी मुद्दा सर्वोच्च अदालतमा छन्। सर्वोच्च अदालतमा पाँच वर्ष नाघेका मुद्दाको संख्या तीन हजारभन्दा बढी छ। न्याय निरूपणमा ढिलाइ भएमा विकृति र विचलन बढ्ने भन्दै समितिले पुराना मुद्दाहरू नै न्यायपालिकाको शुद्धीकरणका लागि प्रमुख चुनौती भनी औंल्याएको छ।

अध्ययन प्रतिवेदन अनुसार न्यायालयमा विकृति विसंगति मौलाउनुको अर्को कारण सजाय वा कारबाहीमा हुने असमानता पनि हो। न्यायपरिषद् ऐनमा न्यायाधीशको कामकारबाही र आचरणमा प्रश्न उठे जाँचबुझ गर्ने र त्रुटि देखिए कारबाही गर्न सक्ने आधार छ। तर न्यायपरिषदबाट भएका कतिपय कामकारबाही विवादित पनि बने।

'कानून व्यवसायीले बारम्बार पेशी स्थगित गर्नु, कर्मचारीको भूमिका, इजलास समयमा नबस्ने, पर्याप्त जनशक्ति र भएका जनशक्तिको उचित व्यवस्थापनको अभाव, म्याद तामेली समयमा नहुने लगायत' प्रतिवेदनमा भनिएको छ, 'सरोकारवालाहरूको असहयोग, मुद्दाका पक्षका अवस्थालाई हेरेर मुद्दा छिन्न न्यायाधीशहरूमा रहेको त्रास, आदि कारण रहेको पाइन्छ।'

***छ : न्यायिक प्रक्रियामा अनियमितता***

न्याय निरूपणका क्रममा हुनुपर्ने प्राथमिकता र पेशी व्यवस्थापनमा समस्या हुँदा पनि विकृति थपिएको अध्ययन समितिको बुझाइ छ। कानून बमोजिम प्राथमिकतामा पर्ने मुद्दाहरूका पक्षले लामो समयसम्म पेशीको समय नपाउने तर कतिपय मुद्दाहरू एकदमै छिटोछिटो पेशीको समय पाउने गरेको भेटिएको समितिले उल्लेख गरेको छ। प्रतिवेदन अनुसार, पेशीमा चढेका पुराना मुद्दाहरू कुनै हप्ता एकदम अघिल्लो क्रममा र कुनै हप्ता एकदम पछिल्लो क्रममा पर्ने गरेको भेटिएको थियो। त्यसो हुनु भनेको पेशी व्यवस्थापनमै चलखेल हुनु हो। यसले विकृति मौलाउने भन्दै समितिले नियन्त्रण गर्न सुझाव दिएको छ।

***सात : अनुसन्धान तथा अभियोजनमा कमजोरी***

सरकारवादी फौजदारी मुद्दाको अनुसन्धान तथा अभियोजनमा कैयौं कमजोरी रहेको भन्दै समितिले दबाब, प्रभाव, प्रलोभनका कारण कतिपय मुद्दाको अनुसन्धान फितलो हुने औंल्याएको छ। भौतिक र वैज्ञानिक प्रमाणमुखी अनुसन्धानको साटो मौखिक प्रमाणलाई आधार बनाई अनुसन्धान हुने गरेको भन्दै समितिले समन्वय हुनुपर्ने सुझाव दिएको छ।

आधुनिक प्रविधिको प्रयोग गरी आर्थिक, बहुउद्देश्यीय र बहुराष्ट्रिय प्रकृतिका संगठित अपराध बढ्दो क्रममा छन्। समितिले त्यस्ता अपराध अनुसन्धान गर्न विशेष प्रकृतिको जनशक्ति, स्रोतसाधन, सीप र क्षमता विकास हुनुपर्ने समितिको सुझाव छ। उजुरी पर्नासाथ निष्पक्ष छानबिन नगरी पूर्वाग्रही हुने समस्या बढेको भन्दै समितिले 'अनुसन्धान अधिकारीलाई अभियोजनकर्ताबाट दिइने निर्देशन सम्बन्धी कानूनी व्यवस्थाको प्रभावकारी रूपमा पालना हुन नसकेको' भनेको छ।

***आठ : न्याय सम्पादनमा समस्या***

अध्ययन समितिको निष्कर्ष अनुसार न्याय सम्पादन प्रक्रियाका क्रममा पनि समस्या छन्। पद, पैसा, पहुँच र शक्तिसम्पन्न व्यक्ति संलग्न मुद्दाहरूमा ठूलो संख्यामा कानून व्यवसायी नियुक्त गर्दा अदालतको समय खपत भएको भन्दै समितिले त्यसबाट सामान्य हैसियतका सेवाग्राहीहरूको मुद्दाले पालो नपाउने स्थिति बनेको औंल्याएको छ।

न्यायाधीशलाई नियामक निकायका पदाधिकारी र माथिल्लो अदालतका न्यायाधीशबाट हस्तक्षेप गर्ने काम भएको भन्दै समितिले त्यसले गर्दा अदालतमा विचाराधीन मुद्दा प्रभावित भएको औंल्याएको छ। यसो भन्नुको अर्थ न्यायपरिषदका पदाधिकारी तथा सर्वोच्च अदालत र उच्च अदालतका न्यायाधीशहरूले तल्लो तहका अदालतका न्यायाधीशहरूको कामकारबाहीमा हस्तक्षेप गरेको भन्ने हो।

समितिले एउटा इजलासले दैनिक रूपमा सुनुवाइ गर्न सम्भव हुने मुद्दाको तुलनामा ठूलो संख्यामा मुद्दाहरूको पेशी सूची प्रकाशन गर्नुलाई पनि विकृति मानेको छ भने निर्धारण समयमा इजलास किन बस्न नसकेको भनी प्रश्न उठाएको छ। न्याय निरूपण गर्ने क्रममा कतिपय न्यायाधीशको कार्यक्षमतामा पनि प्रश्न उठाइएको छ। 'नजीर पालना नगर्ने प्रवृत्ति बढ्दै गएको छ' प्रतिवेदनमा 'स्वविवेकीय अधिकारको प्रयोगमा अवलम्बन गर्नुपर्ने न्यायिक मूल्य र मान्यताको कमी देखिएको कारण न्यायमा प्रभाव परेको' भनिएको छ।

समितिले अदालतमा विचाराधीन मुद्दालाई प्रभावित गर्ने गरी विभिन्न सञ्चारमाध्यममा सामग्री प्रकाशन हुने गरेको कारण न्याय सम्पादनमा असर पर्ने गरेको औंल्याएको छ। प्रतिवेदनमा भनिएको छ, 'न्यायाधीशहरूले आफ्नो प्रचारका लागि आफूले गरेका फैसला वा आदेशहरू सामाजिक सञ्जाल वा समाचारमाध्यममा प्रकाशित गर्ने/गराउने र प्रतिरक्षा गर्ने प्रवृत्ति बढ्दै गएको छ।'

अदालतको फैसला अनुसार कैद र जरिवाना हुनुपर्ने व्यक्तिको पहिचान खुल्ने विवरण नहुँदा फैसला कार्यान्वयन हुन नसकेको प्रतिवेदनमा औंल्याइएको छ। फैसला कार्यान्वयनका लागि सहयोगी भूमिकामा रहेका निकायहरूमा सहयोग गर्नुपर्ने भावना नरहेको भन्दै अध्ययन समितिले कतिपय अवस्थामा त कर्मचारी प्रभावित हुने गरेको औंल्याएको हो।

***नौ : फैसला कार्यान्वयनमा समस्या***

'फैसला कार्यान्वयन गरेबापत डोरमा खटिने कर्मचारी र तहसिलदारले पाउने प्रोत्साहन भत्ता वितरणमा देखिएको व्यावहारिक समस्याको कारण फैसला कार्यान्वयन प्रभावित भएको' प्रतिवेदनमा 'मुद्दामा पराजित हुने पक्षले फैसला कार्यान्वयन हुन नदिन फैसला कार्यान्वयन गर्ने निकायमा कार्यरत कर्मचारीलाई प्रभावित गर्ने गरेको पाइएको', भनिएको छ।

***दश : कानून व्यवसायी***

अध्ययन समितिले न्यायालयमा विकृति विसंगति हुनुको एउटा प्रमुख आधारको रूपमा कानून व्यवसायी पनि भएको आरोप लगाएको छ। आफूले लिएको मुद्दा जित्नै पर्ने मानसिकता हुने गरेको भन्दै अध्ययनले आफूले गरेको कामको लोकप्रियताका लागि प्रचारप्रसार गर्ने प्रवृत्तिका कारण अदालतको जनआस्थामा समस्या उत्पन्न हुने निष्कर्ष निकालेको हो।

कानून व्यवसायीहरूले मुद्दाको पक्षसँग लिने पारिश्रमिक पारदर्शी हुन नसकेको, कतिपय कानून व्यवसायीहरूले बिचौलियाको भूमिका खेलेको, कानून व्यवसायीहरूको व्यावसायिकतामा कमी आएको भन्दै समितिले 'इजलाससमक्ष सुनुवाइ हुँदाको अवस्थामा कतिपय कानून व्यवसायीहरू यथोचित मर्यादा र गरिमासाथ प्रस्तुत हुन नसकेको' भनेको छ।

***एघार : कर्मचारी व्यवस्थापन***

न्यायाधीश सहित सर्वपक्षीय समितिका पदाधिकारीहरूले कर्मचारी व्यवस्थापनमा देखिएको समस्या पनि न्यायालयमा विकृति/विसंगति झाँगिनुको प्रमुख कारण मानेका छन्। पदस्थापन, सरुवा तथा काज सरुवा गर्दा वस्तुनिष्ठ आधार र मापदण्ड नभई नातावाद, कृपावाद र संरक्षणवाद हावी हुने गरेको भन्दै समितिले करारमा कर्मचारी नियुक्ति गर्ने परिपाटीले सक्षमतालाई भन्दा नातावाद, कृपावाद र संरक्षणवाद मौलाएको टिप्पणी गरेको छ।

कर्मचारी संघ-संगठनको कतिपय गतिविधिका कारण कर्मचारी प्रशासन र आचरण पालनामा समस्या भएको भन्दै समितिले, 'कतिपय कर्मचारीका भ्रष्टाचारजन्य गतिविधि र आचरणका कारण अदालतको जनआस्थामा गम्भीर असर परेको' भनेको छ।

न्यायपालिकामा भ्रष्टाचार झाँगिँदै जानसक्ने औंल्याउँदै अध्ययन समितिले तुरुन्तै प्रभावकारी कदम चाल्न सुझाव दिएको छ। न्यायपालिकामा हुने विकृत्ति, विसंगति, अनियमितता, भ्रष्टाचार एवं बिचौलियाको प्रभाव रोकथाम सम्बन्धमा सुझाव संकलनपछि तयार पारिएको प्रतिवेदनमा राष्ट्रिय-अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाबाट अनुसन्धानका नाममा न्याय क्षेत्रमा रकम भित्रिने प्रवृत्तिमा पनि रोक लगाउन सुझाइएको छ।

भ्रष्टाचार नियन्त्रणमा भूमिका खेल्नुपर्ने निकायको उदासीनताका कारण आम सरोकारवालाबाट स्वतन्त्र, निष्पक्ष, निष्कलंक, निष्ठावान्, योग्य, सक्षम, इमानदार भनी सार्वजनिक जीवनमा परिचित र स्थापित विज्ञ सम्मिलित अधिकार सम्पन्न संयन्त्र बनाई छानबिन गरी भ्रष्टाचार नियन्त्रणमा कदम चाल्न सुझाइएको छ।

न्याय परिषद्लगायत जिम्मेवार निकायबाट भ्रष्टाचार नियन्त्रणमा पूर्वाग्रह, प्रतिशोध नराखी निष्पक्ष, दोषरहित ढंगबाट छानबिन गरी दोषीलाई अविलम्ब कारबाही गर्न अध्ययन प्रतिवेदनले सुझाएको छ।

सर्वोच्च अदालतका न्यायाधीश हरिकृष्ण कार्कीको संयोजकत्वमा गठित अध्ययन समितिमा न्यायाधीश प्रकाशमान सिंह राउत, नेपाल बार एसोसिएसनका अध्यक्ष चण्डेश्वर श्रेष्ठ, नायब महान्यायाधिवक्ता पदमप्रसाद पाण्डेयलगायत थिए।

***नीतिको आवरणमा मौलाएको भ्रष्टाचार***

नेपालमा भ्रष्टाचार सबैभन्दा ठूलो समस्या बनेको छ। राज्यको कुनै निकाय अपवाद छैन, जहाँ कुनै न कुनै मात्राको भ्रष्टाचार नहोस्। अत्यन्त संवेदनशील मानिने न्यायालय र सुरक्षा निकायहरूमा समेत अत्यधिक मात्रामा भ्रष्टाचार हुने गरेको अध्ययन प्रतिवेदनले देखाएको छ। यसबाट भ्रष्टाचारले कुन हदसम्म जरा गाडेको छ, अनुमान गर्न सकिन्छ। विभिन्न ३१ जिल्लाका सर्वसाधारण ५,०३७, उद्योगी व्यवसायी १५१ र न्याय सम्पादनमा संलग्न व्यक्ति (सरकारी तथा निजी वकिल, अदालतका कर्मचारी, कानुनका शिक्षक/अनुसन्धानकर्ता र न्यायाधीश २६० गरी जम्मा ५,४४८ उत्तरदातालाई तपाईंको विचार/अनुभवमा नेपालका अदालतमा भ्रष्टाचार छजस्तो लाग्छ वा लाग्दैन भनी सोधिएको प्रश्नमा सर्वसाधारणमध्ये ६८.४ प्रतिशत उत्तरदाता, उद्योग व्यवसायीमध्ये ८१.५ प्रतिशत उत्तरदाता, न्याय सम्पादनमा संलग्न उत्तरदातामध्ये ४० प्रतिशतले अदालतभित्र भ्रष्टाचार हुन्छ भनी बताएको देखिन्छ।

त्यस्तै, कुनै मुद्दा जित्नका लागि न्यायाधीशलाई आर्थिक प्रलोभन वा प्रभावमा पार्नु परेको छ कि भनी अदालत जाने गरेका ७७५ उत्तरदातालाई सोधिएकामा ७८ उत्तरदाता (१०.१ प्रतिशत) ले आफूले मुद्दा जित्नका लागि न्यायाधीशलाई प्रभावमा पारेको बताएको देखिन्छ। सर्वेक्षणमा अदालतभित्र भ्रष्टाचार हुन्छ भन्ने मत राख्ने तीन समूहका उत्तरदातालाई यसका लागि सबैभन्दा बढी जिम्मेवार पक्षको नाम भन्नुहोस् भनी प्रश्न सोधिएकामा उत्तरदाताले कर्मचारी, स्वयं न्यायाधीश र कानुन व्यवसायीलाई क्रमशः अदालतभित्रको भ्रष्टाचारको लागि बढी जिम्मेवार पक्ष भनी मत राखेको देखिन्छ।

कति न्यायाधीश निष्पक्ष छन् भनी ५,०३७ जनालाई सोधिएको प्रश्नमा ५१.२ प्रतिशत उत्तरदाता (२,५७८) ले थोरै मात्रामा, २५ प्रतिशत उत्तरदाता (१,२६०) ले भन्न सक्दिनँ, १६.७ प्रतिशत उत्तरदाता (८३९) ले धेरै मात्रामा, ३.५६ प्रतिशत उत्तरदाता (१८३) ले सबै र ३.५ प्रतिशत उत्तरदाता (१७७) ले कुनै पनि निष्पक्ष छैनन् भनी बताएको देखिन्छ। कति न्यायाधीशलाई आर्थिक वा अन्य प्रभावमा पारेर काम बनाउन सकिन्छ भनी सोधिएको प्रश्नमा ३१.८ प्रतिशत उत्तरदाता (१,६०२) ले सबैजसोलाई, २८.९ प्रतिशत उत्तरदाता (१,४५६) ले थोरै मात्रामा, २८.९ प्रतिशत उत्तरदाता (१,४५६) ले भन्न सक्दिनँ, ६.१ प्रतिशत उत्तरदाता (३०५) ले सबै र ४.३ प्रतिशत उत्तरदाता (२१९) ले कुनै पनि न्यायाधीशलाई किन्न नसकिने भनी बताएको देखिन्छ। यो मत सर्वेक्षण अवस्था धेरै नै बिग्रिएको भनिएको आजको न्यायालयको होइन। ०६२/६३ को परिवर्तनपूर्वको सर्वेक्षण मत हो। जतिबेला न्यायालय धेरै अवस्थामा अहिलेभन्दा ठीक र तन्दुरुस्त थियो। हामी अनुमान गर्न सक्छौं, यदि कसैले न्यायालयबारे आज ताजा सर्वेक्षण गरे परिणाम कस्तो आउँथ्यो होला ! संवेदनशील भनिएको निकायमा यस्तो छ, अरूको हालत कस्तो होला !

संविधानले भ्रष्टाचारको निवारण गर्न भनी शक्तिशाली संवैधानिक निकायको रूपमा अख्तियार दुरूपयोग अनुसन्धान आयोग स्थापना गरेको छ। बर्सेनि यसले हजारौं भ्रष्टाचारका उजुरी संकलन गर्छ, त्यसमाथि अनुसन्धान गर्छ र त्यत्तिकै संख्यामा अदालतमा मुद्दासमेत दायर गर्छ। अदालतले पनि अख्तियारले दायर गरेका धेरैजसो मुद्दामा आरोपीलाई सजाय दिन्छ। यसका बाबजुद समाजमा भ्रष्टाचार घट्नुको सट्टा झन्झन् बढेको अवस्था छ। सयौं आरोपीलाई अदालतले भ्रष्टाचारी ठहर गर्दासमेत सार्वजनिक पदधारण गरेका अन्य व्यक्तिले कुनै सिकाइ ग्रहण गरेको देखिँदैन। धेरै पक्ष जिम्मेवार भए पनि मुख्य कारण 'नीतिगत विषय' को आवरणमा ठूला भ्रष्टाचार र भ्रष्टाचारी संरक्षित हुनु हो। यो अवस्था रहेसम्म मुद्दाको संख्यामा जति नै वृद्धि भए पनि वा जति धेरै संख्यामा साना आरोपी दोषी ठहर हुँदै गए पनि भ्रष्टाचार न्यूनीकरण वा अन्त्यको सम्भावना देखिँदैन।

उदाहरणका लागि, ललिता निवास जग्गा प्रकरणमा प्राप्त गरेको ठूलो सफलताका बाबजुद अख्तियारले 'नीतिगत निर्णय' को आवरणमा शक्तिशाली व्यक्तिलाई कानुनी उन्मुक्ति दिँदा सिंगो अनुसन्धान प्रक्रिया नै विवादित बन्न पुगेको छ। अख्तियारले शक्तिशाली व्यक्तिलाई उन्मुक्ति दिँदा सहारा लिएको अख्तियार दुरूपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ४ नीतिगत विषयसँग सम्बन्धित छ, निर्णयसँग होइन। शक्तिहीन व्यक्तिलाई मुद्दा चलाउने र शक्तिशालीलाई उन्मुक्ति दिँदै जाँदा यसको विश्वसनीयतामाथि नै प्रश्न उठेका छन्।

नेपालको संविधानले विभिन्न १३ शीर्षकमा जम्मा ९६ वटा विषयलाई नेपाल राज्यका नीतिहरू भनी सूचीकृत गरेको छ। प्रत्येक शीर्षकअन्तर्गत खास-खास नीतिहरू किटानी छन्। उदाहरणका लागि, कृषि र भूमिसुधारसम्बन्धी नीतिअन्तर्गत भूमिमा रहेको दोहोरो स्वामित्व अन्त्य गर्दै किसानको हितलाई ध्यानमा राखी वैज्ञानिक भूमिसुधार गर्ने, अनुपस्थित भू-स्वामित्वलाई निरुत्साहित गर्दै जग्गाको चक्लाबन्दी गरी उत्पादन र उत्पादकत्व वृद्धि गर्ने, किसानको हकहित संरक्षण र सम्वर्द्धन गर्दै कृषिको उत्पादन र उत्पादकत्व बढाउन भूउपयोग नीतिको अवलम्बन गरी भूमिको व्यवस्थापन र कृषिको व्यवसायीकरण, औद्योगिकीकरण, विविधीकरण तथा आधुनिकीकरण गर्ने, भूमिको उत्पादनशीलता, प्रकृति तथा वातावरणीय सन्तुलनसमेतका आधारमा नियमन एवं व्यवस्थापन गर्दै त्यसको समुचित उपयोग गर्ने र कृषकका लागि कृषि सामग्री, कृषि उपजको उचित मूल्य र बजारमा पहुँचको व्यवस्था गर्ने उल्लेख छ।

प्रश्न उठ्छ, संविधानले उल्लेख गरेको भूमिसम्बन्धी कुन नीतिअन्तर्गत नक्कली मोही खडा गर्ने र सरकारी जग्गा व्यक्तिका नाममा दर्ता गराउन निर्णय गर्ने कतिपय ठूला व्यक्तिलाई अख्तियारले ललिता निवास जग्गा प्रकरणमा उन्मुक्ति दिएको हो ? के अख्तियारसँग यसको कुनै जवाफ छ ? स्थापनाकालदेखि आजसम्म नीतिगत निर्णयको नाममा जति पनि ठूला व्यक्तिहरूलाई अख्तियारले उन्मुक्ति दिँदै आयो, के ऊसँग यसको कुनै ठोस कानुनी, सैद्धान्तिक र संवैधानिक आधार छ ? नीतिगत विषय वा निर्णयको आवरणमा जसरी एकपछि अर्को ठूला र शक्तिशाली व्यक्तिलाई अपराधबाट उन्मुक्ति दिने परिपाटी बसालिँदै छ, यो आफैंमा आपत्तिजनक छ। बालुवाटार जग्गा प्रकरणमा अख्तियार दुरूपयोग अनुसन्धान आयोगले मन्त्रिपरिषद्का नीतिगत निर्णय छानबिन आफ्नो क्षेत्राधिकारभित्र नपर्ने भन्दै दुई पूर्वप्रधानमन्त्रीलाई अभियोगबाटै उन्मुक्ति दियो। मुद्दाको अभियोगपत्रमा अख्तियारले पूर्वप्रधानमन्त्रीद्वय माधवकुमार नेपाल र बाबुराम भट्टराईलाई मुद्दा नचलाउनेबारे प्रस्टै लेखेको छ।

कातिर अख्तियारले आफूलाई सरकारको नीतिगत निर्णयमा पस्ने अधिकार नभएको बताएको छ भने अर्कोतिर घुस लुकाउन दिनेलाई कारबाही गर्नु नपर्ने र घुस लुकाउनेलाई मात्र कारबाही हुनुपर्ने दलिलसमेत पेस गरेको छ।

भ्रष्टाचार मुद्दामा अख्तियारको यस्तो निर्णयले सरकारले चाहे नीतिगत निर्णयका नाममा केसम्म गर्दो रहेछ भन्ने २५ वर्ष पुरानो एउटा घटना सम्झाएको छ। पञ्चायतकालको उत्तरार्द्धमा उठान भएको भरत गुरुङ प्रकरण बहुदलको सरकारले नीतिगत निर्णयबाटै गुपचुप पार लगाएको थियो। तत्कालीन शाही नेपाली सेनाका प्रमुख सेनानी थिए, भरत। उनी राजा वीरेन्द्रका कान्छा भाइ अधिराजकुमार धीरेन्द्रका अंगरक्षक भएकाले शक्तिशाली मानिन्थे।

राजपरिवारका सदस्यसँग नजिक भरत पक्राउ पर्दा त्यसबेला हंगामा भएको थियो। दरबारसँगको निकटतालाई उनले राजनीतिमा समेत मज्जैले प्रयोग गरेका थिए। भ्रष्टाचार र अवैध गतिविधिमा लागेको भन्दै भरतलाई ०४४ मा सेनाले पक्राउ गर्‍यो। उनीमाथि ज्यान मार्ने उद्योग, लागूऔषधको अवैध कारोबार, विदेशी मुद्राको अवैध कारोबार, हातहतियार खरखजाना र सुन तथा घडीको तस्करीमा संलग्न भएको आरोप लागेको थियो।

उनीमाथि पत्रकार पदम ठकुराठीलाई तह लगाउन भन्दै जगत गौचनबाट रकम लिएको आरोप थियो। भरतको घरबाट बरामद डायरीमा उल्लिखित अभिलेखले जगतले ठकुराठीलाई ठीक पार्न ४० हजार रूपैयाँ रकम दिएको पोल खुलेको थियो। गौचन पञ्चायतकालमा अराजक गतिविधि गर्ने 'भूमिगत गिरोह' मा सामेल थिए भने पछि राष्ट्रिय प्रजातन्त्र पार्टीका नेता भए। राजा ज्ञानेन्द्र शाहको शासनकालमा राज्यमन्त्री बने। जगत र उनका दाइ एवं राष्ट्रिय पञ्चायत सदस्य भीमप्रसाद गौचनको योजना भरतले कार्यान्वयन गरेका थिए। ठकुराठीलाई उनकै निवास काठमाडौं भीमसेनगोलामा गोली हानिएको थियो। ठकुराठीको ज्यान जोगिए पनि एउटा आँखा भने आजीवन गुमाए। ठकुराठीलाई २१ भदौ ०४३ मा गोली हानिएको दिन नै भरतले उक्त रकम पाएको प्रहरीले बरामद गरेको डायरीबाट खुलेको थियो।

भरत लागूऔषधको कारोबारमा समेत संलग्न भएको आरोप थियो। प्रहरीले उनको घरबाट सेतो र खैरो हेरोइन बरामद गरेको थियो। ९० थान पेस्तोलको गोलीसमेत उनको घरबाट भेटिएको थियो। उक्त गोली आफूलाई श्यामबहादुर पाण्डेले राख्न दिएको गुरुङले अदालतमा बयान दिएका थिए। पाण्डेले भरतको भनाइ अस्वीकार गरेका थिए। हङकङबाट सुन, घडी र साडी तस्करीको गिरोहमा समेत गुरुङ सक्रिय भएको आरोप थियो।

पक्राउपछि भरतलाई जनरल सैनिक अदालत गठन गरेर कोर्टमार्सल गरियो। सैनिक अदालतले उनलाई दोषी ठहर्‍याउँदै २० वर्ष कैद र बिगो जरिवानाको फैसला गर्‍यो। सैनिक अदालतले लागूऔषध कारोबारको मुद्दामा यति लामो कैद सुनाएको थियो। उक्त फैसलापछि भरत जेल चलान गरिए भने भविष्यमा सरकारी सेवामा अयोग्य ठहरिने गरी सेवाच्युत भए।

सुन तस्करीमा भरतलाई उकासेको भनेर टासी घले, इमानसिंह गुरुङलगायत गैरसैनिक व्यक्तिसमेत मुछिएका थिए। उनीहरूलाई समेत सैनिक ऐनअनुसार नै दण्ड दिइएको थियो। तर इमानसिंहकी श्रीमती धनकुमारीले गैरसैनिक व्यक्तिलाई सैनिक कानुन लागू नहुने भन्दै सैनिक अदालतको निर्णयविरुद्ध सर्वोच्च अदालतमा बन्दी प्रत्यक्षीकरणको रिट हालिन्।

रोचक त के भने, इमानसिंह पक्राउ परेलगत्तै उनकी श्रीमती धनकुमारीविरुद्ध समेत सुन, घडीलगायत अवैध सामान ओसारपसारमा सरकारले मुद्दा चलाएको थियो। धनकुमारीलाई विदेशी मुद्राको अवैध कारोबार र भन्सार चोरी पैठारीसम्बन्धी चलेको मुद्दामा २ वर्ष जेल सजाय भएको थियो।

सर्वोच्चले मुख्य कसुरदार भरत गुरुङलाई भन्दा उकास्ने इमानसिंहलाई बढी सजाय दिन नमिल्ने भन्दै यसलाई घटाएर २ वर्ष ६ महिना मात्र दण्ड दिनुपर्ने ठहर्‍यायो। सर्वोच्चले कायम गरेको सजायभन्दा बढी समय जेल बसिसकेकाले इमानसिंह सर्वोच्चको आदेशपछि छुटे।

यही फैसला भरत गुरुङका लागि उन्मुक्तिको हतियार बन्यो। त्यो पनि मन्त्रिपरिषद्को निर्णयबाटै। फैसला भएको दुई वर्षपछि प्रमुख सेनानी भरतकी श्रीमती मनकुमारीसहितका नातेदारले आफूहरू गैरसैनिक भएकाले सरकारले रोक्का राखेको सम्पत्ति फिर्ता दिन अनुरोध गर्दै प्रधानमन्त्री कार्यालयमा निवेदन दिए। निवेदन १३ भदौ ०५१ मा दर्ता भएको थियो। पदीय अख्तियारी दुरूपयोग गरेर अवैध सम्पत्ति कमाएको भन्दै सैनिक अदालतको आदेशमा प्रमुख सेनानी भरतको सम्पत्ति सरकारले जफत गरेको थियो।

भरतले गैरकानुनी बाटोबाट आर्जित सम्पत्ति श्रीमती र नातेदारको नाममा लुकाएका थिए। श्रीमती मनकुमारी, छोरा आनन्द, बुहारी अनुग्रह, छोरी आरती तथा नातेदारद्वय शुकबहादुर गुरुङ र मीनबहादुर गुरुङको नाममा काठमाडौंमा मात्रै १ सय २८ रोपनी ८ आना जग्गा लुकाएको अनुसन्धानबाट खुलेको थियो। त्यो सम्पत्ति आफ्नो भएको प्रमुख सेनानी भरतले सैनिक अदालतसमक्ष स्वीकारेका थिए। सैनिक अदालतले काठमाडौंको बाँसबारीस्थित ४ रोपनी जग्गामा बनेको घरबाहेक सबै चलअचल सम्पत्ति सरकारीकरण हुने ठहर्‍याएको थियो। तर गैरसैनिक व्यक्तिको स्वामित्वमा रहेको भन्दै सोही जग्गा फिर्ता दिन भरतका नातेदारले सरकारलाई चिठी लेखेका थिए। प्रधानमन्त्रीलाई सम्बोधन गरिएको निवेदनमा दुई वर्षअघिको इमानसिंहको मुद्दामा सर्वोच्चले सुनाएको फैसलालाई पनि उद्धरण गरिएको छ। निवेदनमा सम्पत्ति फिर्ताको आग्रह गरिए पनि २८ कात्तिक ०५१ को मन्त्रिपरिषद्ले प्रमुख सेनानी भरतको माफी मिनाहाको सिफारिस गर्‍यो, जसलाई राजा वीरेन्द्रले ०४७ को संविधानको धारा १२२ प्रयोग गरेर सदर गरिदिएका थिए। 'तोकिएकोमध्ये भुक्तान हुन बाँकी दण्ड सजाय मिनाहा बक्सेको' राजदरबार प्रमुख सचिवालयको निर्णयमा उल्लेख छ। सोही बीचमा प्रमुख सेनानी भरत गुरुङले पनि पूरा माफी मिनाहाका लागि निवेदन दिए। पछिल्लो सिफारिसबारे दरबारबाट निर्णय नआए पनि सरकारले पहिलो निर्णयलाई नै आधार मानेर भरतको सबै जफत सम्पत्ति फिर्ता दियो। सरकारले निर्णयसमेत लुकाएको थियो। माफी मिनाहा दिने निर्णय भएको डेढ वर्षपछि २१ चैत ०५२ मा मात्रै राजपत्रमा सूचना निकालेको थियो, त्यो पनि निर्णय गरेको मिति नै नराखीकन। प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाले बीचमै संसद् भंग गरेर मध्यावधि चुनावको घोषणा गरेका थिए। त्यही चुनावको अघिल्लो दिन सम्पत्ति फिर्ताको निर्णय भएको थियो, आलोचनाबाट जोगिन।

प्रमुख सेनानी गुरुङको राजधानीमा ७ मिलियन डलर बराबरको घरजग्गा भेटिएको अमेरिकी अखबार लस एन्जल्स टाइम्सले १६ अगस्त १९८७ मा लेखेको थियो। '६ वटा बंगला। थुप्रै सवारी साधन। ७ मिलियन डलर मूल्य बराबरको जग्गा। गरिब देश नेपालमा यति सम्पत्ति हुनु सौभाग्य हो,' लस एन्जल्सले लेखेको छ। पत्रकार हरिबहादुर थापाको पुस्तक रजगजमा भरतको ठमेलस्थित घरमा त्यसबेला श्रम मन्त्रालय र महाराजगन्जको अर्को घरमा विपक्षी दल एमालेका नेता बस्ने गरेको उल्लेख छ।

अकुत आर्जन अरूको नाममा राखेर सहजै उम्कने चतुर शैलीकै परिणाम यो प्रवृत्ति मौलाइरहेको छ। बालुवाटार जग्गा प्रकरणमा मुछिएका तत्कालीन मालपोत अधिकृतद्वय सुधीर शाह र गेहनाथ भण्डारीले पत्नीको नाममा घुसबापतको जग्गा लुकाएरै मुद्दाबाट उन्मुक्ति पाए। घुस जग्गा फिर्ता गर्ने सर्वोच्चका न्यायाधीश कुमार रेग्मी र नेकपा नेता विष्णु पौडेलका छोरा नवीन छानबिनमै अटाएनन्। नीतिगत निर्णयको आडमा हुने अनियमितता र अवैध आर्जन लुकाउने पञ्चायतकालीन प्रवृत्ति उर्वर बनिरहेको बालुवाटार प्रकरणमा पुनः पुष्टि भएको छ।

## सार्वजनिक...

कुल खर्च ११ खर्ब ८० अर्ब रूपैयाँ छ। त्यसमध्ये पुँजीगत खर्च १९.३५ प्रतिशत मात्र छ। आर्थिक वर्ष २०७४/७५ मा संघीय सरकारको कुल खर्च १० खर्ब ८७ अर्ब रूपैयाँ थियो। जसमध्ये पुँजीगत खर्च २४.९ प्रतिशत थियो। 'आर्थिक वर्ष २०७४/७५ को कुल खर्चमा चालु खर्चको अनुपात ६४.१ प्रतिशत रहेकोमा आर्थिक वर्ष २०७७/७८ मा उक्त खर्च ७२.१ प्रतिशत पुगेको छ,' श्वेतपत्रमा भनिएको छ।

आर्थिक वर्ष २०७७/७८ मा पुँजीगत खर्चका लागि विनियोजित रकमको ६४.७ प्रतिशत मात्र खर्च भएको छ। यस्तो खर्च आर्थिक वर्ष २०७३/७४ मा पुँजीगत खर्चतर्फ विनियोजित रकमको ६६.९ प्रतिशत, आर्थिक वर्ष २०७५/७६ मा ७६.९ प्रतिशत र आर्थिक वर्ष २०७६/७७ मा ४६.३ प्रतिशतमा थियो।

सरकारले आर्थिक वर्षको अन्त्यमा ठूलो रकम खर्च हुने गरेको पनि देखिएको छ। जसअनुसार विगत पाँच आर्थिक वर्षमा खर्चको विश्लेषण गर्दा असार महिनामा भएको औसत खर्च कुल खर्चको २३.१० प्रतिशत छ। आर्थिक वर्ष २०७३/७४ मा कुल खर्चको २७.७४ प्रतिशत रकम असार महिनामा खर्च भएको थियो। आर्थिक वर्ष २०७७/७८ को असार महिनामा त्यस्तो खर्च २२.२३ प्रतिशत रहेको उल्लेख छ।

सरकारको सञ्चित घाटा निरन्तर बढ्दै गएको पनि अर्थमन्त्री शर्माले बताए। २०७४ चैतमा तत्कालीन सरकारले जारी गरेको श्वेतपत्रमा उक्त आर्थिक वर्षको अन्त्यमा कोष ४८ अर्बले सञ्चित घाटामा रहेको जनाइएको थियो। त्यसपछिका वर्षमा पनि सञ्चित घाटामा सुधार आएन, झन् बढ्दै गयो। जसअनुसार आर्थिक वर्ष २०७६/७७ मा यस्तो घाटा २ खर्ब १६ अर्ब र आर्थिक वर्ष २०७७/७८ को अन्त्यमा १ खर्ब ४३ अर्ब रूपैयाँ रहेको पनि अर्थमन्त्री शर्माले बताए। 'देशमा अझै पनि १८.७ प्रतिशत नागरिक गरिबीको रेखामुनि रहेका छन्। कोभिड महामारीबाट आर्थिक गतिविधि र रोजगारीमा आएको संकुचनका कारण गरिब र सीमान्तकृत समूह सबैभन्दा जोखिममा परेको छ,' उनले भने, 'कोरोना महामारीको दोस्रो लहरले गरिबी र बेरोजगारीको संख्या थप बढ्ने देखिएको छ।'

राष्ट्रिय ध्वजावाहक नेपाल वायुसेवा निगमलाई सरकारको जमानीमा वित्तीय संस्थाबाट ऋण उपलब्ध गराई नयाँ जहाज खरिद गरिएको थियो। तर व्यवस्थापकीय अक्षमताका कारण व्यापार प्रवर्द्धन हुनुको सट्टा वित्तीय अवस्था झन् कमजोर भई ऋणको दायित्व बढ्दै गएको पनि सरकारले आरोप लगाएको छ।

अघिल्लो सरकारले राष्ट्रिय गौरवका आयोजनाको निर्माण र रूपान्तरणमा पनि राम्रो काम गर्न नसकेको आरोप सरकारले लगाएको छ। 'यस्ता आयोजनाहरूको कार्यान्वयनमा समस्याहरूको निरन्तरता देखिएको छ। वित्तीय प्रगतिको हिसाबले पनि आर्थिक वर्ष २०७७/७८ मा राष्ट्रिय गौरवका आयोजनामा विनियोजित रकमको ५८ प्रतिशत मात्र खर्च हुन सकेको छ। यी आयोजनाहरूमध्ये कुनै पनि आयोजना पूर्वनिर्धारित समय तथा लागत एवम् गुणस्तरीय रूपमा सम्पन्न हुन सकेनन्,' अर्थमन्त्रीले भने। समस्याहरूको सही विश्लेषण नहुँदा मेलम्ची खानेपानी जस्तो राष्ट्रिय महत्त्वको आयोजनामा पनि प्रतिकूल प्रभाव परेको सरकारले बताएको छ। 'आयोजना कार्यान्वयनमा रहेका विविध कमजोरीका कारण माथिल्लो तामाकोसी जस्तो बहुप्रतीक्षित आयोजना पनि उद्घाटनपछि तत्काल बन्द गर्नकक्परेको अवस्था छ,' अर्थमन्त्री शर्माले भने।

राजस्व संकलन र परिचालनमा पनि अघिल्लो सरकार चुकेको आरोप अर्थमन्त्री शर्माले लगाए। देशको राजस्व मूलतः आयातमा आधारित रहेकाले बढ्दा राजस्व बढ्ने र घट्दा राजस्व घट्ने प्रवृत्ति छ। विगत केही वर्षदेखि जीडीपीको अनुपातमा कुल राजस्व परिचालन बढ्दै गएको भए तापनि आम्दानी दिगो नहुँदा राजस्व परिचालनमा दिगोपना कायम हुन नसकेको अर्थमन्त्री शर्माले बताए।

आर्थिक वर्ष २०७७/७८ मा कुल राजस्व ९ खर्ब ३८ अर्ब रूपैयाँ संकलन भएकोमा, संघीय राजस्व ८ खर्ब २९ अर्ब संकलन भएको देखिन्छ। यो रकमले चालु खर्च धान्नसमेत पर्याप्त नभएको अर्थमन्त्रीले बताए। आर्थिक वर्ष २०७३/७४ को जीडीपीको अनुपातमा कुल राजस्व परिचालन १९.८ प्रतिशत थियो। आर्थिक वर्ष २०७७/७८ मा उक्त अनुपात २२.० प्रतिशत छ। 'आर्थिक वर्ष २०७३/७४ मा संकलित कुल राजस्वमध्ये भन्सार बिन्दुबाट संकलित राजस्वको अंश ४१ प्रतिशत रहेकामा आर्थिक वर्ष २०७७/७८ उक्त अनुपात ४४.७ प्रतिशत छ,' अर्थमन्त्री शर्माले भने, 'उपभोग तथा आयातमा आधारित राजस्वलाई उत्पादनमुखी राजस्व प्रणालीमा रूपान्तरण गर्दै फराकिलो दायरा भएको, चुहावटरहित, सरल, सबल र दिगो बनाउने गरी स्रोत परिचालन गर्दै जानुपर्ने आवश्यकता छ।'

अन्तर्राष्ट्रिय विकास सहायता परिचालनमा पनि अघिल्लो सरकार चुकेको आरोप अर्थमन्त्री शर्माले लगाए। 'वैदेशिक सहायता परिचालनबाट प्रभावकारी नतिजा हासिल गर्न नसकिएको स्थितिमा वार्षिक बजेटको आकार कृत्रिम रूपमा बढाउनमा समेत यसलाई प्रयोग गरिएको देखिन्छ,' उनले भने। आर्थिक वर्ष २०७३/७४ मा वैदेशिक सहायताको अनुमान ३ खर्ब २७ अर्ब गरिएकोमा १ खर्ब ४९ अर्ब अर्थात् अनुमानको ४५.६ प्रतिशत मात्र प्राप्त भएको थियो। आर्थिक वर्ष २०७७/७८ मा वैदेशिक सहायतातर्फ करिब ३ खर्ब ६० अर्बको अनुमान रहेकोमा १ खर्ब ६३ अर्ब अर्थात् ४५ प्रतिशत प्राप्त भएको सरकारले जनाएको छ। 'आर्थिक वर्ष २०७८/७९ को विनियोजन अध्यादेशमा वैदेशिक सहायताको स्रोत अनुमान ३ खर्ब ७३ अर्ब रूपैयाँ गरिएको छ,' अर्थमन्त्री शर्माले भने, 'जुन अघिल्लो आर्थिक वर्षको वास्तविक खर्चको २ सय २९ प्रतिशतले बढी हुन आउँछ।'

वैदेशिक सहायता परिचालन गर्दा पर्याप्त मात्रामा तयारी गरी परियोजनाहरूको गहन विश्लेषण गर्नकक्पर्ने मान्यता रहे पनि सोको प्रभावकारी कार्यान्वयन नभएको उल्लेख गरिएको छ। साथै अनुत्पादक क्षेत्रमा समेत सहायता परिचालन हुँदा वैदेशिक सहायताको प्रभावकारिता बढ्न नसकेको स्पष्ट गरिएको छ। वैदेशिक सहायताको प्रभावकारिता अभिवृद्धि गर्न विकास साझेदार तथा सरकार दुवै पक्षले संयुक्त प्रयास गर्नकक्पर्ने आवश्यकता औंल्याइएको छ।

तीन आर्थिक वर्षमा औसत उपभोक्ता मूल्यवृद्धिदर ५ प्रतिशतको रहेकोमा आर्थिक वर्ष २०७७/७८ को ११ महिनामा औसत ३.६ प्रतिशत छ। यद्यपि पछिल्लो समयमा आर्थिक गतिविधिमा हुँदै गरेको विस्तार तथा अन्तर्राष्ट्रिय बजारमा पेट्रोलियम पदार्थमा भएको मूल्यवृद्धिका कारण मुलुकमा समग्र मूल्यवृद्धि उच्च दरले बढ्ने जोखिम देखिएको पनि श्वेतपत्रमा उल्लेख छ।

'कोभिड-१९ महामारीका कारण उपभोग तथा आर्थिक गतिविधि सुस्त भएकाले २०७६/७७ मा आयातमा उल्लेख्य कमी आएबाट शोधानान्तर स्थिति २ खर्ब ८२ अर्बले बचतमा थियो,' सरकारले श्वेतपत्रमा भनेको छ, 'तर, आयातमा उच्च विस्तार एवम् सेवा आयमा संकुचनलगायत कारण आर्थिक वर्ष २०७७/७८ को एघार महिनामा शोधानान्तर स्थिति १५ अर्ब १५ करोडले घाटामा छ।' बढ्दो आयातले मुलुकको विदेशी मुद्रा सञ्चितिमा पनि असर परेको सरकारले उल्लेख गरेको छ।

प्रत्येक नेपालीलाई ५७ हजार ऋणको बोझ

प्रत्येक नेपालीको थाप्लोमा ऋणको भार करिब ५७ हजार रूपैयाँ पुगेको छ। सरकारले लिएको सार्वजनिक ऋण १७ खर्ब २९ अर्ब पुगेको छ। सार्वजनिक ऋण व्यवस्थापन कार्यालयका अनुसार आन्तरिकतर्फ ८ खर्ब १ अर्ब (४६.३४ प्रतिशत) र बाह्यतर्फ ९ खर्ब २७ अर्ब (५३.६६ प्रतिशत) छ।

यसको भाग लगाउँदा हरेक नागरिकको भागमा ५६ हजार ६ सय ८३ रूपैयाँ पर्न आउँछ। केन्द्रीय तथ्यांक विभागका अनुसार जनसंख्या ३ करोड ५ लाख २ हजार ५ सय ८५ पुगेको छ। भूकम्पपछि ऋणको ग्राफ बढेको देखिएको छ। ठूला आयोजना बनाउन ऋण लिने गरिए पनि उद्देश्यअनुसार खर्च हुन नसकेको विज्ञ बताउँछन्।

पूर्वअर्थसचिव रामेश्वर खनाल समयमै आयोजना नसकिँदा देशकै प्रतिष्ठामा आघात पर्न थालेको बताउँछन्। भन्छन्, 'आयोजना समयमै नसकिँदा ऋण पाउन समस्या हुन्छ।' खनालका अनुसार चाँडै सम्पन्न गरे बढी पैसा आउँछ। खर्च गर्न नसके नयाँ ऋण स्वीकृति हुन समस्या हुने उनी बताउँछन्।

कुन क्षेत्रका लागि कस्तो ऋण स्वीकार गर्ने, त्यसका प्राथमिकता के हुन् भन्नेमा स्पष्ट नभई ऋण लिने गरिएको पूर्वअर्थसचिव कृष्णहरि बाँस्कोटा बताउँछन्। वैदेशिक अनुदान लिन मापदण्ड भए पनि ऋणका लागि त्यस्तो व्यवस्था छैन। सरकारले श्वेतपत्र जारी गरेर मात्र ऋण लिनुपर्ने पूर्वअर्थसचिव बाँस्कोटा बताउँछन्। 'एउटै प्रयोजनका लागि धेरै पटक ऋण लिनुहुँदैन', उनी भन्छन्, 'उत्पादकत्व बढ्ने गरी ऋण लिनुपर्छ। संवेदनशील भएर वैदेशिक ऋण सदुपयोग गर्नुपर्छ।'

श्वेतपत्र जारी गरे विज्ञबाट सुझाव आउने, आयोजनाको गुणस्तर पनि सुनिश्चित हुने उनको तर्क छ। भन्छन्, 'नीति बनाएर त्यहीअनुसार ऋण लिनुपर्छ। बेला-बेला ऋणको पुनरावलोकन गर्नुपर्छ।'

अर्थमन्त्री जनार्दन शर्माले एमाले नेता विष्णुप्रसाद पौडेल अर्थमन्त्री हुँदा धेरै ऋण लिएको भन्दै संसद्मा आलोचना गरेका थिए। तर, अर्थमन्त्री शर्माले त्यसको उपयोग कुन क्षेत्रमा कसरी भइरहेको छ भन्ने खुलाएनन्।

विद्युत् आयोजना, ट्रान्सफर्मर लाइन, सडक, सिँचाइजस्ता ठूला पूर्वाधार निर्माण ऋणबाट भइरहेको छ। ठेकेदार परिचालन, समुदायको अवरोध, रूख कटानमा समस्या, बिजुली पोल सार्न झमेलाका कारण आयोजना प्रभावित हुने गरेका छन्।

पूर्वअर्थसचिव बाँस्कोटा ऋणको रकमले मन्त्रीलाई मोटर खरिद, सामाजिक सुरक्षा भत्ता, कार्यकर्तालाई प्रदान गरिरहेको बताउँछन्।

## वर्ग...

छ। यसबारे एङ्गेल्सले आफ्नो परिवार, निजी सम्पत्ति र राज्यको उत्पत्ति भन्ने रचनामा गहन विश्लेषण गर्नु भएको छ। त्यसको व्याख्या यो सक्षिप्त लेखमा संभव छैन। समाजमा परिवार, निजी सम्पत्ति र वर्गहरूको उत्पत्ति भइसकेपछि समाजमा राज्यसत्ताको आवश्यकता खडकियो भन्दै एङ्गेल्सले लेख्नु भएको छ, 'अब केबल एउटै कुराको मात्र कमी रह्यो – त्यो यस्तो संस्थाको कमी थियो, जसले केही व्यक्तिहरूले आर्जन गरेको निजी सम्पत्तिलाई गोत्र प्रणालीका साम्यवादी परम्पराहरूबाट जोगाउने काम मात्र नगरेर, र जसले पहिले निकै कम महत्व राख्ने निजी सम्पत्तिलाई पवित्र तुल्याउने मात्र नभएर, त्यस पवित्रीकरणलाई हर प्रकारले मानव समाजको सर्वोच्च उद्देश्य घोषित गरोस् र एकपछि अर्को गर्दै विकसित भएका धनोपार्जनका नयाँ नयाँ रूपहरूमा अर्थात् धन सञ्चयको निरन्तर अभिवृद्धिका सर्वव्यापी मान्यताको छाप समेत लगाइदेओस्, त्यो यस्तो संस्थाको कमी थियो, जसले समाजलाई वर्गहरूमा विभाजित गर्ने भर्खरै मात्र शुरु भएको प्रक्रियालाई मात्र नभएर ऐश्वर्यसम्पन्न वर्गले निर्धनवर्गको शोषण गर्ने अधिकार तथा सम्पन्न वर्गद्वारा विपन्न वर्ग माथिको आधिपत्यलाई चीरस्थायी तुल्याइदेओस्। ' ' अनि त्यस संस्थाको प्रादुर्भाव भयो। राज्य सत्ताको उत्पत्ति भयो।'

यसैगरी राज्यसत्ताबारे थप प्रस्टपार्दै एङ्गेल्सले भन्नु भएको छ, 'राज्यसत्ता समाज खास चरणमा विकास हुनुको परिणाम हो, यो समाज भित्र पैदाभएका आफ्नै अन्तरविरोधमा जेलिएको छ भन्ने कुराको स्वीकृति हो, यो समाज असमाधेय शत्रुतामा विभाजित छ र समाजले त्यसलाई हटाउन सकेको छैन भन्ने कुराको स्वीकृति हो। त्यही शत्रुताका कारण, विपरीत आर्थिक स्वार्थभएका ती वर्गले एक अर्कोलाई नसिध्याउन् र समाज निरर्थक द्वन्द्वमा नफसोस् भन्नका लागि, समाजभन्दा माथि देखिने यस्तो एउटा शक्तिको आवश्यकता खड्कियो जसले द्वन्द्वलाई केही मत्थर पार्न सकोस् र समाजलाई 'मिलाएर' राखोस्। समाजबाट नै पैदाभएको तर समाजभन्दा माथि राखिएको र समाजबाट अलग हुँदै गएको यही शक्ति नै राज्यसत्ता हो।' यसरी राज्यसत्ता भनेको शोषण वा अन्य जुनसुकै तरिकाबाट आर्जन गरिएको सम्पत्तिलाई पवित्रीकरण गर्ने, समाजमा विद्यमान असमाधेय अर्न्तिवरोधलाई थामथुम पार्ने र सत्ताधारी वर्गको स्वार्थको पक्षपोषण गर्ने राजनीतिक संयन्त्र हो। यसरी वर्गीय समाजको उत्पत्ति भएपछि ऐश्वर्यसम्पन्न वर्गको आर्थिक हितको संरक्षण गर्ने संस्थाका रूपमा राज्यसत्ताको जन्म भएको हो। त्यसैगरी लेनिनले राज्यसत्ता भनेको एउटा वर्गले अर्को वर्गलाई दबाउने संयन्त्र हो भन्नु भएको छ।

सुरुमा राज्य अहिले जस्तो यतिधेरै सबल र व्यवस्थित थिएन। यो क्रमशः विकसित हुँदै आएको छ। पछिल्लो स्थितिमा राज्य मुख्यतः तीनओटा अङ्गहरूमा सङ्केन्द्रित भएको छ। ती हुन् : व्यवस्थापिका, कार्यपालिका र न्यायपालिका। राज्यका यी तीन अङ्गहरूको एकमुष्ट नाम राज्यसत्ता हो र यो वर्गीय समाजमा एउटा वर्गले आफ्नो विरोधी वर्गमाथि वर्गीय अधिनायकत्व लागु गर्ने साधन हो। यी तीनओटा अङ्गहरू राज्यसत्तामा एकीकृत र केन्द्रिकृत भएका हुन्छन्, यी पृथक र असम्बन्धित वस्तु होइनन्।

यी मध्ये व्यवस्थापिकाको काम सत्ताधारी वर्गको हितमा नियम तथा कानुन बनाउने, कार्यकारिणीको काम सत्ताधारी वर्गको स्वार्थको रक्षागर्ने गरी त्यो कानुनको कार्यान्वयन गर्ने गराउने र न्यायपालिकाको काम 'तराजु' देखाएर शाषक वर्गको हितमा फैसला गर्ने अनि उक्त कानुनको संरक्षण गर्ने हो। यसलाई शक्तिको पृथकीकरण पनि भन्ने गरिन्छ। तर यथार्थमा, यो शक्तिको पृथकीकरण नभएर राज्यसत्ताको संरक्षण गर्न शाषक वर्गले गरेको कार्य विभाजन मात्र हो। त्यसमाथि, सेना तथा प्रहरी कार्यकारिणीको विस्तार हो र यसको काम उपरोक्त प्रक्रियामा बाधा अडचन आए बल प्रयोग गरेर त्यसको सुरक्षा गर्ने हो। राज्यसत्ताको संरक्षण गर्ने मुख्य शक्ति सशस्त्र बल हो। यसरी राज्यसत्ता अन्ततः बन्दुकको बलमा टिकेको हुन्छ।

वर्गविभाजित समाजमा राज्यसत्ता भनेको वर्गीय स्वार्थको रक्षा गर्ने साधन हो। यसरी राज्यसत्ताले कि त शोषक तथा उत्पीडक वर्गको हितको संरक्षण गर्दछ या त शोषित तथा उत्पीडित वर्गको। शोषक र शोषित अथवा उत्पीडक र उत्पीडित दुवै थरी वर्गको स्वार्थको रक्षा गर्ने एउटै राज्यसत्ता हुनै सक्दैन। वर्ग निरपेक्ष राज्यसत्ता असंभव कुरा हो। यो राजनीति शास्त्रको आधारभूत प्रश्न हो र राजनीतिबारे थोरै मात्र चासो राख्ने जो कोही व्यक्तिले पनि यति कुरा बुझ्नै पर्छ।

यहाँनेर विशेष ध्यान दिएर बुझ्नु पर्ने अर्को विषय शासन व्यवस्था हो। एकै प्रकारको राज्यसत्ता भित्र पनि फरक फरक रूपका शासन व्यवस्थाहरू हुन सक्छन्। जस्तो निरङ्कुश राजतन्त्र, सम्बैधानिक राजतन्त्र, गणतन्त्र आदि। गणतन्त्र पनि विभिन्न थरिका हुन्छन्। जस्तो, धर्मतन्त्र, सैन्य गणतन्त्र, संसदीय गणतन्त्र, नयाँ जनवादी गणतन्त्र, समाजवादी गणतन्त्र आदि। यी मध्ये केहीले शोषक वर्गको र केहीले शोषित वर्गको हितको संरक्षण गर्छन्। जस्तो निरङ्कुश राजतन्त्र, सम्बैधानिक राजतन्त्र, धर्मतन्त्र, सैन्य गणतन्त्र, संसदीय गणतन्त्र आदिमा शोषक वर्गले राज्यसत्ताको नेतृत्व गर्ने हुनाले ती शोषक वर्गको हितगर्ने शासन व्यवस्था हुन्। यी सबै शासन व्यवस्थामा प्रतिक्रियावादी अर्थात् शोषक तथा उत्पीडक वर्गका लागि लोकतन्त्र र शोषित वर्गमाथि अधिनायकत्व हुन्छ। यी सबै शासन व्यवस्थाका बीच रूपमा केही फरक देखिए पनि सारमा त्यस्तो कुनै आधारभूत भिन्नता हुँदैन।

अर्कोतिर, नयाँ जनवादी गणतन्त्र र समाजवादी गणतन्त्र उत्पीडित तथा शोषित वर्गका गणतन्त्रहरू हुन्। यी मध्ये पहिलोमा सर्वहारा वर्गले राज्यसत्ताको नेतृत्व गर्छ, आम उत्पीडित वर्गका लागि लोकतन्त्र हुन्छ र आम उत्पीडित वर्गले दलाल तथा नोकरशाही पुँजीपति र सामन्त वर्गमाथि जनवादी अधिनायकत्व लागु गर्छ। दोस्रोमा, सर्वहारा वर्गले राज्यसत्ताको नेतृत्व गर्छ, सर्वहारा वर्गका लागि लोकतन्त्र हुन्छ र पुँजीपति वर्गमाथि अधिनायकत्व लागु गर्छ। यसरी गणतन्त्र नै भए पनि त्यो गणतन्त्र कसको पक्षका छ भन्ने कुरा शासन व्यवस्थामा सत्ताको नेतृत्व कुन वर्गले गरेको छ भन्ने कुराले निर्धारण गर्दछ, शासन व्यवस्थाको नामले होइन।

अर्को कुरा, उपरोक्त प्रतिक्रियावादी शासन व्यवस्थाहरूका बीचमा रूपमा केही फरक अवश्य हुन्छ। निरङ्कुश राजतन्त्र भन्दा सम्बैधानिक राजतन्त्र र सम्बैधानिक राजतन्त्र भन्दा संसदीय लोकतान्त्रिक गणतन्त्र केही प्रगतिशील हुन्छ। त्यस्तै धर्मतन्त्र र सैन्य गणतन्त्र भन्दा सम्बैधानिक राजतन्त्र र संसदीय गणतन्त्र केही प्रगतिशील हुन्छन्। तर, यी सबै खाले शासन व्यवस्थामा राज्यसत्ताको नेतृत्व गर्ने शक्ति प्रतिक्रियावादी वर्गनै हुने हुनाले यस्ता राजनीतिक परिवर्तनका कारण उत्पीडित वर्गको अर्थ-सामाजिक स्थितिमा आधारभूत फरक पर्दैन। त्यसै भएर प्रतिक्रियावादी शासकहरूले शासन व्यवस्थाका विभिन्न रूपहरूको विकल्पमा क्रान्तिकारीहरूलाई अलमल्याएर आफ्नो राज्यसत्ता टिकाउन कोशिस गरिराखेका हुन्छन्। एउटा क्रान्तिकारीले कहिल्यै भुल्नै नहुने कुरा के हो भने शासन व्यवस्थामा होइन राज्यसत्तामा हुने आमूल परिवर्तन क्रान्तिको आधारभूत सर्त हो।

यसरी उत्पीडक वा उत्पीडित जुनसुकै वर्ग होस् त्यसले आफ्नो वर्गको हितको रक्षागर्नका लागि आफ्नै व्यवस्थापिका, आफ्नै कार्यपालिका र आफ्नै न्यायपालिका अर्थात् आफ्नै राज्यसत्ता निर्माण गर्नु अनिवार्य छ। वर्तमान साम्राज्यवादी युगमा सर्वहारा वर्गको प्रतिनिधि बुर्जुवा संसदमा सहज ढङ्गले निर्वाचित हुन सक्दैन, केही निर्वाचित भइहाले पनि संसदबाट घरेलु प्रतिक्रियावाद र साम्राज्यवाद तथा विस्तारवादका विरुद्ध कानुन बनाउन संभव छैन, केही जनपक्षीय कानुन बनिहाले पनि कार्यकारिणीले त्यसलाई लागु गर्दैन र लागु गर्न खोजे त्यसलाई न्यायपालिकाले उल्टाइदिन्छ। सडकबाट जनताको बलमा जनपक्षीय कानुन बनाएर कार्यान्वनमा जाने स्थिति भए अन्ततः त्यसलाई बल प्रयोग गरेर सत्ताले ध्वस्त पारिदिन्छ। आवश्यक परे आफ्ना दलालहरूको रक्षा गर्न साम्राज्यवाद अगाडि आउँछ। गणतन्त्र स्थापना भएपछि पहिलो प्रधानमन्त्री प्रचण्डले तत्कालीन सेनापति रुक्मागत कटुवाललाई हटाउँदा आखिर आफैले राजीनामा दिनु परेको घटनाले विषय कति संवेदनशील छ भन्ने प्रस्ट हुन्छ।

त्यसकारण उत्पीडित श्रमजीवी वर्गले पुरानो राज्ययन्त्रलाई प्रयोग गरी विरोधी वर्गमाथि अधिनायकत्व लागु गरेर आफ्नो लोकतन्त्रको रक्षा र अभ्यास गर्न सक्दैन। त्यसका लागि, पुरानो राज्यसत्ताका सम्पूर्ण अवयवलाई ध्वस्त पारेर आफ्नै सेना, प्रहरी र नोकरशाही तन्त्रको समेत निर्माण गर्नु पर्दछ। पेरिस कम्युनको असफलता पछि मार्क्सले सश्लेषण गर्नु भएको कुरा यही हो। यसबारे मार्क्स भन्नु हुन्छ, 'श्रमजीवी वर्गले पुरानो राज्यको बनिबनाउ संयन्त्रलाई आफ्नो उद्देश्यका लागि प्रयोग गर्न सक्दैन।' यो राजनीतिक क्रान्तिको आधारभूत प्रश्न हो।

नेपालमा धेरै पटक शासन व्यवस्थामा परिवर्तन भएको छ। ००७ सालमा राणा शासन गयो, संसदीय लोकतन्त्र आयो, जनताको आर्थिक जीवनमा केही परिवर्तन भएन। पछि संसदीय लोकतन्त्र अफाप सिद्ध भयो भनेर पञ्चायत ल्याइयो, जनताको जीवनस्तर पटक्कै सुध्रिएन। त्यसपछि पञ्चायत गयो, सम्बैधानिक राजतन्त्र आयो, त्यसले भएन भनेर लोकतान्त्रिक गणतन्त्र पनि ल्याइयो। तर यी सबै परिवर्तनका बाबजुद जनताका समस्या समाधान भएनन्। बरु समस्या एक पछि अर्को गरी झन-झन गंभीर बन्दै गए। यसको एकमात्र कारण यी सबै राजनीतिक परिवर्तनमा शासन व्यवस्था फेरिए तर राज्यसत्ता बदलिएन। देश अर्ध-सामन्ती र अर्ध/नव-औपनिवेशिक उत्पीडनबाट मुक्त नहुँदासम्म जनताको अवस्था अरु विग्रन्छ, सप्रेर जाँदैन। गुदी कुरा यही हो।

राजनीतिक छलफलका क्रममा आफूलाई बुद्धिजीवी ठान्ने केही साथीहरूले के भन्ने गर्छन् भने तपाइँहरूले भनेको अरु सबै कुरा ठीकै हो तर अव क्रान्तिका लागि भनेर हतियार उठाउने कुरा नगर्नुस्। ती साथीहरूको यो तर्क सुन्दा कहिले काहीँ आफैलाई आश्चर्य लागेर आउँछ। त्यस्ता साथीहरूसँग मेरो विनम्र अनुरोध के छ भने अहिलेसम्म खास परिवर्तन नै भएन देश र जनताका समस्या झन झन विकराल बन्दै गए भन्ने ठान्नु हुन्छ भने राज्यसत्ताको परिवर्तन शान्तिपूर्ण ढङ्गबाट संभव छैन हतियार उठाउन आवश्यक छ भन्ने कुरा तपाइँले स्वीकार्नु पर्छ। त्यसका विधि र तरिकाबारे छलफल गर्न सकिन्छ। होइन, हतियार उठाउन सकिन्न भन्नु हुन्छ भने साम्राज्यवाद तथा विस्तारवादको उत्पीडन र दलाल एवम् नोकशाही पुँजीपति वर्ग र सामन्त वर्गद्वारा प्रतिक्रियावादी सत्ता मार्फत् देश र जनतामाथि गरिएको शोषण, दमन तथा उत्पीडनलाई नियति ठानेर त्यसको विरोध गर्न छाडिदिनु पर्छ। एउटा मात्र कुरा गरौं, दुइटा भिन्न कुरा गरेर आफूलाई भोलाभाला वा अवसरवादी बुद्धिजीवी सावित नगरौं।

आमुल राजनीतिक परिवर्तन अर्थात् नयाँ जनवादी क्रान्ति हिन्दी सिनेमाको हिरो जस्तो एकदुई जना बहादुरले गर्न सक्ने काम होइन। यो मार्क्सवाद- लेनिनवाद- माओवादको वैचारिक मार्गदर्शन, सर्वहारा वर्गको सचेत नेतृत्व र मजदुर, किसान तथा आम उत्पीडित जनसमुदायको सक्रिय सहभागितामा हुने अत्यन्त कष्टसाध्य काम हो। यसले कठोर त्याग र तपस्याको माग गर्दछ। मार्क्सवादको रामनामी जपेर संसदीय अभ्यासबाट समाजवाद आउने भए शायद विश्वले यतिबेला साम्यवादको अभ्यास गरिरहेको हुन्थ्यो। क्रान्तिका लागि संशोधनवादका विरुद्ध दरोसँग उभिएर क्रान्तिकारी बाटो पहिल्याउनु पर्दछ। अहिले नेपालको आवश्यकता नयाँ जनवादी क्रान्ति हो र राज्यसत्ता बाहेक अरु सबै भ्रम हो। *मङ्सिर ५, २०७८*


**यी जनपक्षीय मिडियाहरू खोजी खोजी पढौं !**

- www.moolbato.com
- www.daunnenews.com
- www.isthaniyapatra.com
- www.navadristi.com
- www.hamrokalapani.com
- www.hamroonline.com
- www.newsabhiyan.com
- वर्गदृष्टि साप्ताहिक
- दाउन्ने साप्ताहिक
- स्थानीयपत्र साप्ताहिक
- छापामार साप्ताहिक
- नयाँ कोशी मासिक
- दायित्वबोध त्रैमासिक

## आलोपालो

# सार्वजनिक ऋण १७ खर्ब २९ अर्ब, प्रत्येक नेपालीलाई ५७ हजार ऋणको बोझ

● टीकाप्रसाद भट्टराई ●

*अघिल्लो सरकारले ल्याएको अध्यादेश बजेटलाई प्रतिस्थापन गर्न विधेयक ल्याउने उनले बताए । 'सत्ता सहयात्री दलबीचको साझा न्यूनतम कार्यक्रम, वर्तमान सरकारको नीति र प्राथमिकता, जनचाहना तथा कोभिड-१९ महामारीका कारण सिर्जित चुनौतीसमेतको सम्बोधन हुने गरी सुधार गर्न छिट्टै नै प्रतिस्थापन विधेयक प्रस्तुत गर्ने छु,' अर्थमन्त्री शर्माले भने ।*

मुलुकमा हरेक वर्ष २ खर्ब रूपैयाँभन्दा बढीले सार्वजनिक ऋण थपिँदै गएको सरकारी तथ्यांकले देखाएको छ। आर्थिक वर्ष २०७७/७८ मा नेपालले तिर्न बाँकी कुल सार्वजनिक ऋण १७ खर्ब २९ अर्ब रूपैयाँ पुगेको छ। शेरबहादुर देउवा नेतृत्वको वर्तमान सरकारले जिम्मेवारी सम्हाल्दा देशको अर्थतन्त्रका सूचकहरू के कस्तो अवस्थामा रहेका छन् भन्ने विषयमा अर्थमन्त्री जनार्दन शर्माले संसद्मा तथ्यांकीय झलक प्रस्तुत गरेका छन् ।

आर्थिक वर्ष २०७३/७४ को तुलनामा गत आर्थिक वर्षको अन्त्यसम्म यस्तो ऋण करिब १४८ प्रतिशतले बढेको अर्थमन्त्रीले बताए। आर्थिक वर्ष २०७३/७४ मा कुल तिर्न बाँकी सार्वजनिक ऋण ६ खर्ब ९८ अर्ब रूपैयाँ थियो। यो सोही अवधिको कुल गार्हस्थ्य उत्पादन (जीडीपी) को २२.७ प्रतिशत हो। गत आर्थिक वर्ष २०७७/७८ मा तिर्न बाँकी सार्वजनिक ऋण जीडीपीको ४०.५ प्रतिशत पुगेको छ। जीडीपीका हिसाबले यो हालसम्मकै उच्च हो। गत आर्थिक वर्षको अन्त्यसम्म कुल तिर्न बाँकी ऋणमध्ये ८ खर्ब १ अर्ब आन्तरिक ऋण र ९ खर्ब २८ अर्ब बाह्य ऋण छ।

ओली सरकारले अनुत्पादक क्षेत्रमा धेरै रकम खर्च गरेकाले तिर्न बाँकी सार्वजनिक ऋण उल्लेख्य रूपमा बढेको आरोप अर्थमन्त्री शर्माले लगाए। 'सार्वजनिक ऋणको भार बढ्दै जाने र त्यसको उत्पादनशील क्षेत्रमा परिचालन हुन नसक्ने अवस्थाले भविष्यमा विकासका लागि स्रोतको अभाव हुन सक्ने र विकास वित्त परिचालनका लागि उच्च लागत पर्न जाने जोखिम बढेको छ,' उनले भने। त्यसो त पूर्वप्रधानमन्त्री केपी शर्मा ओली सरकारमा रहेकै अवधिमा मात्र करिब सवा ८ खर्ब रूपैयाँ सार्वजनिक ऋण थपिएको छ।

आर्थिक वर्ष २०७७/७८ मा आन्तरिक ऋण २ खर्ब २४ अर्ब र वैदेशिक ऋण १ खर्ब ४० अर्ब रूपैयाँ गरी जम्मा ३ खर्ब ६४ अर्ब रूपैयाँ (अर्थात् कुल संघीय खर्चको ३०.८ प्रतिशत) परिचालन भएको अर्थमन्त्री शर्माले बताए। 'सार्वजनिक ऋण उल्लेख्य रूपमा वृद्धि हुँदै गए पनि आर्थिक वृद्धि तथा विकासमा अपेक्षित प्रतिफल हासिल हुन सकेन,' अर्थमन्त्रीले थपे।

अघिल्लो सरकारले ल्याएको अध्यादेश बजेटलाई प्रतिस्थापन गर्न विधेयक ल्याउने उनले बताए। 'सत्ता सहयात्री दलबीचको साझा न्यूनतम कार्यक्रम, वर्तमान सरकारको नीति र प्राथमिकता, जनचाहना तथा कोभिड-१९ महामारीका कारण सिर्जित चुनौतीसमेतको सम्बोधन हुने गरी सुधार गर्न छिट्टै नै प्रतिस्थापन विधेयक प्रस्तुत गर्नेछु,' अर्थमन्त्री शर्माले भने।

मन्त्री शर्माले भूकम्पबाट प्रभावित अर्थतन्त्र विस्तारै सकारात्मक दिशातर्फ अघि बढिरहेको अवस्थामा कोभिड-१९ महामारीले पुनः शिथिल बनेको बताए। अघिल्लो सरकारले बजेट कार्यान्वयन क्षमतासँग मेल नखाने गरी प्रचारात्मक ढंगले बजेटको आकार वृद्धि गरेको आरोप पनि अर्थमन्त्री शर्माले लगाए। 'आर्थिक वर्षको अन्तिम महिनामा उल्लेख्य खर्च हुने गरेबाट वित्तीय अनुशासन कायम रहन नसकेको तथा बजेटको प्राथमिकता र कार्ययोजनाअनुरूप खर्च हुन नसकेको देखिन्छ,' उनले भने, 'यसकारण सरकारी खर्च बढ्दै गए पनि चालु खर्चको तुलनामा पुँजीगत खर्च बढ्न नसकेको हो।' विगतको सरकारले कोषको अवस्थामा ध्यान नदिई काम गर्दा बजेटप्रतिको विश्वसनीयतामा ह्रास आएको, विनियोजित रकम खर्च हुन नसक्दा अपेक्षित उपलब्धि हासिल नभएको र बजेटभन्दा बाहिर गएर स्रोत सुनिश्चितता सहमति दिइएकाले जनविश्वास गुम्दै गएको उनले आरोप लगाए। 'उदाहरणका लागि सडक पूर्वाधारतर्फ झन्डै ३ खर्ब रूपैयाँको र रेल पूर्वाधारतर्फ ५७ अर्ब रूपैयाँ विनियोजन बाहिरको स्रोत सुनिश्चितताको दायित्व बाँकी रहेको छ,' उनले भने।

यस्तै, आर्थिक वर्ष २०७७/७८ मा संघीय सरकारको *बाँकी ७ पेजमा*

# एक एक रूपैयाँ उठाएको चन्दा विद्यार्थीहरूले बुझाए आयल निगमलाई, गेटमा नाराजुलुस गर्दा प्रहरीसँग धकेलाधकेल

काठमाडौं। संयुक्त विद्यार्थी सङ्गठनले पेट्रोलियम पदार्थको मूल्य वृद्धि फिर्ता लिन माग गर्दै चन्दा उठाएको रकम नेपाल आयल निगमको कार्यालयमा बुझाएका छन्। विभिन्न पार्टीका ६ वटा विद्यार्थी सङ्गठनले केही दिनअघि विरोध स्वरूप काठमाडौंको रत्नपार्कको शान्तिबाटिकामा एक एक रूपैयाँ चन्दा उठाएका थिए।

उठाइएको चन्दा आज संयुक्त विद्यार्थी सङ्गठनका नेताहरूले नेपाल आयल निगमका कर्मचारीलाई बुझाउन खोजे पनि कर्मचारीले लिन अस्वीकार गरेपछि कार्यालयको मूल गेटमा राखेर फर्किएका छन्।




आफूहरू आउने थाहा पाएपछि निगमका कार्यकारी निर्देशक सुरेन्द्र पौडेल पहिले नै भागिसकेका र अरू कर्मचारीलाई बुझाउन खोज्दा उनीहरूले नलिएपछि चन्दाको रकम निगमको कार्यालयको गेटमा राखेको अखिल क्रान्तिकारीका अध्यक्ष हरिकृष्ण गजुरेलले जानकारी दिनुभयो।

विद्यार्थीले निगमको गेट अगाडि नाराबाजी गर्न थालेपछि प्रहरी र विद्यार्थीबिच केही बेर ठेला ठेल भएको थियो। पेट्रोलियम पदार्थमा भएको मूल्य वृद्धि जहिलेसम्म फिर्ता हुँदैन त्यति बेलासम्म आफूहरूको आन्दोलन चलिरहने अध्यक्ष हरिकृष्ण गजुरेलले बताउनुभयो।


## विवाह गर्न नगरौ हतार, जरूरी छ शिक्षा र संस्कार

➢ बीस वर्ष पुगेपछि मात्र विवाह गरौं र गराऔं ।

➢ उमेर पुग्नुअघिको विवाह सामाजिक र कानुनी अपराध हो ।

➢ त्यस्तो अपराध गर्नेलाई जरिवाना र कैद सजाय दुवै हुने कानुनी व्यवस्था छ ।

नेपाल सरकार

विज्ञापन बोर्ड












**प्रकाशक** : वर्गदृष्टि मिडिया प्रा.लि., **प्रबन्ध निर्देशक** : हुकुमबहादुर सिंह, **सम्पादक** : इन्द्रबहादुर राउत, **फोटोः** जय दाहाल, **कार्यालय** : काठमाडौं-१०, बुद्धनगर **सम्पर्क नं.** : ९८५१०७६८६४, ०१-५२६०११२ **इमेल** : bargadristi073@gmail.com, **मुद्रण** : सुजल अफसेट प्रेस, बागबजार, काठमाडौं ।